पुस - १

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष ३०, अङ्क १७ **२०७८, पुस १-१५** पूर्णाङ्क ७०७



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री ध्रुवकुमार ढकाल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री भीमराज घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री निलदेव रिजाल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | ५ |
| इजलास नं. १ | ८ |
| इजलास नं. २ | ६ |
| इजलास नं. ३ | १ |
| इजलास नं. ४ | १ |
| इजलास नं. ५ | ७ |
| इजलास नं. ६ | ११ |
| इजलास नं. ७ | २ |
| **जम्मा** | **४१** |

| | |
|---|---|
| इजलास नं. ८ | २ |
| इजलास नं. ९ | १ |
| इजलास नं. १० | ५ |
| इजलास नं. ११ | ३ |
| इजलास नं. १२ | ५ |
| इजलास नं. १६ | १ |
| **जम्मा** | **१७** |

**कूल जम्मा ४१ + १७ = ५८**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७८, पुस – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ – ४** |
| १. | जबरजस्ती करणी | नेपाल सरकार वि. प्रेम गुरूङ भन्ने अभिषेक गुरूङ | १ |
| २. | उत्प्रेषण / परमादेश | अवधलाल साह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | २ |
| ३. | उत्प्रेषण | फुलोदेवी चौधरी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत | ३ |
| **इजलास नं. १** | | | **४ – १३** |
| ४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बालकुमारी नेपाली | ४ |
| ५. | अपहरण तथा शरीर बन्धक एवं सङ्गठित अपराध | नेपाल सरकार वि. श्रीभगवान सिंहसमेत | ५ |
| ६. | उत्प्रेषण / परमादेश | कन्हाई महत्तो धानुकसमेत वि. श्रम अदालत अनामनगर काठमाडौंसमेत | ६ |
| ७. | सामाजिक सुरक्षा भत्ता अनियमितता गरी भ्रष्टाचार गरेको | नेपाल सरकार वि. महमद मसुर खाँसमेत, महमद मसुर खाँ वि. नेपाल सरकार | ८ |
| ८. | बैंकिङ कसुर | नेपाल सरकार वि. कल्पना रावत | १० |
| ९. | बैंकिङ कसुर | नेपाल सरकार वि. EKREM ORMANCI | ११ |
| १०. | परमादेश | बेखाराम महर्जनसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत | १२ |
| **इजलास नं. २** | | | **१३ – १७** |
| ११. | उत्प्रेषण | राम विनय साहसमेत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं | १३ |
| १२. | उत्प्रेषण | माधव गौतम वि. एसियन रिजोर्ट एन्ड टुरिज्म प्रा.लि., प्रसूति मार्ग | १३ |

| | | | |
|---|---|---|---|
| १३. | निषेधाज्ञा / परमादेश | नेत्रबहादुर घिसिङ वि. कुन्छाङ्ग तामाङसमेत | १४ |
| १४. | उत्प्रेषण / परमादेश | विनोदकुमार मण्डल वि. हरिदेव यादव | १५ |
| १५. | निषेधाज्ञा | धनबहादुर खड्कासमेत वि. गंगामाया दाहालसमेत | १५ |
| १६. | उत्प्रेषण | आइत सिंह तामाङ वि. मध्य क्षेत्रीय सशस्त्र प्रहरी बल, मुख्यालय, रूद्रबाहिनी, पथलैयासमेत | १६ |
| **इजलास नं. ३** | | | १७ |
| १७. | बन्दी प्रत्यक्षीकरण | गोपाल चन्द वि. गृह मन्त्रालय सिंहदरबार, काठमाडौं | १७ |
| **इजलास नं. ४** | | | १७ – १८ |
| १८. | कर्तव्य ज्यान | पप्पुकुमार राउत वि. नेपाल सरकार | १७ |
| **इजलास नं. ५** | | | १८ – २५ |
| १९. | उत्प्रेषण / परमादेश | बबिता थापा वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं | १८ |

| | | | |
|---|---|---|---|
| २०. | भ्रष्टाचार | नेपाल सरकार वि. तीर्थराज भट्टराईसमेत | १९ |
| २१. | ठगी | नेपाल सरकार वि. पुरूषोत्तम कुमार भण्डारीसमेत | २० |
| २२. | नक्कली (खोटा) मुद्रा चलन | सुमन कल्याण अर्याल वि. नेपाल सरकार | २२ |
| २३. | बैंकिङ कसुर | नेपाल सरकार वि. दिपेन्द्रकुमार पटेल | २३ |
| २४. | कित्ताकाट दर्ता | दयालक्ष्मी मुस्याज्यू वि. कृष्णप्रसाद मुस्याज्यूसमेत | २३ |
| २५. | लागु औषध ब्राउन सुगर | नेपाल सरकार वि. वकिल खाँ | २४ |
| **इजलास नं. ६** | | | २५ – ३६ |
| २६. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. सुनिलप्रसाद पन्तसमेत | २५ |
| २७. | जग्गा खिचोला चलन बाली बिगो | खोपकुमारी कार्की वि. उजुरबहादुर बुढाथोकीसमेत | २६ |
| २८. | उत्प्रेषण / परमादेश | राजेन्द्र नेपाली वि. उच्च अदालत पोखरासमेत | २७ |

| | | | |
|---|---|---|---|
| २९. | बन्दी प्रत्यक्षीकरण | संजित मानन्धर वि. त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचर काठमाडौंसमेत | २८ |
| ३०. | कर्तव्य ज्यान | विनोदकुमार यादव वि. नेपाल सरकार | २९ |
| ३१. | जग्गा खिचोला घर उठाई चलन | बेचनी देवी वि. प्रितम मोचीसमेत | ३० |
| ३२. | उत्प्रेषण | जितेन्द्रकुमार महतो वि. पुनरावेदन अदालत जनकपुरसमेत | ३१ |
| ३३. | जालसाजी | नन्दकिसोर महतो चाई वि. देवनन्दन महतो चाईसमेत | ३२ |
| ३४. | कानून व्यवसायी आचार संहिताविपरीत कार्य गरेको | अधिवक्ता चन्दनराज रेग्मी वि. लयप्रसाद बास्कोटा | ३४ |
| ३५. | उत्प्रेषण / परमादेश | जगदिश आचार्य वि. प्रहरी प्रधान कार्यालय, प्रबन्ध शाखा नक्साल काठमाडौंसमेत | ३४ |
| **इजलास नं. ७** | | | **३६ – ३८** |
| ३६. | उत्प्रेषण / परमादेश | वर्ल्ड वाइड कन्स्ट्रक्सन प्रा.लि, बानेश्वरसमेत वि. काठमाडौं महानगरपालिकासमेत | ३६ |
| ३७. | बन्दी प्रत्यक्षीकरण | किशोर श्रेष्ठ वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत | ३८ |
| **इजलास नं. ८** | | | **३८ – ३९** |
| ३८. | लागु औषध अफिमसमेत | नेपाल सरकार वि. जिवन तामाङसमेत | ३८ |
| ३९. | उत्प्रेषण / परमादेश | कृष्णबहादुर कार्कीसमेत वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत | ३९ |
| **इजलास नं.९** | | | **४०** |
| ४०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रिसिराम चौधरी | ४० |
| **इजलास नं.१०** | | | **४० - ४१** |
| ४१. | जबरजस्ती करणी | प्रदिप खत्री वि. नेपाल सरकार | ४० |

| | | | |
|---|---|---|---|
| ४२. | आयकर (आ.व.०६३ / ०६४) | ठुला करदाता कार्यालय, हरिहरभवन ललितपुर वि. बाबाभेजिटेबल आयल इन्डष्ट्रिज प्रा.लि, टंकिसिनवारी मोरङ | ४१ |
| **इजलास नं.११** | | | **४१ - ४३** |
| ४३. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. किपा शेर्पा | ४१ |
| ४४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रेमसिंह गोले (तामाङ) | ४२ |
| ४५. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. अमरबहादुर थापा | ४३ |
| **इजलास नं.१२** | | | **४३ - ५१** |
| ४६. | बकसपत्र लिखत बदर गरी अंश नामसारी | निर्मला श्रेष्ठ (मल्ल) वि. श्रीमती नन्दा मल्लसमेत | ४३ |
| ४७. | झुट्टा एवं नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको | राजेन्द्र पौडेल वि. नेपाल सरकार | ४७ |
| ४८. | उत्प्रेषण | सागर झा वि. बारा जिल्ला अदालतसमेत | ४८ |
| ४९. | उत्प्रेषण | अधिवक्ता यज्ञमणी न्यौपाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ५० |
| **इजलास नं.१६** | | | **५२** |
| ५०. | बन्दी प्रत्यक्षीकरण | रामबहादुर थापासमेत वि. जिल्ला प्रहरी कार्यालय, पाल्पासमेत | ५२ |

## संयुक्त इजलास

**१**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री डम्बरबहादुर शाही,** ०७४-CR-००६६, जबरजस्ती करणी, नेपाल सरकार वि. प्रेम गुरूङ भन्ने अभिषेक गुरूङ

पीडितहरू प्रतिवादी प्रेम गुरूङ भन्ने अभिषेक गुरूङसमेतले निजहरूलाई जबरजस्ती सामूहिक करणी गरेको भनी जाहेरी दिई सोही जाहेरीलाई समर्थन हुने गरी अनुसन्धानको क्रममा कागज पनि गरेको देखिन्छ । तर पीडितहरूको स्वास्थ्य परीक्षण हुँदा निजहरूका शरीरमा कुनै बाह्य चोटपटक देखिँदैन । पीडितहरूको Vaginal Swab तथा रन्जु तामाङ र शर्मिला मगरको पेन्टीसमेत केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालामा परीक्षण हुँदा मानव वीर्य फेला परेको छैन भनी मिति २०६६।३।१७ को परीक्षण प्रतिवेदनमा उल्लेख भएको छ। जाहेरवाली रन्जु तामाङ, सावित्रा गुरूङ र शर्मिला मगरले जिल्ला अदालतमा उपस्थित भई बकपत्र गर्दा प्रतिवादी प्रेम गुरूङ भन्ने अभिषेक गुरूङले निजहरूलाई जबरजस्ती करणी गरेको कुरा लेखाउन सकेको देखिँदैन । प्रतिवादी प्रेम गुरूङ भन्ने अभिषेक गुरूङले अदालतमा उपस्थित भई बयान गर्दा आरोपित कसुरमा इन्कार रहेका छन्। पीडितहरूको शारीरिक परीक्षणबाट जबरजस्ती करणी भएको कुनै लक्षणसमेत नदेखिएबाट यी प्रतिवादीले आरोपित कसुर गरेको तथ्य मिसिल संलग्न सबुद प्रमाणबाट पुष्टि हुन आएको देखिएन । प्रस्तुत वारदातको मुख्य योजनाकार भनिएका कृष्णकुमार गुरूङलाई आरोपित कसुरमा सजाय हुने गरी भएको उच्च अदालत विराटनगर, धनकुटा इजलासको फैसलाउपर यस अदालतमा पुनरावेदन परी निज प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहरी यस अदालतबाट मिति २०७३।२।१० मा फैसला भएको देखिने।

जहाँसम्म निज प्रतिवादी वारदात स्थलमा भएको कुरा स्वीकार गरेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर छ, सोतर्फ हेर्दा प्रतिवादी प्रेम गुरूङ भन्ने अभिषेक गुरूङले अदालतमा बयान गर्दा वारदात मितिका दिन आफू वारदातस्थलमा उपस्थित भएको र स्काभेटरमा तोडफोड गरेको हुँ भनी लेखाएका छन् । यसरी यी प्रतिवादीले उक्त मितिमा भएका विभिन्न वारदातहरूमध्ये स्काभेटर तोडफोडको घटना स्वीकार गरेका छन् कुनै वारदात हुँदा घटनास्थलमा उपस्थित हुँदैमा सोही व्यक्तिले उक्त वारदात घटाएको भनी अनुमानको भरमा निजलाई सजाय गर्न मिल्दैन । वारदातमा संलग्न प्रत्येक व्यक्तिले आफूले गरेको कसुरको लागि मात्र दायित्व वहन गर्नुपर्दछ। आफूले गर्दै नगरेको कसुरको लागि कसैलाई दोषी ठहऱ्याउनु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जान्छ । प्रतिवादी प्रेम गुरूङ भन्ने अभिषेक गुरूङले आरोपित कसुर गरेको कुरा मिसिल संलग्न प्रमाणबाट शंकारहित तवरले पुष्टि हुन सकेको देखिँदैन । यसका साथै प्रस्तुत वारदातको योजनाकार भनिएका कृष्णकुमार गुरूङले यस अदालतबाट सफाइ पाउने ठहरी फैसलासमेत भएकोले निज प्रतिवादीले समेत सफाइ पाउने गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट भएको फैसलालाई अन्यथा मान्न सकिएन । प्रतिवादी प्रेम गुरूङ भन्ने अभिषेक गुरूङलाई

आरोपित कसुरमा सजाय हुनुपर्दछ भनी वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान् शाखा अधिकृतको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादी प्रेम गुरूङ भन्ने अभिषेक गुरूङले मुलुकी ऐन, जबरजस्ती करणीको १ नं., ३(४) नं. र ३क. नं. अनुसारको कसुर गरेकोले निज प्रतिवादीलाई ऐ. ३(४) नं. बमोजिम ५ वर्ष कैद सजाय र ऐ. ३क नं. बमोजिम थप ५ वर्ष कैद हुने तथा ऐ. १० नं. बमोजिम पीडितहरूले प्रतिवादीबाट जनही रू. १०,०००।– का दरले क्षतिपूर्ति पाउने ठहऱ्याई संखुवासभा जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी प्रतिवादी प्रेम गुरूङ भन्ने अभिषेक गुरूङले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७३।१०।१० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः रामु शर्मा

इति संवत् २०७६ साल जेष्ठ १ गते रोज ४ शुभम्।

## २

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. डा.श्री मनोजकुमार शर्मा**, *०६९-WO-१२६४, उत्प्रेषण/परमादेश, अवधलाल साह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

तत्कालीन अवस्थामा विद्यमान रहेको नेपालको अन्तरिम संविधान, २०६३ को धारा ९८ अनुसार प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने तथा सोही धाराको उपधारा (४) मा मन्त्रिपरिषद्मा आवश्यकताअनुसार उपप्रधानमन्त्री र अन्य मन्त्रीहरू रहने व्यवस्था भएबाट "नेपाल सरकार" भन्ने शब्दले प्रधानमन्त्रीको अध्यक्षतामा गठित मन्त्रीहरूको सामूहिक अस्तित्वलाई जनाउने भन्ने देखियो । यसबाट नेपाल सरकार भन्ने शब्दअन्तर्गत सचिव पर्ने देखिएन । गृह मन्त्रालय विरूद्ध जमुना राउत कुर्मी भएको नागरिकता बदर मुद्दा (सर्वोच्च अदालत बुलेटिन, २०७०, साउन २, पृ. १३) मा "प्रचलित कानूनले निर्णय गर्ने अधिकार नदिएको विषयमा नभएको अधिकार प्रयोग गरी गरिने कार्यको परिणाम स्वभावत: शून्य हुन्छ" भनी यस अदालतबाट फैसला भएको छ । यसरी सचिवबाट भएको निर्णय नेपाल सरकारको निर्णय मान्न नसकिएकोले अधिकार नै नभएको विषयमा सचिवबाट भएको निर्णय नेपाल नागरिकता ऐन, २०६३ को दफा १८(१) र (२) विपरीत भएकोले सो निर्णयले कानूनी मान्यता पाउन सक्ने नदेखिने।

यसका अतिरिक्त निवेदक अवधलाल साहले मिति २०६२।१०।११ मा नागरिकता प्रमाणपत्र लिँदा बाबुको नाम जोगेन्द्र साह तेली उल्लेख भएको देखिन्छ। निज अवधलाल साह जोगेन्द्र साह तेलीको छोरा नभई शिउ गुलाम साहको छोरा भएकोले निजको नागरिकताको प्रमाणपत्रमा पनि सोही बेहोरा उल्लेख गरी संशोधन गरिपाउँ भनी जिल्ला प्रशासन कार्यालय रौतहटमा अर्जुनकुमार साहको निवेदन परी सोही बेहोराअनुसार संशोधनसमेत भई अवधलाल साहको बाबुको नाम शिउ गुलाम साह कायम हुने निर्णय मिति २०६८।९।८ मा भएको देखिन्छ । तत्पश्चात् कलावती देवीसमेतले अवधलाल साहको बाबुको नाम शिउ गुलाम साह नभई जोगेन्द्र साह तेली हो । निजले बेहोरा ढाँटी शिउ गुलाम साह उल्लेख गराएकोले संशोधन गरी जोगेन्द्र साह तेली कायम गर्न जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएको देखिन्छ। यसरी निवेदक अवधलाल साहको बाबु जोगेन्द्र साह वा शिउ गुलाम

साह हो ? भन्ने कुरामा विवाद उत्पन्न भई नाता सम्बन्धको विवाद देखिन आयो । नाता सम्बन्धमा विवाद देखिएको अवस्थामा सो विवादको निरूपण गर्ने अधिकार नागरिकता ऐन, २०६३ ले जिल्ला प्रशासन कार्यालयलाई दिएको देखिँदैन । आफूलाई अधिकार नै नभएको विषयमा जिल्ला प्रशासन कार्यालय रौतहटले अवधलाल साहको बाबु कायम गर्ने गरी गरेको निर्णय कानूनसम्मत नदेखिने ।

तसर्थ विवेचित आधार, कारणबाट निवेदक अवधलाल साहले मिति २०६२।१०।११ मा लिएको नागरिकताको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय रौतहटबाट मिति २०६९।५।२३ मा भएको निर्णय र सो निर्णयको सम्बन्धमा मिति २०६९।९।५ मा गृह मन्त्रालय (सचिवस्तर) बाट भएको निर्णय नेपाल नागरिकता ऐन, २०६३ को दफा १८ विपरीत भएकोले उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब कानूनको उचित प्रक्रिया पूरा गरी पुन: निर्णय गर्नु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः रामु शर्मा
कम्प्युटर: विशाल खड्गी
इति संवत् २०७६ साल जेष्ठ २ गते रोज ५ शुभम् ।
यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७०-WO-००९६, उत्प्रेषण / परमादेश, जोगेन्द्र साह वि. गृह मन्त्रालयसमेत
- ०६९-WO-१३७८, उत्प्रेषण / परमादेश, अर्जुनकुमार साह वि. गृह मन्त्रालयसमेत

३

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७०-WO-०९३६, उत्प्रेषण, फुलोदेवी चौधरी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत*

निवेदक फुलोदेवी चौधरी लोहाले सृजना महिला सामुदायिक वन उपभोक्ता समूह गठन भएदेखि २०६९ सालमा अर्को नयाँ उपभोक्ता समूह गठन नभएसम्म सो समूहको अध्यक्ष भएको तथ्यमा विवाद छैन । निज अध्यक्ष भएको अवस्थामा आ.व. २०६८/६९ मा सो संस्थाको लेखापरीक्षण हुँदा निजको नाममा रू. ७२,०८७।-।– बेरूजु देखिएको कुरा निवेदन बेहोराबाट स्वीकार गरेको देखिन्छ । सो बेरूजु रकम रू. ७२,०८७।- निज निवेदकबाट असुलउपर गराई तीन महिनाभित्र फछ्र्यौट गर्नेतर्फ कारबाही गरी आयोगमा जानकारी पठाउन अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०७०।११।१६ मा निर्णय भएको मिसिल संलग्न सो निर्णय उतारको प्रतिलिपिबाट देखिन्छ । निवेदकले मिति २०६८।११।१३ मा लेखा परीक्षक इश्वरमणी राउतले गरेको लेखापरीक्षण समितिले अनुमोदन नगरेसम्म कानूनी रूपमा मान्यता प्राप्त गर्न सक्दैन भनी दाबी लिए पनि यी निवेदक फुलोदेवी चौधरी समूहको अध्यक्ष भएकै बेला निजको अध्यक्षतामा मिति २०६९।२।४ मा बसेको समिति तथा उपभोक्ताहरूको बैठकले उक्त लेखापरीक्षण प्रतिवेदन अनुमोदन गरेको सो बैठकको निर्णय प्रतिलिपिबाट देखिन्छ । सोही निर्णय प्रतिलिपिमा बेरूजु देखिएको रू. ७२,०८७।- अध्यक्षबाट १५ दिनमा जम्मा गर्ने निर्णय भएको देखिन्छ । यसरी आफू अध्यक्ष भएकै बेला समितिले सर्वसम्मत अनुमोदन गरेको र निजकै अध्यक्षतामा बसेको बैठकले निजबाट उक्त रकम जम्मा गराउने निर्णय गरेको देखिएको हुँदा अब

आएर उक्त लेखापरीक्षण प्रतिवेदनमा नै प्रश्न उठाउन मिल्दैन। लेखापरीक्षणबाट निज निवेदकको नाममा बेरूजु देखिएको रकम बुझाई फछ्र्यौट गर्ने दायित्व निज निवेदकको भएकोमा निज सो दायित्वबाट पन्छिन मिल्ने नदेखिने।

निवेदकले निजको नाममा बेरूजु नै आउनु नपर्ने आशयसहित पुनः लेखापरीक्षणको माग प्रस्तुत रिट निवेदनमा गरे पनि निज आफूले अध्यक्ष रहेको संस्थाबाट लिएको हुँदा रकम बेरूजु देखिएको अवस्थामा सो सम्बन्धमा उपचार खोज्न यस अदालतको असाधारण क्षेत्राधिकारमार्फत अदालत आउने होइन कि सम्बन्धित संस्थामा नै छलफल गरी टुङ्गो लगाउनुपर्ने हो। संस्थामा भएको आर्थिक कारोबारको क्रममा बेरूजु देखिएको रकम बेरूजु हुने हो वा होइन भन्ने कुराको निक्र्यौल यस अदालतको रिट क्षेत्राधिकारअन्तर्गत गर्ने विषय होइन। संस्थामा भएको आर्थिक कारोबार संस्थामा नै टुङ्ग्याउनुपर्नेमा यस अदालतको रिट क्षेत्राधिकारमार्फत सो आर्थिक कारोबारको दायित्वबाट पन्छिन खोजेको देखिएकोले निवेदकले सफाहात लिई यस अदालतमा प्रवेश गरेको नदेखिने।

तसर्थ, विवेचित आधार र कारणबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०७०।११।१६ मा भएको निर्णय र सो निर्णय कार्यान्वयनको लागि मिति २०७०।१२।३ मा भएको पत्राचारबाट संविधान प्रदत्त निवेदकको कुनै मौलिक हकमा आघात परेको नदेखिएकोले निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रामु शर्मा

इति संवत् २०७६ साल जेठ २ गते रोज ५ शुभम्।

## इजलास नं.१

### १

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CR-०६१५, कर्तव्य ज्यान, नेपाल सरकार वि. बालकुमारी नेपाली

शंकाको सुविधा अभियुक्तले पाउने भन्ने कानूनका मान्य सिद्धान्त रहेको र प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादीको हुने छ भन्ने कानूनी व्यवस्था रहेकोमा वादीले आफ्नो दाबी वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि गर्न सकेको देखिएन। वादी नेपाल सरकार प्रतिवादी पदमबहादुर गुरूङसमेत भएको कर्तव्य ज्यान मुद्दामा (ने.का.प. २०७५, अङ्क ६, नि.नं. १००३७) **"जाहेरीलाई अभियोग प्रमाणित गर्ने एक महत्त्वपूर्ण प्रमाण मानिन्छ तर जाहेरी दरखास्तमा उल्लेख भएको बेहोरा अन्य सङ्कलित प्रमाणबाट समर्थित भएको हुनुपर्दछ। जाहेरी दरखास्त स्वयंमा निश्चयात्मक (Conclusive) प्रमाण होइन। अभियोग लगाइएको कुनै पनि व्यक्तिका विरूद्ध प्रमाणको रूपमा ग्रहण गर्नुपूर्व जाहेरी दरखास्तको न्यायिक परीक्षण आवश्यक हुने। प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम त्यस्तो जाहेरी दिने व्यक्ति स्वयम् साक्षीका रूपमा अदालतमा उपस्थित भई आफूले जाहेरी दरखास्तमा लेखाएको कुरालाई अदालतमा बकपत्र गरी समर्थन गरेको स्थिति पनि विद्यमान हुनुपर्दछ"** भनी नजिर प्रतिपादन भएको पाइने।

प्रस्तुत मुद्दामा मौकामा जाहेरी दिने कमला वि.क. समेतले आफ्नो जाहेरी बेहोरामा

निज प्रतिवादी बालकुमारीले आफ्नो गर्भमा रहेको बच्चा जिउँदो जन्माई मारी खाडलमा गाडेकी हुन् भनी उल्लेख गरे तापनि निजहरू उक्त घटनाको प्रत्यक्षदर्शी नभएका र पछि अदालतमा उपस्थित भई बकपत्र गर्दा आफूले मौकामा दिएको जाहेरीमा त्यस्तो बेहोरा लेखाएको होइन भनी उल्लेख गर्दै प्रहरीले जाहेरीमा सही गर्नुपर्छ भनेको कारणले मात्र सही गरेकी हुँ भनी आफ्नो मौकाको जाहेरी बेहोरालाई खण्डन गर्दै बकपत्र गरिदिएबाट निजहरूको जाहेरीलाई प्रमाणमा लिन मिल्ने देखिएन। सो वारदातको प्रत्यक्षदर्शी अन्य कोही रहे भएको पनि देखिँदैन। नवजात शिशु मृत अवस्थामा नै जन्मेको हो वा जन्मेपछि मरेको हो भन्ने यकिन हुने ठोस प्रमाणको अभाव देखिन्छ। यी प्रतिवादी अविवाहित भए पनि आफ्नो कोखमा रहेको बच्चालाई जन्म दिने मनसाय नै राखी मास पूर्ण भएको बच्चा जन्माएको देखिन्छ। यस अवस्थामा जन्म दिने आमाले मौकामा र अदालतमा आई गरिदिएको बयानलाई विश्वास गर्नुपर्ने देखियो। कर्तव्य ज्यान जस्तो गम्भीर फौजदारी अपराधमा शंका र अनुमानको भरमा कसुरदार ठहर गर्न मिल्ने नदेखिँदा प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, उपर्युक्त विवेचित आधार, कारणबाट सुरू तनहुँ जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम प्रत्यर्थी प्रतिवादी बालकुमारी नेपालीलाई सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहरी भएको फैसला उल्टी गरी प्रतिवादीलाई आरोपित कसुरमा सफाइ दिने गरी पुनरावेदन अदालत पोखराबाट मिति २०७१/०४/११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नवराज जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७६ साल भदौ १५ गते १ रोज शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७४-CR-०१४८, अपहरण तथा शरीर बन्धक एवं सङ्गठित अपराध, नेपाल सरकार वि. श्रीभगवान सिंहसमेत

जाहेरवालाले प्रतिवादीहरू विरूद्ध किटानी जाहेरी दिए पनि अदालतमा आई बकपत्र गर्ने क्रममा मलाई कसैले बन्धक बनाएको पनि छैन। अपहरण पनि गरेको छैन। फिरौती रकम लिएको छैन। म पसलमा बसिरहेको अवस्थामा दुईजना प्रहरीहरू आई मलाई सोधपुछ गर्नु छ भनी जिल्ला प्रहरी कार्यालय पर्सामा लगी एउटा कागजमा दस्तखत गर भनी प्रहरीले भनेपछि मैले सही गरेको हुँ। जाहेरी दरखास्तमा मलाई प्रहरीले जबरजस्ती डर, धाक-धम्की दिई सहीछाप गराएका हुन् भनी अदालतमा आई बकपत्र गरेको देखिन्छ। प्रतिवादीहरू विनय सिंह राजपुत र अरविन्द सिंहले निजहरू प्रहरी कर्मचारी रहेको र जाहेरवालाले अपहरण गरेको भनिएको मिति २०७२।११।५ गते निजहरू उपचारको क्रममा नेपाल प्रहरी अस्पताल महाराजगन्ज काठमाडौंमा रहेको भनी बेहोरा लेखाएको र नेपाल प्रहरी अस्पतालको मिति २०७२/११/१४ र २०७२/११/११ को पत्रबाट समेत सो कुरा समर्थित भएको छ। निजहरूले मौकाको बयान प्रहरीमा डर, धाक-धम्की दिई कुटपिट गरी जबरजस्ती सहीछाप गराएका

हुन् । आफूहरूले कुनै पनि किसिमको कसुर अपराध नगरेको हुँदा अभियोग माग दाबीअनुसार सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको यस अदालतमा इन्कारी बयान गरेका छन् । त्यसैगरी प्रतिवादीहरू दीपक सिंह राजपुत, श्रीभगवान सिंह र वृजेशकुमार सिंहले जाहेरवालालाई अपहरण गरी शरीर बन्धकमा लिई फिरौती नलिएको जाहेरवालाले आफूउपर किटानी जाहेरी दिनुपर्ने कारण थाहा नभएको मौकाको बयानमा लागेको सहीछाप आफ्नो रहेको तर बेहोरा आफ्नो होइन। प्रहरीले कुटपिटसमेत गरी जबरजस्ती बयान लेखाएका हुन् । कुनै कसुर नगरेको हुँदा अभियोग मागदाबीअनुसार सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराले सुरू अदालतमा इन्कारी बयान गरेका छन्। सरकारी साक्षीको रूपमा रहेका जाहेरवालालाई फिरौतीको लागि रकम उपलब्ध गराउने भनिएका दीपेन्द्रकुमार उपाध्यायले घटना भएको दिन मिति २०७२।११।५ गते जाहेरवालासँग भेटघाट नभएको, निजको अपहरण सम्बन्धमा मलाई केही थाहा छैन। मलाई प्रहरी कार्यालयमा तपाइँले पैसा दिनुभएको कागज हो भनेकोले मैले सही गरिदिएको हो । घटना विवरण कागजमा भएको बेहोरा मेरो होइन सहीछापसम्म मेरो हो भन्नेसमेत बेहोराको घटना विवरण कागज देखिन्छ । प्रतिवादीका साक्षीहरू संजयकुमार सिंहसमेतले प्रतिवादीहरूको जिकिरलाई नै समर्थन हुने गरी बकपत्र गरिदिएको पाइने।

सरकारवादी फौजदारी मुद्दामा आफ्नो अभियोग दाबी प्रमाणित गराउनुपर्ने दायित्व वादी पक्षको हो। प्रमाण ऐन, २०३१ को दफा २५ ले सोही कानूनी व्यवस्था गरेको छ। कसैउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन सो कुरा प्रमाणित पनि हुनुपर्छ। आफूलाई अपहरण गरी बन्धक बनाएको भन्ने जाहेरवाला स्वयम् आफूलाई अपहरण गरिएको छैन, बन्धक बनाइएको छैन भनिरहेको अवस्थामा सो कसुर प्रतिवादीहरूले गरेको हो मान्न सकिने अवस्था नै नदेखिने।

तसर्थ, उपर्युक्त विवेचित आधार, कारणबाट सुरू पर्सा जिल्ला अदालतबाट मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १, २, ३ र ७ नं. बमोजिमको कसुरमा निज प्रतिवादीहरूलाई सोही महलको ३ नं. बमोजिम ७ वर्ष कैद र ऐ. को ७ नं. बमोजिम थप २ वर्ष कैद गरी जनही जम्मा कैद ९ वर्ष कैद र ऐ.को ३ नं. बमोजिम रू.१,५०,०००।– जरिवाना तथा ऐ. को १२ नं. बमोजिम बिगो रू.४,००,०००।– जरिवानासमेत गरी जनही कूल रू. ५,५०,०००।– जरिवाना हुने एवं ऐ. को १२ नं. बमोजिम फिरौती रकम रू. ४,००,०००।– समेत जाहेरवालाले भराई पाउने ठहरी भएको फैसला उल्टी गरी प्रत्यर्थी प्रतिवादीहरूलाई आरोपित कसुरमा सफाइ दिने गरी पुनरावेदन अदालत अस्थायी इजलास वीरगन्जबाट मिति २०७३/११/१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नवराज जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७६ साल भदौ १५ गते रोज १ शुभम्।

**३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६८-WO-०७५६, उत्प्रेषण / परमादेश, कन्हाई महत्तो धानुकसमेत वि. श्रम अदालत अनामनगर काठमाडौंसमेत

निवेदकहरूले लिक्विडेटर नियुक्ति भएपश्चात् पनि कम्पनीको विधिवत् खारेजी नहुने

बेलासम्म कम्पनीको सेवामा रहेका कामदारहरूको सेवा स्वतः समाप्त हुँदैन र सो अवस्थामा तलब भत्ता तथा सुविधाहरू पाइराख्नुपर्ने हो भन्ने जिकिर लिएको सम्बन्धमा हेर्दा मिति २०६५।६।१७ को विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजीमा जाने गरी निर्णय गरी कम्पनी ऐन, २०६३ को दफा १२७ (१) बमोजिम उपेन्द्र नन्दन तिमिल्सिनालाई लिक्विडेटरको रूपमा नियुक्त गरिएको र मिति २०६५।६।३० देखि लिक्विडेटरले कार्य सञ्चालन गरेको भन्ने तथ्यमा विवाद देखिँदैन, सो कुरा निवेदन बेहोरामा समेत खुलिआएको छ । कम्पनी ऐन, २०६३ को दफा १२७(५) ले लिक्विडेटरले कम्पनी सञ्चालन र व्यवस्थापन गर्न प्रारम्भ गरेपछि त्यस्तो कम्पनीका कर्मचारीहरूको सेवा स्वतः समाप्त हुने छ भन्ने व्यवस्था गरेको देखिन्छ । ऐ. ऐनको दफा १२६(१) ले कम्पनीको साधारण सभाले प्रस्ताव पारित गरी कम्पनीलाई खारेज गर्न सक्ने र ऐ. दफा १२७(५) ले लिक्विडेटरले कम्पनी सञ्चालन र व्यवस्थापन गर्न प्रारम्भ गरेपछि त्यस्तो कम्पनीका कर्मचारीहरूको सेवा स्वतः समाप्त हुने व्यवस्था गरेको देखिने ।

कर्मचारीको सेवा समाप्तिको विषयलाई दफा १२७ सँग जोडेर हेर्नुपर्ने देखिन्छ र यस सम्बन्धमा दफा १२७ ले स्पष्ट व्यवस्था गरेको देखिन्छ । कानूनका शब्दले स्पष्ट व्यवस्था गरेको र उक्त व्यवस्थाको अर्थ स्पष्ट भएकोमा अदालतले व्याख्या गर्नुपर्ने ठाउँ तथा गुन्जायससमेत रहँदैन । सो हुँदा दफा १२७ ले स्पष्ट व्यवस्था गरेको अवस्थामा कामदार कर्मचारीहरूको सेवा स्वतः समाप्त हुने र सेवा समाप्त भएको अवस्थामा कम्पनीमा कर्मचारीहरूको तलब भत्ताको दायित्वसमेत नरहने देखिने ।

उल्लिखित श्रम ऐन २०४८ को १२ र २५ को दफाहरूको व्यवस्थाले कम्पनी बन्द भएको अवस्थाको सन्दर्भमा उल्लेख गरेको छ । कम्पनी आंशिक वा पूरा बन्द भएको अवस्थामा वा कामदार कर्मचारीको कटौती गर्नुपर्ने अवस्था र यसरी कामदार कर्मचारी कटौती गर्ने बेलामा कुनै पनि प्रतिष्ठानले दिनुपर्ने क्षतिपूर्तिको सम्बन्धमा उल्लेख गरेको देखिन्छ । उक्त दफाहरूले कम्पनीलाई खारेजीमा लाने गरी निर्णय भई लिक्विडेटर नियुक्ति भएपछिको अवस्थालाई सम्बोधन गरेको देखिँदैन । कम्पनी आंशिक वा पूर्णरूपले बन्द हुने अवस्था र लिक्विडेसनमा गएको अवस्था दुई फरकफरक अवस्था हुन् । कम्पनी बन्द हुँदा कम्पनीले आफ्नो क्रियाकलाप वा कारोबार गरेको हुँदैन तर कानूनबमोजिम कम्पनीको अस्तित्व रहिरहेको हुन्छ भने परिस्थितिअनुकूल हुँदा कम्पनी पुनः सुचारू हुन सक्छ । तर, लिक्विडेसनको प्रक्रियामा गएको अवस्थामा कम्पनिको कानूनी अस्तित्वलाई नै समाप्त पारिने प्रक्रियामा रहेको हुन्छ र यो अवस्थाबाट सोही कम्पनी पुनः सुचारू हुन सक्ने अवस्थासमेत रहेको नहुने ।

जुन मितिमा कामदार कर्मचारीको सेवा समाप्त भएको हो सो मितिसम्ममा प्राप्त हुनुपर्ने ऐनबमोजिमको सुविधा कामदार कर्मचारीहरूले प्राप्त गर्ने सम्बन्धमा श्रम अदालतको फैसलाले बोली नै सकेको र सो विषयमा निवेदनमा समेत कुनै जिकिर लिएकोसमेत नहुँदा श्रम ऐन, २०४८ का दफा १२ र २५ कम्पनी ऐन, २०६३ को दफा १२७ बमोजिम सेवा समाप्त भएपछिको अवस्थाका लागि आकर्षित हुने अवस्था देखिन आएन । यस सम्बन्धमा श्रम ऐन, २०४८ को दफा १२ र २५ समेत आकर्षित हुने भन्ने निवेदन

जिकिरसँग सहमत हुन नसकिने।

श्रम ऐन, २०४८ ले कामदार कर्मचारी कार्यरत रहेको अवस्थामा कामदार कर्मचारीसँग सम्बन्धित विविध पक्षहरूलाई सम्बोधन गरेको छ भने कम्पनी खारेजी गर्ने र खारेजीको निर्णय भइसकेपश्चात् खारेजी गर्ने चरणमा गर्नुपर्ने क्रियाकलाप तथा दायित्वका सम्बन्धमा श्रम ऐनले व्यवस्था गरेको देखिँदैन । त्यस विषयमा श्रम ऐन नभई कम्पनी ऐन नै आकर्षित हुने देखिन्छ। प्रत्येक कानून उक्त कानूनले सम्बन्ध राख्ने विषयगत क्षेत्रसँग सम्बन्धित रहेको हुन्छ । एक विषयसँग सम्बन्धित कानूनले अर्को विषय क्षेत्रलाई Regulate गर्न सक्ने हुँदैन। कुनै अवस्थामा एकभन्दा बढी कानूनले एकै विषयको बारेमा बोलेको रहेछ भने पनि सामान्यतः सम्बन्धित विषय क्षेत्रसँग सम्बन्धित कानून नै आकर्षित हुने।

कम्पनी खारेजीमा जाने साधारण सभाबाट निर्णय भई लिक्विडेटरको नियुक्ति भएपश्चात्को अवधिका लागि कम्पनी ऐन, २०६३ नै आकर्षित हुने देखिन्छ । निवेदनमा जिकिर लिएजस्तो श्रम ऐन आकर्षित हुने नदेखिएको हुँदा कम्पनी ऐन, २०६३ को दफा १२७ बमोजिम लिक्विडेटर नियुक्त भई कम्पनी सञ्चालन र व्यवस्थापन गर्ने कार्य सुरू गरेको समयदेखि कम्पनीमा कार्यरत निवेदक कामदार कर्मचारीहरूको सेवा समाप्त भएको मान्नुपर्ने देखिन आयो । कानूनबमोजिम सेवा समाप्त भएपछिको समयका लागि तलब भत्ता दिनुपर्ने अवस्था रहेन । सो हुँदा श्रम अदालत काठमाडौंको फैसला कानूनसम्मत नै देखिन आएको र उक्त फैसलाले निवेदकहरूका संविधान र कानून प्रदत्त हक अधिकारहरू हनन हुन पुगेको अवस्था नदेखिएको हुँदा उक्त फैसला बदर गर्न रिट जारी हुनुपर्ने नदेखिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : महेन्द्र प्रसाद पौड्याल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७६ साल माघ १३ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CR-०८६२, ११६४, सामाजिक सुरक्षा भत्ता अनियमितता गरी भ्रष्टाचार गरेको, नेपाल सरकार वि. महमद मसुर खाँसमेत, महमद मसुर खाँ वि. नेपाल सरकार

सामाजिक सुरक्षा भत्ता नपाउनुपर्नेमध्येका यी व्यक्तिहरूको नाममा भत्ता निकाली भरपाई खडा गरिएको छ भन्ने रहेको छैन। कुनकुन व्यक्तिहरूले पाउनुपर्ने सामाजिक सुरक्षा भत्ता पाउन सकेका छैनन् भन्ने किटानी देखिँदैन । ती भत्ता नपाउने व्यक्तिहरूको नाममा समेत भत्ता निकाली किर्ते भरपाई खडा गरी प्रतिवादीहरूले खाए मासेको भनी अनुसन्धान भएको पनि पाइँदैन । विशेष अदालतबाट भत्ता बुझ्नेको सहीछाप फरक परेको भनिएका व्यक्तिहरूमध्येकै व्यक्तिहरूलाई बुझ्ने आदेश भई ती व्यक्तिहरूले समेत अदालतमा उपस्थित भई आफूले पाउनुपर्ने भत्ता रकम आफूले प्राप्त गरेको भनी बकपत्र गरिदिएको पाइन्छ। मैले सामाजिक सुरक्षा भत्ताबापतको रकम पाएको छैन, मेरो नामको रकम निकाली किर्ते सहीछाप गरी अर्कै व्यक्तिले बुझेको भन्ने सम्बन्धमा कुनै उजुरी परेको कुरासमेत मिसिल प्रमाणबाट देखिन आउँदैन । उल्लिखित तथ्यबाट लक्षित व्यक्तिको भत्ता रकम लक्षित व्यक्तिले नै पाएको पुष्टि भएको अवस्थामा प्रतिवादीहरूले सामाजिक सुरक्षा भत्ता हिनामिना गरेका हुन् भनी भन्न सकिने अवस्था

नदेखिने ।

आरोपपत्रमा दाबी गरीएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा **"सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्नेलाई सजायः- कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सोसम्बन्धी कर्तव्य पालन गर्दा श्री ५, नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्राअनुसार दफा ३ बमोजिमको सजाय हुने छ र त्यसरी हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असुलउपर गरिने छ"** भन्ने व्यवस्था रहेको देखिन्छ। निज प्रतिवादीहरूले उक्त दफाविपरीतको कार्य नगरेको भनी प्रतिवादीहरूको जिकिर र विशेष अदालतको फैसलामा समेत उल्लेख भएको देखिन्छ। विशेष अदालतबाट निज प्रतिवादीहरूको कसुर ठहर गर्न प्रयोग भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) मा **"कुनै राष्ट्रसेवकले उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक अन्य कुनै काम गरी सरकारी वा सार्वजनिक सम्पत्ति बदनियतपूर्वक कुनै किसिमले हानि नोक्सानी गरे वा गराएमा कसुरको मात्राअनुसार दुई वर्षसम्म कैद वा बिगोबमोजिम जरिवाना वा दुवै सजाय हुने छ"** भन्ने व्यवस्था रहेको पाइने।

प्रतिवादीले सहीछाप गरी रकम हिनामिना गरेको भनिएका भरपाईमा उल्लेख भएका व्यक्तिहरूमध्ये तुरिया कनुइन, जेनिया धोविन, रामदेव कुर्मी, ध्रुवप्रसाद कुर्मीसमेतले हामीले सामाजिक सुरक्षा भत्ताको रकम पाएका छौं । गा.वि.स.सचिवले कहिले घरमा दिन्थे, कहिले वडामा दिन्थे। निज प्रतिवादीहरूले हाम्रो सामाजिक सुरक्षा भत्ताको रकम अपचलन गरेको छैन भनी प्राय: एकै मिलान बेहोराको बकपत्र गरेको देखिएबाट प्रतिवादीहरूले सरकारी वा सार्वजनिक सम्पत्ति बदनियतपूर्वक कुनै किसिमले हानि नोक्सानी गरे वा गराएको पुष्टि हुन नसकेको अवस्थामा प्रस्तुत दफा आकर्षित हुने नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा २५ मा "फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ" भन्ने व्यवस्था रहेको छ। सो कानूनी व्यवस्थाअनुसार फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीमा रहन्छ । अभियोजन पक्षले प्रतिवादीउपर लगाएको आरोपलाई शंकारहित तवरबाट पुष्टि गर्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीहरूउपरको कसुर शंकारहित तवरबाट पुष्टि गर्न सकेको नदेखिएको अवस्थामा शंकाको भरमा मात्र कसैलाई कसुरदार मान्नु न्यायोचित नहुने।

यस सम्बन्धमा यस अदालतबाट "भ्रष्टाचारजन्य कसुर स्थापित हुनको लागि प्रतिवादीले आफू वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुर्‍याएको भन्ने कुरा प्रत्यक्ष, सार्थक र निश्चयात्मक प्रमाणबाट शङ्कारहित तवरले पुष्टि भएको हुनुपर्ने। प्रमाण ऐन, २०३१ को दफा २५ को कानूनी व्यवस्थाअनुसार फौजदारी कसुरसम्बन्धमा अभियोजन पक्षले प्रतिवादीउपर लगाएको आरोपलाई शङ्कारहित तवरले पुष्टि गर्नुपर्दछ। अभियोजन पक्षले लगाएको आरोप पुष्टि गर्ने क्रममा शङ्काको कुनै गुञ्जाइस रहनु हुँदैन । शङ्काको गुञ्जाइस उत्पन्न भएमा त्यसको फाइदा अभियुक्तले पाउने" (ने.का.प. २०७२, अङ्क ३, नि.नं.-९३६०) भन्ने र यसै सम्बन्धमा नेपाल

सरकार विरूद्ध रमेशबहादुर राजलवट भएको सामाजिक सुरक्षा भत्ता अनियमितता गरी भ्रष्टाचार गरेको मुद्दामा मिति २०७४।१०।१० मा फैसला हुँदा "भत्ता पाउने व्यक्तिहरूलाई अनुसन्धानको क्रममा नबुझिएको र भत्ता पाउने व्यक्तिहरूले भत्ता नपाएको भनी उजुरी दिएको नदेखिएको तथा विवादित भरपाई गरिदिनेमध्येका व्यक्तिसमेतलाई अदालतबाट बुझ्दा आफूले भत्ताबापतको रकम प्राप्त गरेको बेहोरा स्वीकार गरिदिएसमेतबाट प्रतिवादीहरूले अभियोग दाबीबमोजिम कसुरदार गरेको नदेखिँदा अभियोग दाबीबाट सफाइ पाउने" भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको र प्रस्तुत मुद्दामा समेत उक्त सिद्धान्त मेल खाने देखिने।

उल्लिखित तथ्य, कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको रोहबाट हेर्दा प्रतिवादीहरू महम्मद मन्सुर खाँ र प्रतिवादी जितेन्द्रप्रसाद चौहानको संलग्नतामा सामाजिक सुरक्षा भत्ताबापतको रकम हिनामिना भएको कुरा वादी पक्षले वस्तुनिष्ठ आधार र कारणबाट पुष्टि गर्न नसकेको अवस्थामा केवल शंकाको भरमा प्रतिवादीहरूलाई कसुरदार ठहर गराउनु मनासिब हुँदैन। यसरी प्रतिवादीहरूको मिलेमतोमा कसुर भएको हो भन्ने कुनै वस्तुनिष्ठ प्रमाणबाट नदेखिएकोले विशेष अदालतबाट प्रतिवादीहरू महम्मद मन्सुर खाँ र प्रतिवादी जितेन्द्रप्रसाद चौहानलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिमको कसुरमा ऐ. ऐनको दफा ८(३) बमोजिम जनही १(एक) महिनाका दरले कैद हुने ठहऱ्याई भएको विशेष अदालत काठमाडौंको फैसला मिलेको नदेखिएको अवस्थामा निज प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र सोही बेहोराको विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: माथि विवेचित आधार र कारणहरूबाट प्रतिवादी महम्मद मन्सुर खाँ र जितेन्द्रप्रसाद चौहानलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिमको कसुरमा ऐ. ऐनको दफा ८(३) बमोजिम जनही १(एक) महिनाका दरले कैद सजाय हुने ठहऱ्याई भएको विशेष अदालत काठमाडौंबाट मिति २०७३।०३।०६ मा भएको फैसला उल्टी भई प्रतिवादीहरू महम्मद मन्सुर खाँ र जितेन्द्रप्रसाद चौहानले कसुरबाट सफाइ पाउने।

इजलास अधिकृत: राजकुमार दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल भाद्र ३ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७५-RB-०६५२, बैंकिङ कसुर, नेपाल सरकार वि. कल्पना रावत

प्रतिवादी कल्पना रावतले अदालतमा उपस्थित भई बयान गर्दा जाहेरवालासँग लिएको रकम र हर्जानासमेत गरी रू.२,७२,०००।- मैले निजलाई पटकपटक गरी फिर्ता गरी मिति २०७४।५।१३ मा जाहेरवालाबाट रकम बुझिलिएको भन्ने भरपाई कागजसमेत गराइसकेकी छु। सोको सक्कल मसँग राखी फोटोकपी पेस गरेकी छु । निजलाई चेक दिएकोमा हस्ताक्षरलगायतको कुरा नमिलेकोले मैले चेक बराबरको रकम भुक्तानी दिइसकेपछि पनि जाहेरवालाले मलाई दुःख दिने नियतले सोही चेकलाई आधार बनाई जाहेरी दिएका हुन् भनी बयान गरेको देखिन्छ। सुरू मिसिल संलग्न उक्त मिति २०७४।५।१३ को भरपाई कागजको

प्रतिलिपि हेर्दा जाहेरवालाले हामीबिचको सम्पूर्ण लेनदेन कारोबारको रकम बुझी लिए, सक्कल चेक पछि फिर्ता गर्ने छु भनी भरपाई गरिदिएको देखिन्छ । त्यसैगरी निज जाहेरवालाले अदालतमा उपस्थित भई मैले प्रतिवादी कल्पना रावतबाट पाउनुपर्ने रकम र सोको ब्याजसमेत गरी रू. तीन लाख बुझिसकेको छु । मैले चेकबमोजिमको रकम मिति २०७४।५।१३ मा बुझी भरपाई गरिदिएको हो, निजलाई कारबाही हुनुपर्ने होइन भनी बकपत्र गरिदिएको देखिने ।

जाहेरवालाले प्रतिवादीबाट लिनुपर्ने रकम बुझिलिई मिति २०७४।५।१३ मा भरपाई कागजसमेत गरिदिएपश्चात् मिति २०७४।५।१५ मा जाहेरी दिई उक्त जाहेरी दरखास्त मिति २०७४।५।२९ मा मात्र दर्ता भएको देखिन आयो । त्यसैले प्रस्तुत मुद्दाको जाहेरी दरखास्त एवं अभियोगपत्र दर्ता हुनुअगावै जाहेरवालाले दाबी गरेको रकम यी प्रतिवादी कल्पना रावतबाट प्राप्त गरिसकेको देखिँदा प्रतिवादीले अभियोग मागदाबीअनुसारको आरोपित कसुरबाट सफाइ पाउने ठहराएको उच्च अदालतको फैसला मिसिल संलग्न आधार प्रमाणको रोहमा न्यायसङ्गत नै देखिने ।

अत: उल्लिखित आधार, कारणबाट प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी उच्च अदालत पाटनबाट मिति २०७५।३।३२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : तारादत्त बडु

इति संवत् २०७६ साल माघ २६ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७५-CR-०१०८, बैंकिङ कसुर, नेपाल सरकार वि. EKREM ORMANCI

प्रतिवादीको साथबाट बरामद भएको नेपाली रू.११,४८,२८५।– बराबरको रकम प्रतिवादीले गैरकानूनी तवरले निकालेको हुँदा उक्त सम्पूर्ण रकम नै बिगो कायम गरी सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा यी प्रतिवादीले नेपाल प्रवेश गर्दाका बखत उक्त रकम आफूसँग रहेको भनी स्वघोषणा नगरेको भए पनि प्रतिवादीले के कुन बैंकबाट कहिले र कहाँ रहेको ATM बाट ती विदेशी मुद्राहरू निकालेका हुन् भनी वादी पक्षले सोको विवरणसहित तथ्यपरक ढङ्गले पुष्टि गर्न सकेको देखिँदैन । निज प्रतिवादीले बयान गर्दा युरो ६००, नेपाली रू.६०,०००।– बैंकबाट निकालेको, ५०० डलरमा स्किमर मेसिन र ५०० डलरमा विभिन्न इलोक्ट्रोनिक्स कार्डहरू खरिद गरेको र इलोक्ट्रोनिक्स कार्डबाट कसरी पैसा निकालिन्छ भन्ने सफ्टवेयर डाउनलोड गर्न ल्यापटप र मोबाइल प्रयोग गरेको भनी लेखाएको अवस्था देखिएबाट प्रतिवादीले उक्त बयानमा उल्लेख गरेको नगद रकम, मोबाइल र ल्यापटप तथा इलोक्ट्रोनिक्स कार्डहरू बैंकिङ कसुर गर्ने कार्यका लागि प्रयोग गरेको देखिँदा उक्त नगद तथा सामानहरूको नेपाली रूपैयाँमा रूपान्तर गरी जम्मा रू.३,१३,७२४।९० कसुर प्रयोजनका लागि बिगो कायम गरेको उच्च अदालतको फैसला मनासिब नै देखियो । प्रतिवादीले नेपाल कानूनअनुसार स्वघोषणा नगरी आफूसँग राखेको युरो, डलर, इन्डोनेसियन रूपैयाँहरू वैधानिक रूपमा नेपाल भित्र्याएको भन्ने पुष्टि हुने कुनै कागज प्रमाण पेस गर्न नसकेको हुँदा बरामदी मुचुल्कामा उल्लिखित नगद रकमसमेतका सामग्रीहरू कानूनबमोजिम जफत हुने नै देखिन्छ । यसप्रकार तथ्यपरक विश्वसनीय

प्रमाणको अभावमा बरामदी मुचुल्काअनुसारको रू.११,४८,२८५।- रकमलाई आधार मानी बिगो कायम गरी यी प्रत्यर्थी प्रतिवादीलाई सजाय गर्नु न्यायोचित नहुने।

अत: विवेचित आधार कारणसमेतबाट प्रतिवादी एकरेम अरमान्सी (**EKREM ORMANCI)** ले बैंकिङ कसुर तथा सजाय ऐन**,** २०६४ को दफा ५ र ६ बमोजिमको कसुर गरेकोले ऐ. ऐनको दफा १५(२)(क) बमोजिम ८(आठ) महिना कैद र रू.३**,**१३**,**७२४।९० (तीन लाख तेह्र हजार सात सय चौबिस रूपैयाँ नब्बे पैसा) जरिवाना हुने ठहराएको उच्च अदालत पाटनको मिति २०७४।१२।१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७६ साल माघ २६ गते रोज १ शुभम्।

**७**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** ०६८-WO-०६९२, परमादेश, बेखाराम महर्जनसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत

प्रस्तुत मुद्दामा तत्कालीन श्री ५ को सरकारले छिमेकी राष्ट्र चीन सरकारको सहयोगमा स्थापना भएको इँटा तथा टायल कारखाना लिमिटेड हरिसिद्धीमा सञ्चालन गर्ने प्रयोजनका लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी निवेदकहरूका बाजे, पिता तथा आमाका नाउँमा रहेका जग्गाहरू २०२१ सालमा अधिग्रहण गरी हरिसिद्धी इँटा तथा टायल कारखाना सञ्चालन भएको देखिन्छ। सो कुरामा निवेदकहरूले विवाद ल्याएको पनि छैन । यसरी जुन उद्देश्यका लागि जग्गा अधिग्रहण गरिएको हो, सो काममा प्रयोग नै नभएको भन्ने देखिँदैन । अधिग्रहणको उद्देश्यअनुसारकै काममा सो जग्गा प्रयोग भई इँटा तथा टायल उत्पादन हुँदै आएको भन्ने कुरामा समेत विवाद देखिँदैन। यसरी कारखाना सञ्चालन हुँदै आएकोमा मिति २०४९।७।१४ मा तत्कालीन श्री ५ को सरकार तथा सुन्दरलाल भवानी र नरसिंहबहादुर श्रेष्ठबिच भएको निजीकरण सम्झौताबमोजिम श्री ५ को सरकारको पूर्ण स्वामित्वको उक्त कारखाना निजीकरण भई सञ्चालन भएको देखिन्छ । हाल पनि सो जग्गामा हरिसिद्धी इँटा टायल कारखाना सञ्चालन भई इँटा तथा टायलहरू उत्पादन भइरहेको र सरकारलाई राजस्वसमेत बुझाएको देखिने विभिन्न कागजातहरूसमेत सो कारखानाका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले पेस गर्नुभएको छ । यसरी निवेदकहरूले यसअघि परेका मुद्दाहरूबाट नै निराकरण भइसकेका विषयहरूलाई उठाई जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३४ लाई मात्र आधारको रूपमा लिई प्रस्तुत रिट निवेदन दिएको देखिन्छ। निवेदकहरूले दाबी जिकिर लिएजस्तो जुन कामका लागि जग्गा प्राप्त गरिएको हो सो काममा जग्गा प्रयोग नै नभएको अवस्था होइन । अधिग्रहण गर्दा जुन प्रयोजनका लागि गरिएको हो सो काममा नै लामो समयसम्म प्रयोग भई अद्यापि पनि सोही प्रयोजनमा प्रयोग भइरहेकोमा तत्काल अवस्थामा मुआब्जासमेत बुझिसकेकोमा निवेदन जिकिरबमोजिम अनन्तकालसम्म जग्गा फिर्ता पाउन सक्ने अवस्था रहिरहन सक्ने नदेखिने।

यसप्रकार यी निवेदकहरूका बाजे, बाबु तथा आमाका नाउँदर्ताका जग्गाहरू तत्कालीन

श्री ५ को सरकारले इँटा तथा टायल कारखाना सञ्चालनको लागि तत्काल प्रचलित जग्गा प्राप्ति ऐन, २०१८ ले निर्धारण गरेको कार्यविधि र रीत पुऱ्याई जग्गाधनीहरूलाई मुआब्जासमेत दिई अधिग्रहण गरेको र मिति २०४९।७।१४ मा भएको निजीकरण सम्झौताबमोजिम सरकारको पूर्ण स्वामित्वको उक्त कारखाना निजीकरण भई हाल पनि निजी क्षेत्रको हरिसिद्धि इँटा तथा टायल कारखाना लिमिटेडको रूपमा सञ्चालनमा रहेको भन्ने देखिने।

अत: उल्लिखित तथ्य, आधार, कारण र कानूनी व्यवस्थासमेतको आधारमा निवेदन मागबमोजिम अधिग्रहित जग्गाहरू फिर्ता बापस दिने काम कारबाही गर्नु, गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७६ साल पौष १७ गते रोज ५ शुभम्।

- *यसै प्रकृतिको ०६८-WO-०९९८, परमादेश, पञ्चराम महर्जनसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत* भएको मुद्दामा समेत यसैअनुसार फैसला भएको छ।

## इजलास नं.२

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री सारदाप्रसाद घिमिरे,** *०७०-WO-०४१३, उत्प्रेषण, राम विनय साहसमेत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं*

बढुवाको उम्मेदवार हुनको लागि सम्बन्धित कर्मचारीले सेवासम्बन्धी प्रचलित कानूनमा तोकिएबमोजिमको योग्यता हासिल गर्नु आवाश्यक देखिन्छ। निवेदकहरूले सम्बन्धित विषयमा स्नातक तहको शैक्षिक योग्यतासमेत हासिल गरेको तथ्य निवेदकहरूको निवेदनबाट देखियो। यसरी नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७४(६) र सोही नियमावलीको अनुसूची-७ को सि.नं. २०(क) मा उल्लेख भएको शैक्षिक योग्यता यी निवेदकहरूले हासिल गरेको भन्ने देखिन आएन। लोक सेवा आयोगको मिति २०७०/०६/२३ मा प्रकाशित विज्ञापनमध्ये बढुवा सूचना नं. १७६/०७०/०७१ उपप्रमुख मेडिकल ल्याव टेक्नोलोजिस्ट पद, स्वास्थ्य सेवा मेडिकल ल्याब टेक्नोलोजी समूह नवौं तह र वि.नं. ३४०८/०७०/०७१ र वि.नं. ३४०९/०७०/०७१ को बढुवा कार्य प्रक्रिया सम्पन्न भइसकेको भन्ने निवेदकको कानून व्यवसायीले इजलाससमक्ष जानकारी गराउनु भएको हुँदा रिट निवेदकहरूको माग दाबीको सम्बन्धमा थप विचार गरिरहनुपर्ने अवस्था नरहेकोले निवेदन मागदाबीबमोजिम आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल फाल्गुन १ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६७-WO-१२४०, उत्प्रेषण, माधव गौतम वि. एसियन रिजोर्ट एन्ड टुरिज्म प्रा. लि. प्रसूति मार्ग

क्यासिनो नियमावली, २०७० को परिच्छेद-२ को नियम ३ मा इजाजत नलिई क्यासिनो सञ्चालन गर्न वा गराउन नहुने । ऐ.को नियम ४. मा कम्पनीको रूपमा संस्थापन गर्नुपर्ने । ऐ.को नियम ५ मा पूर्वस्वीकृति लिनुपर्ने । ऐ.को नियम ९. मा इजाजतसम्बन्धी व्यवस्था । ऐ.को नियम १०. मा इजाजत पत्र दस्तुर । ऐ.को नियम ११. मा बैंक ग्यारेन्टी बुझाउनुपर्ने । ऐ.को नियम १२. मा इजाजतको अवधि । ऐ.को नियम १३. मा इजाजतपत्रको नवीकरण । ऐ.को नियम १४. मा इजाजतपत्र रद्द हुने । ऐ.को नियम १५. मा निर्धारण अवधिभित्र रोयल्टी रकम बुझाउनुपर्ने । ऐ.को नियम १८. मा नेपाली नागरिकले क्यासिनो खेल्न र क्यासिनो स्थलमा प्रवेश गर्न नपाउनेलगायतका व्यवस्था गरी २०७०।४।७ मा राजपत्रमा प्रकाशित भई २०७०।८।७ गतेदेखि प्रारम्भ भइसकेको र निवेदकले उठाएका विषयवस्तुहरू सम्बोधन भई प्रस्तुत निवेदनको औचित्य समाप्त भइसकेको हुँदा रिट निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : जयराम श्रेष्ठ

इति संवत् २०७५ साल जेठ २ गते रोज ४ शुभम् ।

**३**

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७२-CI-०५७३, निषेधाज्ञा / परमादेश, नेत्रबहादुर घिसिङ वि. कुन्छाङ्ग तामाङसमेत*

पुनरावेदक र प्रत्यर्थी गणेश लामाबिच थाङका व्यवसायको क्रममा लेनदेन व्यवहार हुने गरेको भनी यी पुनरावेदकहरूले भनेका र प्रत्यर्थी गणेश लामाले पनि यी पुनरावेदकले आफूलाई रकम दिनुपर्ने भनेका, प्रत्यर्थी कुन्छाङ तामाङले पनि आफूबाट मिति २०७१।१०।१८ मा रू.१,०५,०००।- पुनरावेदकले लिई कपाली तमसुक गरिदिएकाले ऋण पचाई खाने नियतका कारण झुट्ठा निवेदन दिएको भन्ने कुरा उल्लेख गरेको पाइएबाट यी पुनरावेदक र प्रत्यर्थी गणेश लामा, कुन्छाङ तामाङबिच लेनदेन व्यवहार भएको भन्ने देखिने ।

पुनरावेदकले आफ्नो निवेदनमा विपक्षीहरूले जबरजस्ती बनाएको कपाली तमसुकको कागज करकाप घोषित गरिपाउँ भनी भक्तपुर जिल्ला अदालतमा करकाप मुद्दा दायर गर्ने छु भनी निवेदनमा उल्लेख गरेकोले सो विषयमा यी पुनरावेदकले मुद्दा दायर गरेका बखत प्रमाणबाट ठहरेबमोजिम हुने नै हुँदा अदालतको साधारण क्षेत्राधिकारबाट निरूपण हुने विषयमा प्रस्तुत निषेधाज्ञायुक्त परमादेशसमेतको रिट निवेदनबाट निरूपण हुने विषय देखिन नआउने ।

तसर्थ, माथि विवेचित आधार एवम् कारणहरूबाट पुनरावेदक निवेदकले आफ्नो निवेदनमा उल्लेख गरेअनुरूपको कार्य नगरेको र गर्ने अवस्थासमेत नरहेको भनी विपक्षीहरूको लिखित जवाफबाट देखिएको छ । निवेदनमा उल्लेख भएबमोजिम आशंकाको विद्यमानता रहेको नदेखिएकोले मागबमोजिमको आदेश जारी हुन नसक्ने भई निवेदन खारेज हुने ठहर गरी मिति २०७१।११।२६ मा जारी अन्तरिम आदेश निष्क्रिय हुने छ भनी गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।३।२३ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विदुरकुमार उपाध्याय

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल असार ५ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७०-CI-००८१, उत्प्रेषण / परमादेश, विनोदकुमार मण्डल वि. हरिदेव यादव*

शिक्षा नियमावली, २०५९ को नियम ९३ को उपनियम (१२) ले निमित्त हुनका लागि वरिष्ठतालाई मात्र आधारको रूपमा तोकेको देखिएको र स्थायी माध्यमिक शिक्षकको रूपमा निजहरूको वरिष्ठता हेर्दा, निवेदक हरिदेव यादवले स्थायी माध्यमिक शिक्षकको नियुक्ति मिति २०५१।९।११ मा पाएको र विपक्षी पुनरावेदक विनोदकुमार मण्डलले स्थायी माध्यमिक शिक्षकको नियुक्ति मिति २०६०।१२।१५ मा पाएको देखिएको र निज उच्च माध्यमिक विद्यालयको स्थायी शिक्षक नभएर माध्यमिक विद्यालयकै दरबन्दीको स्थायी शिक्षक रहनुभएको भन्ने देखिएको अवस्थामा पुनरावेदक विपक्षी विनोदकुमार मण्डलको तुलनामा निवेदक प्रत्यर्थी हरिदेव यादव नै वरिष्ठ रहनुभएको भन्ने देखिन आउने।

शिक्षा नियमावली, २०५९ को नियम ९३(२) मा उल्लिखित कानूनी व्यवस्थाअनुसार प्रधानाध्यापक पदमा स्थायी पूर्ति गरिँदाको लागि तोकिएको शैक्षिक योग्यता भएको र प्रस्तुत विवादको विषय प्रधानाध्यापकको पदमा निमित्त प्रधानाध्यापक भई काम गर्ने विषयसँग मात्र सम्बन्धित रहेको र शिक्षा नियमावली, २०५९ को नियम ९३ को उपनियम (१२) मा वरिष्ठ स्थायी शिक्षक हुनुपर्ने गरी तोकिएको, स्थायी माध्यमिक शिक्षकको रूपमा पुनरावेदक विपक्षी विनोदकुमार मण्डलभन्दा निवेदक प्रत्यर्थी हरिदेव यादव वरिष्ठ रहनुभएको भन्ने देखिएको र पुनरावेदक विपक्षी विनोदकुमार मण्डलले उच्च माध्यमिक विद्यालयमा अध्यापन गराउने गरी पाएको करारीय प्राकृतिको नियुक्तिलाई शिक्षा नियमावली, २०५९ को नियम ९३ (१२) मा उल्लेख भएबमोजिमको कानूनी व्यवस्थाअन्तर्गत उच्च माध्यमिक विद्यालयको स्थायी शिक्षक सम्झी निजको वरिष्ठता कायम गर्न मिल्ने अवस्था नदेखिएको हुँदा सुरू पुनरावेदन अदालत राजविराजको मिति २०७०।०३।०२ को आदेश न्याय र कानूनसम्मत नै देखिन आएकोले सो आदेश मनासिब नै रहेको देखिने।

तसर्थ, माथि विवेचित आधार, कारणहरूसमेतबाट निवेदक प्रत्यर्थी हरिदेव यादवको निवेदन मागबमोजिम निज हरिदेव यादवभन्दा कनिष्ठ माध्यमिक शिक्षक पुनरावेदक विपक्षी विनोदकुमार मण्डललाई निमित्त प्रधानाध्यापक दिने गरी जनकल्याण उच्च माध्यमिक विद्यालय व्यवस्थापन समितिबाट मिति २०६९।२।१८ मा भएको निर्णय तथा उक्त निर्णयको आधारमा भएका अन्य काम कारबाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदक प्रत्यर्थी हरिदेव यादवलाई निमित्त प्रधानाध्यापकको जिम्मेवारी दिनु भनी विपक्षी जिल्ला शिक्षा कार्यालय र विद्यालय व्यवस्थापन समितिको नाउँमा परमादेशसमेत जारी हुने ठहऱ्याएको सुरू पुनरावेदन अदालत राजविराजको मिति २०७०।०३।०२ को आदेश मनासिब नै देखिँदा सो आदेश सदर हुने।

इजलास अधिकृत: नारदप्रसाद भट्टराई
कम्प्युटर: विनोदकुमार बानिया
इतिसंवत् २०७५ साल कात्तिक ११ गते रोज १ शुभम्।

**५**

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७१-CI-१६४४, निषेधाज्ञा, धनबहादुर खड्कासमेत वि. गंगामाया दाहालसमेत*

पानी मानव जीवनको लागि नभई नहुने अत्यावश्यक वस्तु हो । जसको अभावमा मानव जीवन अस्तव्यस्त हुन जाने कुरामा विवाद छैन । त्यसैले एकजना कसैलाई विपक्षी बनाउन छुटाएको र वैकल्पिक उपचारको कुरा मानव जीवनसँग प्रत्यक्ष सरोकार राख्ने पानीको विषयको अगाडि गौण नै हुन्छ । निवेदकहरूले भनेजसरी परापूर्वदेखि उपभोग गर्दै आएको पानीको मुहान नै पाइपद्वारा अन्यत्र लैजाने र पानीको उपभोग गर्नबाट निवेदकसहितका गाउँलेहरूलाई वञ्चित गर्ने भन्ने कुरा मानवीय दृष्टिसमेतबाट उपयुक्त नहुने।

विपक्षीहरूको नाममा दर्ता रहेको कि.नं. ९५४ को जग्गामा रहेको परापूर्व कालदेखि सार्वजनिक रूपमा प्रयोगमा आएको पानीको स्रोतमाथि निवेदकहरूको जीवन गाँसिएको भन्ने मिसिलबाट देखिन आएको विषय भएकोले साबिकदेखि प्रयोग गरी आएको मुहानको पानीको उपभोगको विषयमा यी निवेदकहरूको सरोकार निहित रहेको छैन भन्न सक्ने अवस्था पनि देखिँदैन । त्यसरी प्रयोग गरी आएको पानीको उपभोगमा असर पार्ने गरी पानी अन्यत्र लान लागिएको भनी आशंकाको अवस्था देखाई यी निवेदकहरूले प्रस्तुत निवेदन दायर गर्ने विषय निवेदकहरूसँग सरोकार राख्ने विषय भएकोले पुनरावेदन अदालत धनकुटाले विवादित पानीको स्रोतमा निवेदकहरूको कानूनी हक एवं अधिकार स्थापित नभएको र कानूनले तोकेको वैकल्पिक प्रभावकारी कानूनी बाटो अवलम्बन नगरी निवेदकहरूले प्रस्तुत निषेधाज्ञाको निवेदन गरेको भनी सुरू आदेशलाई उल्टी गरी निवेदकहरूको निषेधाज्ञाको निवेदन खारेज गर्ने गरी भएको आदेश न्यायसम्मत देखिन नआएकोले पुनरावेदन अदालत धनकुटाबाट भएको आदेश मनासिब नदेखिने।

तसर्थ, माथि विवेचित आधार, कारणहरूसमेतबाट निवेदकको निवेदन मागबमोजिम विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहर गरेको सुरू संखुवासभा जिल्ला अदालतको मिति २०७०।०५।०३ को आदेश उल्टी गरी निवेदकहरूको निवेदन खारेज हुने ठहर्‍याई भएको पुनरावेदन अदालत धनकुटाको मिति २०७१।१०।२१ को आदेश मिलेको नदेखिँदा उल्टी भई निवेदकहरूको निवेदन मागबमोजिम विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहर गरेको सुरू संखुवासभा जिल्ला अदालतको मिति २०७०।०५।०३ को आदेश मनासिब नै देखिँदा सो आदेश सदर हुने।

इजलास अधिकृत: नारदप्रसाद भट्टराई

इतिसंवत् २०७५ साल कात्तिक ११ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री डम्बरबहादुर शाही**, *०७०-WO-०९०१, उत्प्रेषण, आइत सिंह तामाङ वि. मध्य क्षेत्रीय सशस्त्र प्रहरी बल, मुख्यालय, रूद्रबाहिनी, पथलैयासमेत*

निवेदक बारा जिल्लाअन्तर्गत जिल्ला सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय मातहत अस्थायी सुरक्षावेश रतनपुरीमा कार्यरत रहेका अवस्थामा सोही कार्यालयका कार्यालय प्रमुख प्रहरी उपरीक्षकबाट सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ८८ बमोजिम निवेदक कार्यरत रहेको क्षेत्राधिकारभित्रका अख्तियारवालाले नियमानुसार गरेको निर्णय असम्बन्धित अधिकारीबाट भएको भन्ने तर्क कानूनसङ्गत नदेखिने।

ऐन, नियमको बर्खिलाप कार्य गरी अनुशासन तोडेको आरोपमा निवेदकलाई सशस्त्र

प्रहरी ऐन, २०५८ र ऐ. को नियमावली २०६० को कानूनी प्रक्रिया पूरा गरी भएको कारबाहीमा कानूनी त्रुटि रहे भएको देखिन नआउने ।

अतः माथि विवेचित आधार, कारणबाट अति नै अनुशासनमा चल्नुपर्ने प्रहरी सङ्गठनमा यी निवेदकले मादक पदार्थ सेवन गरी ड्युटीमा लापरवाही गरी आफूभन्दा माथिल्लो दर्जाका कर्मचारीलाई गाली गलौज गरी SLR ताकी कक गरेको भन्ने देखिएको र सो सम्बन्धमा निवेदकलाई सशस्त्र प्रहरी नियमावली,२०६० को प्रक्रिया पूरा गरी अख्तियारवालाले सोही नियमावलीको परिच्छेद १० नियम ८७(१) को (ग), (घ) र (ज) बमोजिमको कसुरमा सोही नियमावलीको सोही परिच्छेदको नियम ८४ देहाय (ख) (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट बर्खास्त गर्ने गरी सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय, बाराबाट मिति २०७०।१०।६ मा भएको निर्णय र सो निर्णय सदर हुने ठहराएको मध्य क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय रूद्र बाहिनीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षकको मिति २०७०।१२।६ निर्णय कानूनसम्मत देखिएकोले निवेदन मागबमोजिम ती निर्णयहरू उत्प्रेषणको आदेश जारी गरी बदर गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः सरिता रिजाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल जेष्ठ १५ गते रोज ३ शुभम् ।

## इजलास नं.३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या. श्री डम्बरबहादुर शाही,** *०७५-WH-००७१, बन्दीप्रत्यक्षीकरण, गोपाल चन्द वि. गृह मन्त्रालय सिंहदरबार, काठमाडौं*

मिसिल संलग्न कागजातबाट निवेदकउपर अनुसन्धान कार्यसमेत सम्पन्न भई विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७(१) बमोजिमको कसुर कायम गरी काठमाडौं जिल्ला अदालतमा ०७५-C१-०८१७ नं.को मुद्दा दायर भई कारबाहीयुक्त अवस्थामा रहेको देखिन्छ । यसप्रकार यी निवेदकलाई तोकिएको कार्यविधि कानूनको पालना गरी पक्राउ पुर्जी र थुनुवा पुर्जीसमेत जारी गरिदिई अनुसन्धान कार्यको निमित्त प्रहरी हिरासतमा राखिएको तथा अनुसन्धान कार्य सम्पन्न भइसकेपश्चात् साधिकार निकायमा मुद्दा दायर गरिएकोलगायतका कामकारबाही गैरकानूनी नभई सोबाट यी निवेदकको संविधान प्रदत्त कुनै पनि प्रकारको हकको उल्लङ्घन भएकोसमेत देखिन नआउने ।

तसर्थ, माथि विवेचित तथ्य, प्रमाण एवम् कानूनको आधारमा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था देखिन आएन । अतः प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर: मन्जिता ढुंगाना

इतिसंवत् २०७५ साल मङ्सिर २७ गते रोज ५ शुभम् ।

## इजलास नं.४

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-१६३९, कर्तव्य ज्यान, पप्पुकुमार राउत वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी पप्पुकुमार राउतलाई

सुरू चितवन जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम कसुरदार ठहऱ्याई सर्वस्वसहित जन्मकैद हुने गरी मिति २०७५।०२।०२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने भनी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७५।०७।१३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

जहाँसम्म उच्च अदालत पाटन, हेटौंडा इजलासबाट सुरू जिल्ला अदालतबाट मिति २०७५।०२।०२ मा भएको फैसला सदर हुने ठहरी फैसला गरेको भए पनि उच्च अदालत पाटन, हेटौंडा इजलासबाट यी प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुन राय व्यक्त गरेतर्फ विचार गर्दा, मृतक र प्रतिवादी पति पत्नी नाताका रहेका, मृतकलाई मार्नुपर्नेसम्मको रिसइवी वा मार्ने योजना बनाइएका थिए भन्ने नदेखिएको, मृतक श्रीमतीले यी प्रतिवादी लोग्नेसँग वादविवाद गरेकी र वादविवाद हुने क्रममा धकेलाधकेल भई मृतक लड्न गई घाइते भएकोमा सोही घा चोट जरियासमेतको कारणबाट ज्यान मर्न गएको अवस्था मिसिलबाट देखिन्छ। यसरी मिसिलबाट प्रतिवादीले आफ्नी पत्नीलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहे भएको नदेखिएको, मृतक र प्रतिवादी पति-पत्नी नाताका देखिका, पत्नी बेहोस भएपछि पनि प्रतिवादी आफैँले तत्काल अटोरिक्सासमेत बोलाई उपचारार्थ अस्पताल पुऱ्याएको देखिएको, घटना वारदात हुँदाको परिस्थिति र यी प्रतिवादीले नाबालकहरूको शिक्षादीक्षा एवं भरणपोषण गर्नुपर्ने सामाजिक दायित्व र अवस्थासमेतलाई मध्यनजर गर्दा निज प्रतिवादी पप्पुकुमार राउतलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम कैद वर्ष १० कैद सजाय हुनका लागि उच्च अदालत पाटन, हेटौंडा इजलासबाट तत्कालीन मुलुकी ऐन अ.बं.१८८ नं. बमोजिम राय पेस गरेको मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर : समी नेपाली

इतिसंवत् २०७७ साल मङ्सिर १४ गते रोज १ शुभम्।

## इजलास नं.५

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७६-WO-०४६८, *उत्प्रेषण / परमादेश, बबिता थापा वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं*

विपक्षी सङ्घीय मामिला मन्त्रालयले कर्मचारी समायोजन ऐन, २०७५ को दफा ५ को उप-दफा (१) मा सरकारी सेवामा कार्यरत कर्मचारीलाई सङ्घ, प्रदेश र स्थानीय तहको पदमा समायोजन गर्ने प्रयोजनका लागि समायोजन गरिने सेवा, समूहको पद तथा तहगत विवरण खुलाई कर्मचारीबाट निवेदन माग गर्ने सूचना मन्त्रालयले प्रकाशन गर्ने छ भन्ने व्यवस्था रहेको छ। सोही व्यवस्थाबमोजिम मिति २०७५।९।११ मा सूचना प्रकाशित गरी मन्त्रालयबाट निवेदन माग भएकोमा निवेदक बबिता थापाले आफ्नो प्राथमिकता क्रम "सङ्घ" मा राखी निवेदन फाराम पेस गरेको देखिन्छ। यसरी निवेदकले "सङ्घ" मा आफ्नो प्राथमिकता राखे पनि निजको समायोजन सङ्घमा नभई विपक्षी सङ्घीय मामिला मन्त्रालयको मिति २०७६।३।१ को पत्रानुसार विपक्षी स्वास्थ्य मन्त्रालयको मिति २०७६।४।१६ को निर्णय र मिति २०७६।४।१७ को पत्रले बाग्मती गाउँपालिका

ललितपुरमा समायोजन गरिएको देखिन्छ । बाग्मती गाउँपालिका ललितपुरमा गरिएको समायोजनमा निज निवेदक बबिता थापाले चित्त नबुझाई "पुरानो कार्यस्थलमा नै कार्य गर्न पाउँ" भनी मिति २०७६।६।१ मा गोदावरी नगरपालिका, बज्रबाराही, ललितपुरमा निवेदन दिएको देखिन्छ । सोही निवेदनका आधारमा गोदावरी नगरपालिकाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निज बबिता थापाको समायोजन संशोधन गरिदिनु भनी मिति २०७६।६।१६ मा सिफारिससमेत गरेको देखिन्छ । साथै, निज निवेदिकाले गोदावरी नगरपालिकाले गरिदिएको उक्त सिफारिससहित विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा समायोजन संशोधन गरिपाउँ भनी दर्ता नं.४९३९ को निवेदन दिएको देखिन्छ । यसरी कर्मचारी समायोजन ऐन, २०७५ को दफा ५ बमोजिम मन्त्रालयबाट निवेदन माग हुँदा निज निवेदिकाले आफ्नो प्राथमिकता क्रम "सङ्घ" मा राखेकोमा निज निवेदिकाको समायोजन "बाग्मती गाउँपालिका ललितपुर" मा भएको र त्यसरी समायोजन भइसकेपश्चात् निवेदिकाले आफ्नो प्राथमिकता क्रममै नराखेको स्थानीय तह "गोदावरी नगरपालिका ललितपुर" मा कार्य गर्न पाउँ भन्ने जिकिर लिई निवेदन दिनु कानूनसम्मत नदेखिने ।

त्यसैगरी, विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा कुनै पनि कर्मचारीलाई समायोजनमा चित्त नबुझेको भए, समायोजनका क्रममा प्राविधिक त्रुटि सच्याउन र चित्त नबुझेका कर्मचारीहरूको हकमा समायोजनको पत्र प्राप्त भएपश्चात् आफूलाई परेको मर्का उल्लेख गरी मन्त्रालयमा गुनासो गर्ने व्यवस्था गरिएको र सो गुनासो सम्बोधन गर्नका लागि मन्त्रालयमा ६ सदस्यीय **"गुनासो व्यवस्थापन एवं सहजीकरण समिति"** समेत गठन भई मन्त्रालयस्तरबाट गुनासो व्यवस्थापन गर्ने व्यवस्था गरिएको भन्ने कुरा विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लिखित जवाफबाट देखिन आएको छ । यसरी निज निवेदक बबिता थापाको गुनासोको दर्ता नं.४९३९ को निवेदनको किनारा लगाउने काम उक्त **"गुनासो व्यवस्थापन एवं सहजीकरण समिति**" कै रहेको देखिन्छ । उक्त समितिले निवेदकको निवेदन / गुनासो / उजुरीको सम्बन्धमा किनारा लगाउन बाँकी नै रहेको भन्ने देखिँदा सोही समितिबाट सम्बोधन हुन सक्ने नै देखिने ।

निज निवेदक हाल कार्यरत रहेको गोदावरी नगरपालिका ललितपुरमा निर्मला कार्कीलाई समायोजन गरिएको र सो स्थानमा निर्मला कार्कीको पदस्थापनासमेत भइसकेको भन्ने निवेदनमा उल्लेख भएको र निज रिट निवेदकले निर्मला कार्कीलाई विपक्षीसमेत नबनाएको हुँदा निज निर्मला कार्कीलाई सुनुवाइको मौका नै नदिई निजको हकहितमा असर पर्ने गरी निर्णय गर्नु प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल हुन जाने ।

तसर्थ, निवेदकको निवेदन मागबमोजिम रिट जारी हुन सक्ने अवस्था विद्यमान देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । रिट निवेदन खारेज हुने ठहरेकाले यस अदालतबाट मिति २०७६।८।१७ मा जारी भएको अन्तरिम आदेश कायम रहन नसक्ने हुँदा सोसमेत बदर हुने ।

इजलास अधिकृत: नवीनकुमार यादव

इति संवत् २०७६ साल फागुन २१ गते रोज शुभम् ।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७४-CR-१५७८, *भ्रष्टाचार,*

*नेपाल सरकार वि. तीर्थराज भट्टराईसमेत*

प्रतिवादीमध्येका मिथिलेश्वर तिवारीले अनुसन्धानको क्रममा बयान कागज गर्दा प्रतिवादी तीर्थराज भट्टराईलाई रू.४,००,०००।-, प्रतिवादी यामनारायण शर्मालाई रू.३,००,०००।- र प्रतिवादी चिरञ्जिवी खड्कालाई रू.१,५०,०००।- दिएको भन्ने बेहोरा लेखाएको भए तापनि निजले अदालतसमक्ष बयान गर्दा सो बेहोरालाई इन्कार गरेको र निजले उक्त रकम निज प्रतिवादीहरूलाई दिएको भन्ने कुरा अन्य कुनै स्रोतबाट पनि पुष्टि हुन सकेको नपाइएको हुँदा निज प्रतिवादी मिथिलेश्वर तिवारीको अनुसन्धान अधिकारीसमक्षको भनाइलाई प्रमाणमा ग्रहण गर्न सक्ने देखिएन। प्रतिवादीहरूलाई अर्का प्रतिवादी मिथिलेश्वर तिवारीले रकम दिएका भए सो विषयमा थप अनुसन्धान गरी त्यसरी घुसबापत दिएको रकमलाई समेत छुट्टै बिगो कायम गरेर ल्याउन सक्नुपर्नेमा सो सम्बन्धमा थप अनुसन्धान भएको पाइएन । यसबाट प्रतिवादी मिथिलेश्वर तिवारीको उक्त भनाइमा सत्यता भएको भन्ने कुरामा अनुसन्धान अधिकारी नै विश्वस्त हुन सकेको पाइएन । यस्तो स्थितिमा प्रतिवादीहरूका बिचमा मिलोमतो थियो र बदनियतका साथ काम गरेर गैरकानूनी किसिमबाट रकम लिनुदिनु भएको थियो भन्ने कुरा पनि स्थापित हुन सकेको पाइएन । खरिद प्रक्रियामा प्रत्यक्षरूपमा जिम्मेवार भएका जिल्ला विकास समिति काठमाडौंका स्थानीय विकास अधिकारी (कार्यालय प्रमुख), लेखा प्रमुख र स्टोरकिपरले त्रिपाल आपूर्तिकर्ताबाट तोकिएभन्दा कम गुणस्तरको त्रिपाल स्वीकार गर्न रकमको लेनदेन गरी मिलोमतो गरेको भन्ने पुष्टि हुन नसकेको स्थितिसमेत देखिँदा प्रतिवादीहरू विरूद्धको आरोप दाबी पुग्न सक्ने नदेखिने।

अत: प्रतिवादीहरूले आरोप दाबीबमोजिमको कसुर गरेको ठहर्छ वा ठहर्दैन भन्ने प्रश्नका सम्बन्धमा विचार गर्दा, महाभूकम्पको कारण मुलुकमा पर्न गएको विपत्ति र मानवीय पीडाको असामान्य अवस्थामा प्रभावित जनताहरूलाई तत्काल राहत पुऱ्याउनु सरकारको पहिलो दायित्व हुने भएकोले भूकम्पबाट पीडित व्यक्तिहरूलाई तत्काल राहत पुऱ्याउनको लागि सकेसम्म छिटो प्रक्रिया अवलम्बन गरी त्रिपाललगायतका राहत सामग्री खरिद गर्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्, केन्द्रीय दैवी प्रकोप उद्धार समिति, दैवी प्रकोप उद्धार जिल्ला समितिबाट भएका माथि उल्लिखित निर्णयहरू, विशेष परिस्थितिमा खरिद गर्दा अवलम्बन गर्नुपर्ने सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा रहेका कानूनी व्यवस्थाको उल्लङ्घन गरी खरिद गरेको भन्ने अवस्था नदेखिएको र प्रतिवादीहरूको बदनियत तथा मिलोमतो रहे भएको भन्ने कुरा स्थापित हुन सकेको अवस्था नहुँदा प्रतिवादीहरूले त्रिपाल खरिदमा अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने आरोप दाबी पुग्न सक्दैन । प्रतिवादीहरू तीर्थराज भट्टराई, यामनारायण शर्मा, चिरञ्जिवी खड्का, मिथिलेश्वर तिवारी, होमप्रसाद गौतम र झम्कप्रसाद गौतमले आरोप दाबीबाट सफाइ पाउने ठहर्छ भनी विशेष अदालतबाट मिति २०७४।१२।०४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृत : विकास बस्नेत

इति संवत् २०७६ साल माघ ७ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७६-CR-००९०, ठगी, *नेपाल*

*सरकार वि. पुरूषोत्तम कुमार भण्डारीसमेत*

वादी पक्षले प्रतिवादीहरू ईश्वरी श्रेष्ठ, सुवर्णकुमार भण्डारी र संगिता भण्डारी उक्त संस्थाको सञ्चालक समितिका सदस्य भएका कारण निजहरूको निर्णयले गर्दा जाहेरवालाहरू ठगीमा परेको भन्ने पुनरावेदन जिकिर पुष्टि हुने आधार कारणसहितको सञ्चालक समितिको निर्णय पर्चा, पुस्तिका वा प्रतिबद्धता पत्र वा अन्य कुनै पनि विश्वासयोग्य, वस्तुनिष्ठ, विवादरहित र शंकारहित प्रमाण पेस गर्न सकेको भन्ने मिसिल संलग्न कागजातबाट देखिँदैन। साथै कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता नं. १२४०००/०७०/०७१ भएको बिर्तामोड इन्स्टिच्युट अफ डेन्टल ट्रेनिङ सेन्टर प्रा.लि. को नियमावलीको नियम ११ मा "*यस कम्पनीमा सञ्चालक समिति रहने छैन र सञ्चालक समितिले गर्नुपर्ने काम सेयरधनी आफैँले गर्ने छ*" भनी उल्लेख भएको कुरा र प्रतिवादी पुरूषोत्तमकुमार भण्डारी आफू एकल सेयरधनी रहेको भनी उल्लेख गरेको बयान बेहोरालाई वादी पक्षले अन्यथा हो भन्न सकेको पनि देखिँदैन। प्रतिवादीहरूउपरको आरोपित कसुर पुष्टि हुने प्रमाणको भार वादी पक्षमा रहने प्रमाण ऐन, २०३१ को दफा २५ को व्यवस्थाबमोजिम वादी पक्षबाट कसुर पुष्टि हुने प्रमाणहरू पेस भएको पनि देखिँदैन। वस्तुनिष्ठ सबुद प्रमाणको अभावमा शंकाको भरमा मात्रै प्रतिवादीहरूलाई कसुरदार कायम गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुने देखिन्छ। मिसिल संलग्न जाहेरी दरखास्त, प्रतिवादीहरूको बयान, जाहेरवालाहरूको बकपत्रसमेतबाट प्रतिवादीहरू ईश्वरी श्रेष्ठ, सुवर्णकुमार भण्डारी र संगिता भण्डारीको हकमा निजहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी सुरू झापा जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

प्रतिवादीहरूको इन्स्टिच्युटमा जाहेरवालाहरूसँगै भर्ना भएका र निज प्रतिवादीहरूउपर जाहेरी नदिएका अन्य विद्यार्थीहरूले जम्मा गरेको रकमको हकमा समेत विचार गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा प्रतिवादीहरूले प्रकाशित गरेको विज्ञापनबमोजिम जाहेरवालाहरूबाहेक सो संस्थामा अध्ययन गर्न के कति संख्यामा विद्यार्थीहरू भर्ना भएका थिए, के कुन तरिका र माध्यमको आधारमा पीडितहरूबाट के कति रकम प्रतिवादीहरूले प्राप्त गरेका थिए ? सहपाठी अन्य विद्यार्थीहरूले आफूउपर ठगी भएको भनी प्रतिवादीहरूउपर जाहेरी दिएपश्चात्का विभिन्न चरणहरूमा अन्य पीडित विद्यार्थीहरूले प्रतिवादीहरूउपर जाहेरी नदिनुको मुख्य कारण के हो ? भन्ने कुरा वादी पक्षले कारण प्रमाणसहित खुलाउन सकेको देखिँदैन। वादी पक्षको पुनरावेदन जिकिर समर्थित हुने जाहेरी बेहोराहरू, जाहेरवालाहरूको बकपत्र बेहोराहरू, वादी पक्षका साक्षीहरूलगायतका आरोपित कसुर पुष्टि हुने अत्यावश्यक अवयवहरूको उपस्थिति रहेको भनी विवादरहित, शंकारहित, विश्वासयोग्य र वस्तुनिष्ठ प्रमाणहरू वादी पक्षले पेस गरी प्रस्तुत पुनरावेदन जिकिरबमोजिमको अभियोग मागदाबी प्रमाणित गर्न सकेको देखिँदैन। उल्लिखित आधार कारणसमेतबाट जाहेरी नै नदिने व्यक्तिहरूको हकमा समेत वादी दाबीबमोजिमको बिगो कायम गरिपाउँ भन्ने दाबी पुग्न नसक्ने गरी भएको सुरू

झापा जिल्ला अदालतको फैसला सदर गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट भएको फैसला मुनासिब नै देखियो। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार, कारणबाट प्रतिवादीहरू ईश्वरी श्रेष्ठ, सुवर्णकुमार भण्डारी र संगिता भण्डारीले अभियोग मागदाबीबाट सफाइ पाउने र जाहेरी नै नदिएका जाहेरवालाहरूको हकमा बिगो कायम गराउन नमिल्ने भनी भएको सुरू झापा जिल्ला अदालतको फैसला सदर गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७५।१०।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : प्रकाशदत्त भट्ट

कम्प्युटर : रवि दुवाल

इति संवत् २०७७ साल जेठ २३ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CR-०४९५, नक्कली (खोटा) मुद्रा चलन, *सुमन कल्याण अर्याल वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी सुमन कल्याण अर्यालले नेपालमा खरिद बिक्रीमा समेत बन्देज भएको नक्कली भारतीय रू.५००।- दरका ४० थान रू.२०,०००।- नोटको लेनदेनमा संलग्न भएको, अन्य बैंक तथा वित्तीय संस्थाले कारोबार र सटही गर्न इन्कार गरेको अवस्थामा आफू सेयर सदस्य रहेको वालिङ बचत तथा ऋण सहकारी संस्थाबाट भारतीय रूपैयाँ सटही गरेको देखिएबाट कानूनले प्रतिबन्धित गरेको काम हो भनी प्रतिवादीलाई थाहा नहुने भन्ने स्थिति पनि नरहेको देखिँदा खरिद बिक्री नहुने नोट प्रतिवादीले सञ्चालनमा ल्याई अभियोग मागदाबीबमोजिमको कसुर गरेको भन्ने उपर्युक्त विवेचना गरिएका आधार प्रमाणहरूबाट पुष्टि हुन आएको देखिँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५(१) को कसुरमा निज प्रतिवादी सुमन कल्याण अर्याललाई सोही ऐनको दफा ९६(१) बमोजिम १(एक) महिना कैद र रू.५०,०००।- (पचास हजार) जरिवाना हुने गरी पुनरावेदन अदालत पोखराबाट भएको फैसला जरिवानाको हकमा मिलेकै देखियो। कैद सजायको हकमा प्रतिवादीले आरोपित कसुर स्वीकार गरी अनुसन्धानमा सहयोग पुर्‍याएको र कसुरको प्रकृति र अवस्थासमेत गम्भीर नदेखिँदा निज प्रतिवादीलाई भएको १(एक) महिना कैद सजायसम्म केही उल्टी भई प्रतिवादी हिरासतमा बसेको समयलाई कैद सजाय कायम गर्दासमेत ऐनको उद्देश्य पूरा हुने नै देखिँदा निज प्रतिवादीलाई दिन १६(सोह्र) कैद सजाय गर्नु न्यायोचित हुने देखियो। अभियोग मागदाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रतिवादी सुमनकल्याण अर्याललाई तोकिएको १(एक) महिना कैद र रू.५०,०००।– (पचास हजार) हुने ठहरेको सुरू स्याङ्जा जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत पोखराबाट मिति २०६९।०५।२५ मा भएको फैसला केही उल्टी भई प्रतिवादी सुमनकल्याण अर्याललाई कैद दिन १६(सोह्र) र जरिवाना रू.५०,०००।– (पचास हजार) हुने ठहर्ने।

इजलास अधिकृत : प्रकाशदत्त भट्ट

इति संवत् २०७६ साल माघ १७ गते रोज ६ शुभम्।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७६-RB-०१६०, बैंकिङ कसुर, *नेपाल सरकार वि. दिपेन्द्रकुमार पटेल*

प्रतिवादीले गरेको जे जुन कार्यका कारण जाहेरवालालाई अन्याय परेकोले न्याय दिलाइपाउँ भनी जाहेरी दरखास्त परेको हो सोबमोजिमको रकम प्रतिवादीबाट जाहेरवालाले प्राप्त गरिसकेको सन्दर्भमा बिगोको शून्यताको स्थितिको सिर्जना भएको भन्ने कुरा मिसिल संलग्न कागज प्रमाणबाट देखिएको, जाहेरवाला स्वयंले प्रतिवादीबाट जाहेरी बेहोरामा उल्लेख भएको रकम प्राप्त गरिसकेको भनी अदालतसमक्ष पेस गरेको निवेदन सनाखत गरिदिएकोसमेतबाट जाहेरवालाले प्राप्त गर्नुपर्ने रकम प्राप्त गरिसकेको भन्ने देखिएको र सो कुरा खण्डित हुने आधार प्रमाण अभियोजन पक्षबाट प्रस्तुत भएको मिसिलबाट नदेखिँदा तिर्नु बुझाउनुपर्ने रकम तिरी बुझाइसकेको अवस्थामा पुनः बिगो बुझाउनुपर्ने अवस्था नभएको हुँदा बिगो कायम गरी बिगोबमोजिम प्रतिवादीलाई सजाय गर्दा मनासिब हुने देखिँदैन । अर्को कुरा प्रस्तुत मुद्दाको प्रकृतिबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७(२) मा भएको कानूनी व्यवस्थाअनुसार मिलापत्र हुन सक्ने प्रकृतिको मुद्दा भएकोसमेत कुरा न्यायको रोहमा विचारणीय देखिन्छ । तसर्थ, उल्लिखित कुराहरूको समग्रतामा समुचित मूल्याङ्कन गर्दा वादी पक्षको अभियोग मागदाबीबमोजिम प्रतिवादी दिपेन्द्रकुमार पटेलबाट जाहेरवाला आशिषकुमार कुशवाहालाई बिगो भराइरहनु नपर्ने र बिगोको शून्यताको स्थितिमा बिगोबमोजिम प्रतिवादीलाई जरिवाना गर्नु नपर्ने भन्ने बेहोराको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट भएको फैसला मुनासिब नै देखियो । वादी नेपाल सरकारको पुनरावेदन जिकिर र पुनरावेदन जिकिरलाई समर्थन गर्दै विद्वान् उपन्यायाधिवक्ताले प्रस्तुत गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि प्रकरण प्रकरणमा विवेचना भई उल्लेख भएको आधार एवं कारणसमेतबाट प्रतिवादी दिपेन्द्रकुमार पटेलले अभियोग मागदाबीबमोजिमको बिगो जाहेरवालालाई बुझाउनु नपर्ने र बिगोबमोजिम जरिवाना नहुने भनी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७६।०४।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : प्रकाशदत्त भट्ट

कम्प्युटर : रवि दुवाल

इति संवत् २०७७ साल असार ५ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६९-CI-०७३६, कित्ताकाट दर्ता, दयालक्ष्मी मुस्याज्यू वि. कृष्णप्रसाद मुस्याज्यूसमेत

मलाई थाहा जानकारीसमेत नदिई जग्गाको कित्ताकाट भएको भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा हर्षमायाको मु.स. गर्ने दयाराम मुस्याजूले मिति २०६३।०२।१९ मा अदालतको फैसलाअनुसार प्रतिवादीसमेत रही कित्ताकाट गर्न मन्जुर छु भनी मालपोत कार्यालय, काभ्रेमा पेस गरी सनाखतसमेत गरेको निवेदन तथा प्रतिवादी कृष्णप्रसाद मुस्याजूले दुवैपक्षको रोहबरमा राखी कित्ताकाट गरी पठाइदिनु भनी २०६३।२।१८ मा मालपोत कार्यालय, काभ्रेमा पेस गरेको छुट्टाछुट्टै निवेदन मिसिल सामेल रहिरहेको अवस्थामा उल्लिखित कित्ताकाट गर्ने

कार्यमा निज पुनरावेदकलाई थाहा जानकारी नै नभएको भन्न सकिने अवस्था नदेखिने ।

अत: माथि प्रकरणहरूमा उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरूबाट वारेस बस्ने दयाराम मुस्याजूलाई हर्षमाया मुस्याजूले मुद्दा सकार गर्ने छोरा दयाराम भनी निजको नाममा दाबीको जग्गा नामसारी दर्ता गर्ने गरेको हदसम्म सुरू मालपोत कार्यालय, काभ्रेपलाञ्चोकको मिति २०६८।०४।११ को निर्णय मिलेको नदेखिँदा केही उल्टी गरी हर्षमायाकी अविवाहित छोरी दयालक्ष्मी मुस्याजूको नाममा कि.नं. ३४ र ९४ को जग्गा नामसारी दर्ता हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने ।

इजलास अधिकृत : विकास बस्नेत

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल माघ ८ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७३-CR-०८४०, *लागु औषध ब्राउन सुगर, नेपाल सरकार वि. वकिल खाँ*

वादी पक्षले प्रतिवादीबाट बरामद भएको लागु औषध खैरो हिरोइन सञ्जय, बिक्री वितरण र सेवनको लागि ल्याएको भन्ने कुरा पुष्टि गर्नु कुनै प्रमाण पेस गर्न सकेको अवस्था छैन । प्रतिवादीले सेवनको लागि ल्याएको भनी अदालतमा वयान गरेको पाइन्छ । यी प्रतिवादीको कथनलाई निजहरूका साक्षीले समेत पुष्टि गरिदिएको देखिएबाट प्रतिवादीहरूले सेवनसम्म गर्ने प्रयोजनको लागि उक्त बरामद भएको लागु औषध लिई आएको देखिन आयो । लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (च) र (छ) को कसुर गरेको भनी प्रतिवादीउपर दाबी लिइएको देखिन्छ । उक्त खण्डहरूमध्ये खण्ड (च) ले लागु औषध खरिद गर्ने, सञ्चय गर्ने, राख्ने वा ओसारपसार गर्ने कार्य निषेध गरेको देखिन्छ । खरिद बिक्रीतर्फको कसुर कायम हुन सो कुरा स्वतन्त्र प्रमाणबाट स्थापित हुनुपर्ने हुन्छ । "लागु औषधको सेवन तथा ओसारपसार एउटै अपराध नभई भिन्न प्रकृतिका अपराध हुन् । सेवन गर्ने गरेको तथ्य स्थापित भएको भन्ने आधारा ओसारपसार, बिक्री वितरणको कसुर स्थापित हुने होइन । व्यापारिक कारोबार प्रकृतिको बिक्री वितरणको उद्देश्य प्रमाणित हुन आवश्यक हुन्छ ।" भनी सर्वोच्च अदालतबाट भुवन के.सी. विरूद्ध नेपाल सरकार (ने.का.प.२०७६, अङ्क २, नि.नं.१०२०२) को लागु औषध खैरो हेरोइनको मुद्दामा सिद्धान्त प्रतिपादन भएको देखिन्छ । त्यसप्रकारको कुनै कारोबारको स्थिति प्रस्तुत मुद्दाका सन्दर्भमा देखिन नआएकोले निज प्रतिवादीले सेवनसम्म गर्ने प्रयोजनको लागि उक्त बरामद भएको लागु औषध लिई आएको देखिन आयो; लागु औषधको ओसारपसार, बिक्री वितरण वा कारोबार गर्ने प्रयोजनका लागि उक्त लागु औषध ल्याएको भन्ने कुरा पुष्टि नहुने ।

प्रतिवादीले निजबाट बरामद भएको उक्त २ ग्राम ७७० मिलिग्राम लागु औषध ब्राउन सुगर उक्त भे.२ प. ३६७५ नं.को मोटरसाइकलमा नै राखी ल्याएको नभई निजले लगाएको पेन्टको दायाँ खल्तीमा राखी ल्याएको अवस्थामा बरामद भएको भन्ने मिति २०७१।२।२३ को बरामदी मुचुल्काबाट देखिएको र प्रतिवादीबाट बरामद भएको उक्त २ ग्राम ७७० मिलिग्राम लागु औषध ब्राउन सुगर निजले बिक्री वितरण गर्नको लागि ल्याएको नभई आफूले सेवन गर्नसम्म ल्याएको देखिँदासमेत उक्त भे.२ प. ३६७५ नं. को मोटरसाइकल लागु औषध

(नियन्त्रण) ऐन, २०३३ को दफा १८ बमोजिम जफत नहुने गरी पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

तसर्थ, उल्लिखित आधार एवं कारणहरूसमेतबाट प्रतिवादी वकिल खाँले निजबाट बरामद भएको लागु औषध ब्राउन सुगर सेवन गर्ने प्रयोजनका लागि मात्र लिई हिँडेको र बिक्री वितरण गर्ने गरेको भन्ने नदेखिँदा निज प्रतिवादी वकिल खाँलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(६)(१) बमोजिम ५ वर्ष कैद र रू.५,०००।- जरिवाना गर्ने ठहऱ्याई भएको बाँके जिल्ला अदालतको मिति २०७२।१०।०४ को फैसलालाई केही उल्टी गरी निज प्रतिवादीलाई सोही लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (छ) को कसुरमा सोही ऐनको दफा १४(१)(ङ) बमोजिम १ (एक) वर्ष कैद हुने र बरामद भएको भे.२ प. ३६७५ को मोटरसाइकल जफत नहुने समेत ठहऱ्याई भएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७३।३।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृत: नवीनकुमार यादव

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७७ साल जेठ ६ गते रोज शुभम्।

## इजलास नं.६

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७१-CR-०९८२, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. सुनिलप्रसाद पन्तसमेत*

पीडित र घटना विवरण कागज गर्ने मानिसहरूले घटनाप्रति नै सन्देह व्यक्त गरेको, गोली प्रहार गर्ने व्यक्तिको पहिचान हुन नसकेको, घटनाको प्रत्यक्षदर्शी नरहेको अवस्थामा मौकामा व्यक्त भएको भनाइका आधारमा मात्र कसुर घटाएको मान्नु हामीले अवलम्बन गरी आएको न्यायिक परम्परा र मान्यताअनुकूल रहेको मान्न मिल्ने देखिँदैन । प्रतिवादीहरू अदालतसमक्ष कसुर गरेकोमा इन्कार रहेका, जाहेरवालासमेतका मौकामा कागज गर्ने मानिसहरूले घटना घटेको तथ्यलाई पुष्टि हुने गरी अदालतसमक्ष बकपत्र गर्न नसकेकोसमेतबाट प्रतिवादीहरूको योजनामा र संलग्नतामा नै ज्यान मार्ने उद्योगको वारदात घटेको हो भनी अनुमान र तर्कको आधारमा न्यायिक निष्कर्ष निकाल्नु स्वाभाविक हुने नदेखिँदा प्रतिवादीहरूले नै वारदात घटाएका हुन् भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

वारदातमा प्रतिवादीहरूको योजना, मिलोमतोसमेतको संलग्नता खुलेको अवस्था छैन । प्रतिवादीहरूले ज्यानै मार्ने मनसायले गोली चलाएको भन्ने पनि देखिँदैन । प्रतिवादीहरू नविन भुजेल र रामकुमार चौधरीसमेतको योजना, मिलोमतो, सल्लाह र संलग्नताबाट वारदात घटेको ठोस एवं वस्तुनिष्ठ आधार मिसिल संलग्न रहेको देखिँदैन । प्रतिवादीहरू सँगै बसेर होटलमा नास्ता खाएको, मोटरसाइकलमा सँगै वारदातस्थलसम्म गएको भन्नेसम्म देखिएको आधारमा कसुर गरेको, गर्न लगाएको भन्ने कुनै स्पष्ट प्रमाणबाट समेत खुल्न आएको देखिँदैन । प्रतिवादीहरूसमेत आफूले कसुर गरेकोमा इन्कार रहेबाट प्रतिवादीहरू नविन भुजेल र रामकुमार चौधरीलाई सफाइ दिने गरी र प्रतिवादी सुनिलप्रसाद पन्तको हकमा ५ (पाँच)

वर्ष कैद सजाय गर्ने गरी भएको सुरू फैसला उल्टी गरी निजलाई सफाइ दिने गरी पुनरावेदन अदालत दिपायलबाट भएको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

तसर्थ, विवेचित आधार र कारणबाट प्रतिवादीहरू नविन भुजेल र राजकुमार चौधरीलाई सफाइ दिने गरी र प्रतिवादी सुनिलप्रसाद पन्तको हकमा ५ (पाँच) वर्ष कैद सजाय गर्ने गरी भएको सुरू कैलाली जिल्ला अदालतको फैसला उल्टी गरी निज प्रतिवादी सुनिलप्रसाद पन्तलाई सफाइ दिने गरी पुनरावेदन अदालत दिपायलबाट मिति २०७१।८।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः विद्याराज पौडेल

कम्प्युटर: विनोदकुमार बनिया

इतिसंवत् २०७४ साल कार्तिक २० गते रोज २ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०६९-CI-१०२३, जग्गा खिचोला चलन बाली बिगो, खोपकुमारी कार्की वि. उजुरबहादुर बुढाथोकीसमेत*

वस्तुतः वादीको कानूनी हक, भोग रहेको जग्गामा निजको मन्जुरी सहमतिबिना जबरजस्ती कुलो, पैनी खन्न मिल्ने कानूनी आधार हुँदैन । व्यक्तिको सम्पत्तिको संरक्षणको दायित्व राज्यले पनि लिएको हुन्छ । मूलतः सम्पत्तिको हक नागरिकको मौलिक हक हो। नेपालको संविधानको धारा २५(३) मा *सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐनबमोजिम हुने* छ भन्ने व्यवस्था गरेको देखिन्छ। प्रतिवादीहरूले सार्वजनिक हितकै लागि एकाघरको सदस्यसँग सहमति लिई पैनी मर्मतसम्म गरेको भन्ने जिकिर लिए पनि फिल्डबुक तथा नक्सा मुचुल्काबाट उक्त पैनी खनिएको स्थानमा पहिलादेखि नै पैनी रहेको देखिन आएको छैन। वादी दाबीको जग्गामा खनिएको पैनी रहेको जग्गाको कुनै क्षतिपूर्ति तथा मन्जुरी प्रतिवादीहरूले लिएको देखिने।

मुलुकी ऐन, जग्गा मिच्नेको महलको १ नं. को कानूनी व्यवस्थाबमोजिम कसैको हकको जग्गामा अरू कसैले चाप्ने, घुसाउने, मिच्ने वा अतिक्रमण गरी आफूले भोग तथा फाइदा लिएमा जग्गा मिचेको हुने देखिन्छ। प्रतिवादीहरूले वादी खोपकुमारी कार्कीको जग्गामा निज वादीको सहमति तथा उचित क्षतिपूर्तिविना नै पैनी खनी पैनी खन्दा निस्केको माटोले अरू जग्गासमेत पुरेको देखिन आएकोले निजहरूले खिचोला गरेको देखिने।

अब, वादी दाबीबमोजिमको बिगोसमेत भराइपाउँ भन्ने वादीको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, प्रतिवादीहरूले पैनी खन्दा नोक्सान भएको धानबाली, रूखहरू तथा पैनी पुर्न लाग्ने खर्चसमेत गरी रू.३७,०००।- को बिगोको दाबी गरिएको देखिन्छ। उक्त दाबीको बिगो कायम गर्ने कुनै सबुत प्रमाण मिसिलमा संलग्न रहेको पाइँदैन। विनाआधारप्रमाण दाबीको बिगो कायम गर्न मिल्ने पनि देखिँदैन। तसर्थ, वादीहरूले पैनी खनी खिचोला गर्दा दाबीको बिगोबमोजिमको नोक्सानी गरको तथ्य पुष्टि हुन सकेको अवस्थामा पुनरावेदन अदालत जनकपुरबाट प्रतिवादीहरूले खिचोला गरेको ठहर गरी बिगोको दाबी पुग्न नसक्ने गरी गरेको फैसला अन्यथा भन्न मिलेन। पुनरावेदक वादीको तर्फबाट उपस्थित कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रतिवादीहरूले विवादित न.नं.

का जग्गाहरू खिचोला गरेकोसम्म ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत जनकपुरबाट मिति २०६९।०३।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः चेतराज पन्त, कालिबहादुर साम्यू लिम्बू

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल श्रावण १६ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** *०७५-WO-०४९३, उत्प्रेषण / परमादेश, राजेन्द्र नेपाली वि. उच्च अदालत पोखरासमेत*

पति टिकाबहादुर नेपालीको स्वर्गे भएपश्चात् पुतली नेपालीले छोरा राजेन्द्र नेपालीउपर कास्की जिल्ला अदालतमा ०७१-CP-०३१९ को अंश चलन मुद्दा दिएको र उक्त मुद्दामा वादी तथा प्रतिवादी एकासगोलका २ जना अंशियार मात्र भएकोले वादी पुतली नेपाली, निजका पति स्व. टिकाबहादुर नेपाली, प्रतिवादी राजेन्द्र नेपाली र निजकी श्रीमती शोभा नेपालीसमेतका नाउँको मिति २०६६।७।५ र २०६६।१०।३ मा राजीनामाबाट प्राप्त गरी टुरिजम बैंकमा धितो रहेको सम्पूर्ण सम्पत्तिबाट २ भागको १ भाग वादीले अंश पाउने र उक्त बैंकको ऋण २ भागको १ भाग वादीले बेहोर्नुपर्ने गरी मिति २०७३।१।१२ मा फैसला भई सोउपर प्रतिवादीहरूको पुनरावेदन नपरी फैसला अन्तिम भएको देखिन्छ। अंश मुद्दाको फैसलाबमोजिम बन्डा छुट्याइपाउँ भनी वादीले कास्की जिल्ला अदालत, तहसिल शाखामा दिएको निवेदनमा तहसिल शाखाको डोरबाट तायदातीमा उल्लिखित कि.नं. ४३६९ र कि.नं. ८८ को जग्गाबाट बन्डा छुट्याउने गरी बन्डा मुचुल्का खडा गरी तहसिलदारले सो बन्डा मुचुल्का रीतपूर्वक भएको भनी मिति २०७५।१।९ मा आदेश गरेको देखिने।

बन्डा मुचुल्कामा उल्लिखित स्व. टिकाबहदुर नेपालीका नाउँको कि.नं. ४३६९ को घरजग्गा सम्बन्धमा हेर्दा, निवेदिका वादी पुतली नेपालीले बन्डा छुट्याइपाउँ भनी कास्की जिल्ला अदालत तहसिल शाखामा दिएको निवेदनमा प्रतिवादीका नाउँमा म्याद जारी भई दुवै पक्षलाई बन्डा छुट्याउने डोरको तारेख तोकी मिति २०७५।१।७ मा बन्डा मुचुल्का खडा भएको विषयमा विवाद देखिँदैन। उक्त बन्डा मुचुल्कामा कि.नं. ४३६९ को क्षे.फ.०-६-१-२ जग्गाको पश्चिमतर्फ पक्की मोटरबाटो, पूर्वतर्फ सँधियारको जग्गा, उत्तर दक्षिणतर्फ सँधियारको घरजग्गा भई उत्तरतर्फबाट पूर्व मोहडा हुने गरी क्षे.फ. १०१.३५ व.मि. जग्गा र सो जग्गामा पर्ने जति घर पुतली नेपालीले कित्ताकाट गरी दा.खा. नामसारी गरी छुट्याई लिन पाउने बन्डा मुचुल्कामा उल्लेख भएको देखिन्छ। उक्त कित्ता घरजग्गाको पश्चिमतर्फ पक्की मोटरबाटो भएतर्फ दुई सटरसहितको बाँकी आधा घरजग्गा रिट निवेदकको भागमा पर्न आएको देखियो। बन्डा मुचुल्काबाट दुवै पक्षलाई बाटो निकास, घरबास, नरम गरम मिलाई २ कित्ताबाट मात्र निवेदिका वादीलाई बराबर अंश बन्डा छुट्याई बाँकी आधा भाग रिट निवेदकको बन्डामा पर्ने गरी बन्डा मुचुल्का भएको देखियो। बन्डा मुचुल्कामा उल्लेख भएबाहेकका जग्गाको सम्बन्धमा निवेदिकाले अंश छुट्याइपाउँ भन्ने निवेदन दिएकी छैनन्। वस्तुत: निवेदककी आमा विपक्षीले उक्त २ कित्ता घरजग्गाबाट सम्म आधा अंश लिएको देखिने।

वादी एकल महिला, ज्येष्ठ नागरिक भएकी र छोराबुहारीसँग एकाघर सगोलमा बस्न नसक्ने परिस्थिति परी अलग्गै डेरा लिई बसेको भन्ने सुरू मिसिलसमेतबाट देखिएको छ । अंश मुद्दाको फैसला कार्यान्वयन छिटो छरितो भएमा फैसलाले जीवन्तता पाई व्यावहारिक रूपमा नै न्याय प्राप्त हुन्छ । यसमा दुईमत हुन सक्तैन । जीवनयापनसँग प्रत्यक्ष सम्बन्ध रहने श्रीसम्पत्तिको बाँडफाँटको विषय एकल महिलाको लागि छिटो, छरितो र चाँडै फैसला कार्यान्वयन गरिदिनु वाञ्छनीय हुन्छ । आमाले छोरासँग अंश पाउँ भनी मुद्दा दिनुपर्नेसम्मको अवस्था सिर्जना हुँदा पनि फैसला कार्यान्वयनको विषयलाई विनाकारण अल्मल्याई रहन न्यायोचित हुन सक्तैन । बन्डा मुचुल्कामा नरम गरम तथा आधी आधी घरको हिस्सा बाँडिएको भन्ने हुँदा घरबासविहीन भएको भन्ने रिट निवेदन मनासिब देखिएन । निवेदकले रिट निवेदनमा उठाएको प्रश्न अंश मुद्दाको बन्डा छुट्याउने क्रममा के कसरी बेरित वा गैरकानूनी भएको हो सो विषयलाई स्पष्ट र वस्तुनिष्ठ ढङ्गले पुष्टि गरी निवेदन दाबी प्रमाणित गर्न सकेको देखिएन । तसर्थ, मिति २०७५।१।९ को बन्डा मुचुल्कालाई अन्यथा मान्नुपर्ने स्थिति नदेखिने।

अत: उपर्युक्त विवेचित तथ्य एवं आधार कारणबाट कास्की जिल्ला अदालत, तहसिल शाखाको डोरबाट बन्डा छुट्याउने गरी भएको आदेशलाई बेरितको भन्न मिल्ने नदेखिई अंशबन्डा रीतपूर्वक भएको देखिएकोले सो बन्डा मुचुल्का बदर नगर्ने गरी भएको कास्की जिल्ला अदालतको मिति २०७५।६।५ को आदेश सदर गर्ने उच्च अदालत पोखराको आदेश गैरकानूनी देखिन आएन । तसर्थ, डोरबाट भएको बन्डा मुचुल्का रीतपूर्वक भएको भनी कास्की जिल्ला अदालतले गरेको मिति २०७५।६।५ को आदेश सदर गर्ने गरेको उच्च अदालत पोखराको मिति २०७५।७।२९ को आदेश गैरकानूनी देखिन नआएकोले मागबमोजिम आदेश जारी हुन सक्ने देखिएन । रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: नरहरि ढकाल

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७५ साल माघ ७ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री डम्बरबहादुर शाही,** *०७४-WH-००३०, बन्दीप्रत्यक्षीकरण, संजित मानन्धर वि. त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचर काठमाडौंसमेत*

निवेदक संजित मानन्धरले आरोपित कसुरमा इन्कारी रही बयान गरे तापनि सशस्त्र प्रहरी बलमा प्रहरी नायब निरीक्षक पदमा सुरूक्षा कार्यमा एअरपोर्टमा खटिएको भन्ने तथ्यमा विवाद रहेको छैन । पार्वती गुरूङले हवाइजहाजबाट उत्रने क्रममा आफूलाई मोबाइलबाट सम्पर्क गरेको र वारदातको समयमा लेखबहादुर रजालीले सुन राखेको स्थाननजिक पुगेको / रहेको तथ्यलाई स्वीकार गरी बयान गरेको देखिन्छ । सुन बरामद भएको स्थान आगमन कक्षबाट नजिक रहेको सुन ट्वाइलेटमा फेला परेको र प्रतिवादी ट्वाइलेटमा गई निवेदक पनि गएको भन्ने सिसिटिभि फुटेजबाट देखिएको छ । सहअभियुक्तहरूको पोल एवं परिस्थितिजन्य तत्काल प्राप्त सिसिटिभि र कल डिटेल, सुरक्षा जाँचको गहन जिम्मेवारी भएका राष्ट्रसेवक को अवैध सुनसहित पक्राउ परेका प्रतिवादीहरूसँग अस्वाभाविक सम्बन्ध र सम्पर्कजस्तो परिस्थितिजन्य अवस्था

रहेको आधार प्रमाणबाट निजउपर अभियोग दाबी पेस भएको र कानूनबमोजिम नै आदेश भएको पाइने।

अख्तियारवालाबाहेक कोही कसैले पनि कसैको वैयक्तिक स्वतन्त्रता अपहरण हुने गरी थुनामा राखेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश प्रभावकारी हुने हो । बन्दीप्रत्यक्षीकरण न साधारण अदालतको क्षेत्राधिकारको विकल्प हो न पुनरावेदकीय तहको रूपमा हेर्न र प्रयोग हुन्छ। यसको आफ्नो विशिष्ट महत्त्व छ। सामान्य तथा साधारण अदालतको क्षेत्राधिकारबाट हेरिएको मुद्दामा अन्यथा प्रमाणित नभएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न आवश्यक नदेखिने।

अतः विवेचित आधार र कारणबाट कानूनबमोजिम मुद्दा हेर्ने निकाय राजस्व न्यायाधिकरणबाट तथ्य प्रमाणहरूको विश्लेषण गरी निवेदकलाई मुद्दा पुर्पक्षको लागि धरौट माग्ने गरी मिति २०७४।५।२३ मा भएको आदेशबमोजिम धरौट / जमानत दिन नसकी थुनामा बसेको विषयलाई अन्य उपचारको मार्ग नभएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने निवेदकको माग मनासिब देखिएन । प्रमाणको मूल्याङ्कन गरी विवादको निरूपण हुने विषय भएको, कानूनबमोजिम अख्तियारप्राप्त निकायबाट तत्काल प्राप्त प्रमाणको मूल्याङ्कन गरी थुनामा राखेको पाइएको, विवादको निरूपण हुन बाँकी नै देखिएको अवस्थामा निवेदकलाई गैरकानूनी रूपमा थुनामा राखेको देखिन नआएकाले निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था देखिन आएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई
कम्प्युटर : देवीमाया खतिवडा (देविना)
इति संवत् २०७४ साल मङ्सिर ४ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७४-CR-१३४५, कर्तव्य ज्यान, विनोदकुमार यादव वि. नेपाल सरकार*

प्रतिवादी विनोदकुमार यादवले अदालतसमक्षको बयानमा आफूले मादक पदार्थ सेवन नगरेको भनी बयान गरे तापनि जाहेरी बेहोरामा निज प्रतिवादीले मादक पदार्थ सेवन गरी वारदात घट्न गएको भन्ने उल्लेख भएको पाइन्छ । प्रतिवादी विनोदकुमार यादवले यस अदालतमा पुनरावेदन गर्दा मादक पदार्थ सेवन गरी घरमा झैझगडा गर्नु आफ्नो दिनचर्या नै रहेको भनी झगडा हुनुलाई सामान्यरूपमा लिइनुपर्ने भन्ने आशयको जिकिर लिएको देखिन्छ। तसर्थ, प्रतिवादीले वारदातको समयमा अनुसन्धान अधिकारीसमक्षको बयानमा आफूले मादक पदार्थ सेवन गरेको भन्ने बेहोरा पनि पुष्टि भएको देखिने।

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. को व्यवस्थाअनुसार मृतकउपर कसैले गरेको कार्य भवितव्य हुन निजले गरेको कार्य इविलागरहित सामान्यतः मानिस नमर्ला जस्तो कार्य गरेको देखिनुपर्ने हुन्छ । विना कुनै इविलाग सामान्यतः मानिस नमर्ला जस्तो कार्य गरेकोमा मानिस मर्न गएको अवस्थामा मात्र भवितव्य हुने देखिन्छ। उक्त कानूनी व्यवस्थाको पृष्ठभूमिमा प्रस्तुत मुद्दाको तथ्यगत अवस्था हेर्दा प्रतिवादीले आफ्नी छोरीलाई भाटाले टाउको र बक्सिङले शरीरको अन्य भागमा

कुटपिट गरेको कारण मृतकको मृत्यु भएको तथ्य पुष्टि भएको छ । ज्यानसम्बन्धी महलको ५ नं. मा उल्लेख भएको अवस्थाअनुसार भवितव्यबाट मृतकको मृत्यु भएको भन्ने घटनाक्रमबाट देखिन आएको छैन । प्रतिवादीले मृतकको टाउको जस्तो संवेदनशील अङ्गमा भाटा र बक्सिङसमेत प्रहार गरेको देखिन आएको छ । यस अवस्थामा प्रतिवादीको कार्य भवितव्यअन्तर्गतको रहेको भन्न मिल्ने नदेखिने ।

प्रतिवादी विनोदकुमार यादवले भाटा र बक्सिङसमेत मृतक रविनाकुमारी यादवको टाउको जस्तो संवेदनशील अङ्गमा प्रहार गरेको देखिन आएको छ । मृतकको हत्यामा निज प्रतिवादी विनोदकुमार यादवको एकल संलग्नता रहेको देखिँदा निजको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अन्तर्गतको कसुर देखिन आएकाले निजउपर सोही कानूनी व्यवस्था आकर्षित हुने देखियो । आफूलाई भवितव्यतर्फ सजाय हुनुपर्ने भन्ने प्रतिवादीको जिकिर मनासिब नहुँदा उच्च अदालत जनकपुर, राजविराज इजलासबाट भएको फैसला अन्यथा भन्न नमिल्ने ।

अतः उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादी विनोदकुमार यादवलाई सुरू सिराहा जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको फैसला सदर गरेको उच्च अदालत जनकपुर, राजविराज इजलासको मिति २०७४।०९।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । यद्यपि, मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम निज प्रतिवादी विनोदकुमार यादवलाई सर्वस्वतर्फको सजाय नहुने भएकाले निजलाई जन्मकैदको मात्र सजाय हुने ।

अब, उच्च अदालतले प्रतिवादीलाई घटी सजाय गर्ने गरी अ.बं.१८८ नं. बमोजिम व्यक्त भएको राय मिलेको छ, वा छैन ? भन्नेतर्फ विचार गर्नुपर्ने भएको छ । यस सम्बन्धमा प्रस्तुत मुद्दाको घटनाक्रमलाई हेर्दा प्रतिवादीको मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी एवं मनसाय रहेको देखिँदैन । निजले नियोजित रूपमा घटना घटाएको नभई श्रीमान् श्रीमतीबिच भएको विवादमा अचानक उपस्थित भएकी आफ्नी छोरीलाई साधारण लाठा, मुक्का प्रहार गरेको अवस्था छ । उल्लिखित घटनाक्रम एवं घटना घटाउन प्रयोग भएको साधनसमेतलाई विचार गर्दा ठहरेबमोजिम प्रतिवादीलाई सजाय गर्दा चर्को पर्ने देखिन्छ । उच्च अदालतले निजलाई ५ (पाँच) वर्ष कैद सजाय हुन रायसमेत व्यक्त भएको छ । यी समग्र अवस्थालाई विचार गर्दा, निजलाई अ.बं.१८८ नं. बमोजिम ७ (सात) वर्ष कैद सजाय हुन मनासिब भएकाले ७ (सात) वर्षको कैद सजाय हुने ।

इजलास अधिकृतः कालीबहादुर साम्यू लिम्बू
कम्प्युटर: देवीमाया खतिवडा
इति संवत् २०७६ साल वैशाख २४ गते रोज ३ शुभम्।

## ६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०६८-CI-०३२३, जग्गा खिचोला घर उठाई चलन, बेचनी देवी वि. प्रितम मोचीसमेत*

सुरू अदालतबाट भएको नक्सा मुचुल्कामा न.नं. १, २ र ३ को जग्गा गाउँ ब्लक नं. ३६२ अन्तर्गत कि.नं. २१ को भएको भनिएकोमा सो जग्गादेखि दक्षिणतर्फ रहेको न.नं. ४ को जग्गा गाउँ ब्लक ३६२ अन्तर्गत सा.कि.नं. २३ भित्रको भई प्रतिवादीहरूले नै घर बनाई बसोबास गरी आएको

भन्ने उल्लेख भएको देखिन्छ । यस तथ्यबाट प्रतिवादीले प्रतिउत्तर पत्रमा जिकिर लिएबमोजिम विवादित जग्गाको दक्षिणतर्फ निचितको जग्गा नभई यी प्रतिवादीको भोगको जग्गा रहेको देखिन आयो । यस अवस्थामा वादीले देखाएको विवादित जग्गाको चार किल्ला र विवादित जग्गाको वास्तविक चार किल्ला मिल्न भिड्न आएको नदेखिने ।

अर्कोतर्फ वादीले फिरादपत्रमा आफ्नो ०-०-४ जग्गामध्ये प्रतिवादीहरूले ०-०-२ धुर जग्गा खिचोला गरेको भनी दाबी लिएको देखिन्छ तर उक्त नक्सा मुचुल्कामा उक्त ०-०-४ घर जग्गामध्ये ०-०-२ जग्गामा प्रतिवादीको घर बसोबास रही बाँकी ०-०-२ जग्गामा पनि प्रतिवादीहरूकै भोग रहेको देखिन्छ । वादीले दाबी गरेबमोजिम विवादित जग्गामा वादीको कुनै प्रकारको भोग रहेको नदेखिने ।

प्रस्तुत मुद्दाको उल्लिखित तथ्यगत अवस्थातर्फ हेर्दा वादीले दाबी गरेको साबिक लगत नं. ६६२ को जग्गा नै यही विवादित न.नं. १, २, ३ को जग्गा भएको भन्ने पुष्टि हुने आधार देखिँदैन । विवादित न.नं. १,२ र ३ को दक्षिणतर्फ न.नं. ४ मा प्रतिवादीको घर बसोबास रही सो जग्गा र विवादित जग्गामा समेत एकै रूपमा घर निर्माण भई विवादित जग्गामा समेत प्रतिवादीहरूले घर बनाई भोग चलन गरेको देखिन्छ । नक्सा मुचुल्काबाट उक्त विवादित घर जग्गाको छेउछाउमा कुनै जग्गा बाँकी रहेको नदेखिने ।

विवादित जग्गामा प्रतिवादीहरूले सनातनदेखि घर बनाई बसोबास गरी आएको भनी जमुनी मधेपुरा गा.वि.स.को पत्रबाट खुलिआएको देखिएको र विवादित जग्गामा प्रतिवादीहरूले लामो समयदेखि घर निर्माण गरी बसोबास एवम् भोग गरिआएको देखिएकोले विवादित जग्गा वादीको भएको भन्ने वादीको पुनरावेदन जिकिर र यस अदालतबाट भएको विपक्षी झिकाउने आदेशसँग सहमत हुन नसकिने ।

तसर्थ, उल्लिखित आधार र कारणसमेतबाट विवादित जग्गाउपर प्रतिवादीहरूको खिचोला ठहर गरेको सुरू सप्तरी जिल्ला अदालतको मिति २०६६/०१/२७ को फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहराएको पुनरावेदन अदालत राजविराजको मिति २०६७/३/२९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सरोजनिधि वाग्ले

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७६ साल वैशाख ११ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६८-CI-०३२४, जग्गा खिचोला चलन, फुलेश्वर राम वि. प्रितम मोचीसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## ७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री कुमार रेग्मी,** *०७२-WO-११६२, उत्प्रेषण, जितेन्द्रकुमार महतो वि. पुनरावेदन अदालत जनकपुरसमेत*

विपक्षी महावती नाउसमेतको कि.नं.४९१ र ४९२ को घर जग्गासमेत लेनदेन मुद्दाको फैसलाबमोजिमको बिगो असुलउपरसम्बन्धी कारबाहीको क्रममा लिलामसम्बन्धी कार्य अगाडि बढाइएको देखिन्छ । उक्त जग्गा लेनदेन मुद्दाको कारबाहीको क्रममा मिति २०७०।०१।१९ मा नै रोक्का रहेको देखिन्छ । सोही जग्गा बिगो भरिभराउको क्रममा वादीले देखाएको र लिलामी

गर्ने क्रममा जग्गा रहेको स्थानमा गई सो सम्पत्तिको जायजात तायदात मुचुल्का मिति ०७१।५।२४ मा भएको पनि देखिने।

साथै उक्त महवतीको नाउँमा दर्ता रहेको कि.नं. ४९१ र ४९२ को घर जग्गाको जायजात तायदात मुचुल्का हुँदा महावतीको एकासगोलको पति अर्थात् ऋणी प्रतिवादी सोनीलाल ठाकुर वरही रोहबरमा रहेका देखिन्छन्। निजले जायजात मुचुल्कामा कुनै विरोध जनाएको अवस्था पनि देखिँदैन। पञ्चकिर्ते मूल्याङ्कन हुँदा पनि रीतपूर्वक नै भएको देखिन्छ। तत्पश्चात् मिति २०७१।९।२१ मा लिलाम हुने सम्पत्तिको विवरणसहितको लिलामी सूचना मिति २०७१।०८।२३ मा प्रकाशित भएको देखिन्छ । उक्त लिलामीको सूचना स्वयं सम्पत्तिवाला विपक्षी महावतीले मिति २०७१।९।६ मा आफैँले बुझेको मिसिल संलग्न तामेलीबाट देखिन्छ । वस्तुतः निज महावतीको सम्पत्ति लिलाम हुने प्रक्रियामा गएको भन्ने सम्बन्धमा निजका एकासगोलका पति तथा स्वयं स्वामित्ववाला महावतीले समयमा नै रीतपूर्वक जानकारी पाएको भन्ने देखिन्छ । उल्लिखित तथ्यबाट विपक्षी अर्थात् सम्पत्ति धनीलाई लिलामी प्रक्रियामा सहभागी नगराएको भन्ने विपक्षीहरूको जिकिरसँग सहमत हुन नसकिने।

फैसला कार्यान्वयनको क्रममा भएका काम कारबाही कानूनी रीतपूर्वक भएका छन् र सो सम्पत्तिको मूल्याङ्कन कानूनबमोजिम भएको छ भने बिनाकारण फैसला कार्यान्वयनको कार्यलाई अवरोध गरिनु उचित नहुने।

लामो समयसम्म मुद्दा मामिला गरी अन्तिम फैसला भएको हुन्छ। समयमा नै फैसला कार्यान्वयन नभएमा सोको उपलब्धि प्राप्त गर्ने विषयमा अन्यौलता रहन्छ। फैसला कार्यान्वयनको क्रममा ज्यादै नै गम्भीर प्रक्रियात्मक त्रुटि भएको वा सोबाट पक्षलाई वास्तविक असर परेको अवस्थामा बाहेक कार्यान्वयनको तहमा हस्तक्षेप गर्नु न्यायको रोहमा उपयुक्त हुँदैन । निवेदकले नियमानुसार लिलाम सकार गरी ०७१ सालमा नै तोकिएको रकम रू.८,२१,३११।१६ रकम धरौट गरिरहेको देखिन्छ। यस प्रकार फैसला कार्यान्वयन अन्तिम भइरहेको र सो लिलामसम्बन्धी कारबाही रीतपूर्वक भएको अवस्थामा सानातिना त्रुटि देखाई फैसला कार्यान्वयनका कार्यलाई झन् ढिलाई गर्नु न्यायोचित नहुने।

अतः मिति २०७१।०९।२१ मा भएको लिलामसम्बन्धी सम्पूर्ण कारबाही बदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत जनकपुरबाट मिति ०७३।३।१७ मा भएको आदेश कानूनसम्मत नदेखिएबाट सो आदेश उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृतः सरोजनिधि वाग्ले
कम्प्युटर : देवीमाया खतिवडा (देविना)
इति संवत् २०७६ साल जेठ ६ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७३–CR-०४७१, जालसाजी, नन्दकिसोर महतो चाई वि. देवनन्दन महतो चाईसमेत*

वादीले र.नं.१२५२क को मिति २०६६।५।२८ मा पारित राजीनामा लिखतलाई जालसाजी घोषित गरिपाउँ भनी मिति २०७०।८।९ मा फिराद दर्ता गरेको पाइन्छ। वादी नन्दकिसोरका पिता रघुनाथ महतो चाईको २०६९ साल भाद्रमा र आमा जानकीदेवीको सोभन्दा करिब

५ वर्षपहिले नै मृत्यु भएको भन्ने अंश मुद्दाको फिराद पत्रबाट देखिन्छ । उक्त तथ्यलाई यी वादी नन्दकिसोरले अन्यथा भनी खण्डन गरेको पाइँदैन । यसबाट विवादित लिखत पारित हुँदा यी वादीका पिता रघुनाथ जीवित रहेको र निजले सो लिखतउपर नालेस दिई हक स्थापित गराउन सकेको नपाइने।

उक्त र.नं.१२५२क को राजीनामा लिखत हेर्दा, घरखर्चबापत रू. पचास हजार लिई राजीनामा गरिदिएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। पाँचै जना अंशियारहरूका नाउँमा संयुक्त नाउँ दर्ताको सम्पत्तिसमेत राखी एकासगोलमा रहे बसेको हुँदा यी वादीका पिता रघुनाथले दाबीको लिखतउपर चुनौती नदिई स्वीकार गरी बसेको देखिन्छ । घरखर्चबापत रू. पचास हजार लिई २०६६।५।२८ मा लिखत पारित गरी हकहस्तान्तरण गरेको कार्यलाई लामो अवधिसम्म स्वीकार गरी बसी २०७०।८।९ मा आएर मात्र जालसाज लिखत भनी फिराद गर्नुपर्नाको युक्तियुक्त कारण वादीले खुलाउन सकेको पाइँदैन । तसर्थ, वादीले आफूउपर अंश मुद्दा दायर भएकाले सो अंश मुद्दाको अवस्था र परिणामसमेतको आँकलन गरी प्रतिवादीउपर प्रस्तुत मुद्दा दायर गरेको स्थिति देखिने।

मुलुकी ऐन, किर्ते कागजको ३ नं. को कानूनी व्यवस्थाअनुसार जालसाजी ठहर्नका लागि अर्काको हक मेट्ने, हदम्याद तारेख जाने वा कुनै तरहले नोक्सान पुर्‍याउने उद्देश्यले झुट्टा वा फरक बेहोरा पारी कागज बनाएको वा बनाउन लगाएको कार्य भएको देखिनु पर्दछ। प्रस्तुत मुद्दमा वादीले विवादित लिखतबाट किर्ते कागजको ३ नं. अनुसारको कार्य हुन गएको भनी पुष्टि हुने कुनै प्रमाण पेस गर्न र सोको पुष्टि गर्न सकेको नपाइने।

वस्तुत: वादीका पिता जीवित छँदै निज एकासगोलमै रहे बसेको अवस्थामा अंशियार रहेका प्रतिवादी देवनन्दनले घरखर्चबापत रकम लिई राजीनामा पारित गरिदिएको लिखतलाई यी वादीले निजको पिताको मृत्युपश्चात् मात्र जालसाजी भनी विवाद उठाएको देखिन्छ। सो लिखतमा मन्जुरी नभएको भनी वादी तथा निजका पिताले समयमा नै फिराद दिई आफ्नो अंश भागमा पर्नेजति सम्पत्तिको लिखत बदर गराई हक स्थापित गराउन सकेको पाइँदैन । वादीउपर अन्य अंशियारहरूले अंश मुद्दा दायर गरेपछि मात्रै सो अंश मुद्दाको परिणाम अनुमान गरी प्रस्तुत मुद्दाको फिराद दायर गरेको अवस्था देखिन्छ । उल्लिखित अंश मुद्दामा यी वादीले हा.ब.बाट प्राप्त गरेको सम्पत्ति बन्डा नलाग्ने ठहर्नुका साथै सगोलको बाँकी अन्य सम्पत्तिमा यी वादीको समेत अंश भाग लाग्ने ठहर भइसकेको छ। तसर्थ, यस अवस्थामा विवादित लिखतबाट निज वादीको अंश हक मेटिन पुगेको स्थिति नभई मुलुकी ऐन, किर्ते कागजको ३ नं. बमोजिमको जालसाजी कार्य भएको नदेखिएकाले उक्त लिखत जालसाजी घोषित गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला मनासिब नै देखिने।

अत: विवेचित आधार कारणबाट पर्सा जिल्ला अदालतले वादी दाबीबमोजिम ५ भागको १ भाग लिखत जालसाजी घोषित गरी प्रतिवादीहरूलाई जरिवानासमेत गरेको मिति २०७१।३।३ को सुरू फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहर गरी पुनरावेदन अदालत

हेटौंडाबाट मिति २०७३।२।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दिपेन्द्र थापा मगर

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७६ साल जेष्ठ १५ गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-MS-००२१, कानून व्यवसायी आचार संहिताविपरीत कार्य गरेको, अधिवक्ता चन्दनराज रेग्मी वि. लयप्रसाद बास्कोटा*

कानून व्यवसायीको आचारसंहिता, २०५१ को व्यवस्थाबमोजिम कुनै कानून व्यवसायीले एकै मुद्दामा पक्ष र विपक्ष दुवैका तर्फबाट स्वयं मस्यौदा गर्न नहुने देखिन्छ। यसरी दुवै पक्षका तर्फबाट स्वयं मस्यौदा गरेमा कानून व्यवसायीको पेसागत आचार उल्लङ्घन हुन जाने देखिन्छ। प्रस्तुत मुद्दाका पुनरावेदकले उल्लिखित गाली बेइज्जती मुद्दामा फिरादपत्रका साथै प्रतिउत्तरपत्रमा समेत मस्यौदाकार उल्लेख गरी हस्ताक्षर गरेको हुँदा फिरादपत्र तथा प्रतिउत्तरपत्र निज स्वयंले मस्यौदा गरेको मान्नुपर्ने हुन्छ। पुनरावेदकले उक्त फिरादपत्र तथा प्रतिउत्तरपत्र आफूले मस्यौदा गरेको होइन भन्ने तथ्य स्थापित हुने गरी कुनै प्रमाण प्रस्तुत गर्न सकेको देखिँदैन। तसर्थ, निज अधिवक्ता चन्दनराज रेग्मी (प्र.प.नं. ३१२३) ले कानून व्यवसायीको आचारसंहिता, २०५१ को नियम ३ उपनियम (१) को खण्ड (भ) द्वारा निषेधित कानून व्यवसायीको पेसागत आचारविपरीतको कार्य गरेको पुष्टि हुने।

मानवीय त्रुटिका कारण उक्त गाली बेइज्जती मुद्दामा फिराद पत्रका साथै प्रतिउत्तर पत्रमा सही गर्न पुगेको रहेछ भनी विपक्षी पुनरावेदकले आरोप स्वीकार गरी निर्णय प्रक्रियामा सहयोग पुऱ्याएको अवस्था रहेको छ। निजबाट २०५५ सालमा उल्लिखित आचारसंहिताविपरीतको कार्य भएपश्चात् पुन: पेसागत आचारसंहिताविपरीतको कार्य गरेको भन्ने मिसिल संलग्न कागजातबाट देखिन आएको छैन। निजको कार्यबाट उजुरीकर्ता तथा उक्त गाली बेइज्जती मुद्दाका पक्ष विपक्षहरूको हक अधिकारमा नै असर पुगेको वा कुनै हानि नोक्सानी भएको भन्ने पुष्टि हुन सकेको पनि देखिँदैन। यस अवस्थामा निजको पेसागत निरन्तरता तथा आस्रित परिवारप्रतिको जिम्मेवारी एवम् निजबाट भएको कार्यको गाम्भीर्य र सो कार्यबाट पुग्न गएको असरसमेतलाई विचार गर्दा निजको कानून व्यवसायी प्रमाणपत्र रद्द गर्दा चर्को पर्न जाने देखिएकोले ६ महिनासम्म कानून व्यवसाय गर्न नपाउने गरी निजको प्रमाणपत्र निलम्बन गर्ने गरी नेपाल कानून व्यवसायी परिषद्, अनुशासन समितिबाट भएको निर्णय औचित्यपूर्ण नै देखिने।

अत: विवेचित आधार, कारणबाट अधिवक्ता चन्दनराज रेग्मी (प्र.प.नं. ३१२३) लाई मिति २०७६।१।१ गतेबाट लागु हुने गरी ६(छ) महिनासम्म कानून व्यवसाय गर्न नपाउने गरी निजको प्रमाणपत्र निलम्बन गर्ने गरी नेपाल कानून व्यवसायी परिषद, अनुशासन समितिबाट मिति २०७५।१२।२८ मा भएको निर्णय मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दिपेन्द्र थापा मगर

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७६ साल जेष्ठ १४ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-WO-०३८७, उत्प्रेषण / परमादेश, जगदिश आचार्य वि. प्रहरी प्रधान*

*कार्यालय, प्रबन्ध शाखा नक्साल काठमाडौंसमेत*

प्रस्तुत विषयमा निवेदक प्रा.लि. को तर्फबाट यस अदालतमा परेको सुरू निवेदनमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको उल्लिखित व्यवस्थाअनुसार आचरणको पालना भएको थियो वा थिएन भन्ने विषयमा केही पनि बोलेको देखिन आएन । प्रत्यर्थी नेपाल प्रहरी, प्रहरी प्रधान कार्यालय प्रबन्ध शाखा, नक्साल काठमाडौंबाट यस अदालतमा प्राप्त हुन आएको लिखित जवाफमा निवेदक प्रा.लि. ले बोलपत्रसाथ पेस गरेको ऊनी जर्सीको परीक्षण प्रतिवेदन उक्त कम्पनीबाट जारी नभएको भनी लेखी आएको हुनाले Bid Bond फिर्ता लिने प्रयोजनको लागि बङ्ग्याई / झुक्याई / नक्कली प्रतिवेदन बनाई बोलपत्रसाथ पेस गरी बोलपत्र कागजातमा उल्लेख भएको सर्त एवं सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२(२)(ख) को मर्मविपरीत कार्य गरेको हुनाले नै निवेदकको Bid Bond जफत गरी ऐ. ऐनको दफा २१(२)(च) बमोजिम Bid Bond जफत गरिएको भन्ने लिखित जवाफ र बहस सम्बन्धमा निवेदक प्रा.लि. को तर्फबाट उल्लिखित कानूनको व्यवस्थाविपरीत कार्य गरेको होइन भन्ने सम्बन्धमा कहीँकतैबाट खण्डनसमेत भएको नदेखिने ।

निवेदकले बोलपत्रसाथ पेस गरेका कागजातहरू सही दुरूस्त हुन् नक्कली होइन भन्ने प्रमाण पुऱ्याउने दायित्व निवेदककै हुन्छ । जाँचबुझको क्रममा निवेदकले पेस गरेको सम्बन्धित Lab (SGS India Pvt. Ltd. 226 Udhyog Vihar- Phase 1 Gurgaon- 122016, Haryana, India) बाट जारी भएको कागज भेरिफिकेसन गर्दा सो कागज आफूले जारी गरेको छैन होइन भनी जवाफ आएको छ । अब सो पेस भएको कागज सद्दे हो र सोही ठाउँबाट जारी भएको हो भन्ने पुष्टि गराउनुपर्ने प्रमाणको भार प्रमाण ऐनबमोजिम निवेदकउपर नै रहन्छ । तर, निवेदकले सोतर्फ कुनै प्रमाण पेस गरी पुष्टि गराउन सकेको नदेखिने ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २१ को उपदफा उपदफा २ मा उपदफा (१) बमोजिम पेस गरेको जमानत देहायको अवस्थामा जफत गर्नुपर्ने छ भनी गरिएको विभिन्न व्यवस्थाहरूमा उपदफाको खण्ड (च) मा **दफा ६२ बमोजिमको आचरणविपरीत काम गरेमा** भन्ने व्यवस्था रहेको देखिन्छ । त्यसैगरी ऐ. ऐनको दफा ६२ मा बोलपत्रदाता वा प्रस्तावदाताको आचरणसम्बन्धी व्यवस्था रहेको र गर्नु गराउनु नहुने विभिन्न कार्यहरूमध्ये खण्ड (ख) मा **तथ्य बङ्ग्याई वा झुक्याई पेस गर्न** नहुने व्यवस्था रहेको देखिन्छ । उल्लिखित कानूनी व्यवस्थाअनुसार बोलपत्रदाताले तथ्य बङ्ग्याई वा झुक्याई पेस गरेमा सार्वजनिक निकायले त्यस्तो बोलपत्रदाताको Bid Bond जफत गर्नुपर्ने देखिने ।

प्रस्तुत रिट निवेदकले बोलपत्रसाथ पेस गरेको ऊनी जर्सीको परीक्षण प्रतिवेदनको आधिकारिकताका सम्बन्धमा सम्बन्धित Lab बाट प्रमाणित हुन नसकेको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ बमोजिमको आचरणसम्बन्धी व्यवस्थाको पालना गरेको देखिन आएन । सो विषयलाई निवेदकको तर्फबाट कहीँकतैबाट खण्डन हुन नसक्नुले प्रत्यर्थीको जिकिरलाई अन्यथा भन्न मिलेन । प्रत्यर्थीको तर्फबाट ऐ. ऐनको दफा ६२(२)(ख) को मर्मविपरीत

कार्य गरेको हुनाले नै ऐे. ऐनको दफा २१(२)(च) बमोजिम निवेदकको रू.१३,००,०००।- (तेह्र लाख) को बोलपत्र जमानत (Bid Bond) मिति २०७४।०९।०२ गतेको निर्णयले जफत गरी राजस्व खातामा दाखिला गरेको देखिने।

तसर्थ, विवेचित आधार, कारणबाट निवेदक बोलपत्रदाता भुवनेश्वरी इन्टरनेसनल प्रा. लि. ले बोलपत्रसाथ पेस गरेको ऊनी जर्सीको परीक्षण प्रतिवेदन सम्बन्धित Lab बाट प्रमाणित हुन नसकेको कारणले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ बमोजिमको आचरणसम्बन्धी व्यवस्थाको पूर्ण पालना गरेको देखिन आएन। सोही आधारमा बोलपत्रदाता भुवनेश्वरी इन्टरनेसनल प्रा. लि. ले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२(२)(ख) बमोजिम आचरणविपरीत तथ्य बङ्ग्याई / झुक्याई पेस गरेको देखिएकोले ऐ. ऐनको दफा २१(२)(च) बमोजिम प्रत्यर्थी नेपाल प्रहरी, प्रहरी प्रधान कार्यालय प्रबन्ध शाखा, नक्साल काठमाडौंबाट Bid Bond जफत गर्ने गरी मिति २०७४।०९।०२ मा गरेको निर्णय गैरकानूनी नदेखिएको हुनाले निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन, रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः नविन खनाल
कम्प्युटर: देवीमाया खतिवडा
इति संवत् २०७६ साल आषाढ ९ गते रोज २ शुभम्।

## इजलास नं.७

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७४–WO-०८७५, उत्प्रेषण / परमादेश, वर्ल्ड वाइड कन्स्ट्रक्सन प्रा.लि, बानेश्वरसमेत वि. काठमाडौं महानगरपालिकासमेत*

प्रस्तुत विवाद करारीय प्रकृतिको सम्झौता कार्यान्वयन गर्ने विषय भएकाले रिट क्षेत्राधिकारबाट सुनुवाइ गर्न मिल्दैन भनी उठाइएको प्रारम्भिक प्रश्नको निरूपण गर्नु आवश्यक देखियो । नि:सन्देह प्रस्तुत विवाद काठमाडौं म.न.पा. र निवेदक कम्पनीहरूबिच सम्पन्न सम्झौतासँग सम्बन्धित रहेको देखिन्छ। उल्लिखित सम्झौता करारीय प्रकृतिको सम्झौता हो भन्ने कुरा पनि प्रस्ट नै छ। करारको सर्त पालना वा करारीय सम्बन्ध नियमित गर्ने विषयमा यस अदालतको असाधारण क्षेत्राधिकारबाट उपचार प्रदान गर्न मिल्दैन। यस विषयमा यस अदालतबाट कतिपय विवादका सन्दर्भमा व्याख्या र विवेचना भएका पनि छन्। सो कुरामा अहिले विमति राख्नुपर्ने कुनै कारण देखिँदैन। प्रस्तुत विवादको सन्दर्भ हेर्दा निवेदकले करारीय सम्बन्ध नियमित गर्न, गराउन वा करार सम्झौताबाट सिर्जित हकको प्रचलनका लागि उपचार माग गरेको नभएर सम्पन्न कार्यबापतको बिलअनुसारको रकम भुक्तानी नगरी बैंक जमानत असुली प्रक्रिया अगाडि बढाएकोसम्बन्धी प्रश्न उठाई निवेदन गरेको पाइयो । विवादको कारण करारीय सम्झौतासँग सम्बन्धित भए पनि निवेदनमा उठाइएका प्रश्नहरू जमानत जफत वा असुली गर्ने कुरासँग सम्बन्धित देखिएको छ। यस अवस्थामा केवल करारीय सम्झौताको कुरालाई मात्र हेरेर प्राविधिक र सतही रूपमा अर्थ ग्रहण रिट क्षेत्राधिकारबाट उपचार प्रदान गर्न मिल्दैन भन्नु मनासिब नदेखिने।

निवेदन जिकिरतर्फको विषय हेर्दा

काठमाडौं महानगरपालिकाको निर्णयबमोजिम Beautification work of Rani Pokhari सम्बन्धी निर्माण कार्यको लागि बोलपत्र आह्वान भएको देखिन्छ । परेका बोलपत्रमध्ये निवेदकको बोलपत्र स्वीकृत भई निवेदक तथा विपक्षी काठमाडौं महानगरपालिकाको कार्यालयसमेतबिच मिति २०७३/१/१० मा सम्झौता भएको र निवेदक कम्पनीहरूलाई कार्यादेश दिइएकोसमेत देखियो । निवेदक कम्पनीहरूले कार्यादेशअनुसार कार्य गर्दै आएको, विविध कारणबाट कार्य सम्पन्न हुन केही ढिलाई भएको, यसबिच सम्झौताको म्यादसमेत थप भएको र गरिएका कार्यबापत भुक्तानीका लागि निवेदक कम्पनीले रनिङ बिलसमेत काठमाडौं म.न.पा.मा पेस गरेको भन्ने देखिन्छ। बिलअनुसारको रकम भुक्तानी गरिएको देखिँदैन । यसैबिच विपक्षी काठमाडौं म.न.पा.ले मिति २०७४/१२/२३ मा ठेक्का सम्झौता रद्द गरेको पाइयो । यसपछि मिति २०७५/२/९ मा पुनः Dismantling and Disposal of RCC Retaining Wall at Rani pokhari विषय उल्लेख गरी बोलपत्र सूचना प्रकाशन गरेको र तदनुसार विपक्षीमध्येको चक्रदेवी कन्स्ट्रक्सनलाई ठेक्का बन्दोबस्त गरिदिएको देखियो । ठेक्का सम्झौता रद्द गर्ने कार्य एकतर्फी रूपमा काठमाडौं महानगरपालिकातर्फबाट भएको कुरामा विवाद नदेखिने ।

सम्झौताअनुसार निवेदकले के कति कार्य सम्पन्न गरेको हो र कति रकम भुक्तानी पाउने हो भन्ने विषय यो रिट निवेदनका सन्दर्भमा निरूपण हुने विषय देखिँदैन । विपक्षी काठमाडौं म.न.पा.ले भएका कार्यको बिल भुक्तानी गर्नुपर्ने कुरा स्वीकार गरी लिखित जवाफ पेस गरेको देखिएको छ । करार सम्झौताअनुसारको दायित्व निर्वाह गर्ने कुरामा सम्झौताका पक्षहरूबिच विवाद भएमा “Special Conditions of Contract” शिर्षकअन्तर्गत GCC 23:2 अनुसार विवादको समाधान “Adjudicator” तथा “A Three Members Dispute Resolution Committee” बाट हुने भनी उल्लेख भएकोसमेत देखिन्छ । तसर्थ, सो सम्बन्धमा थप विवेचना गरिरहन परेन । केवल अहिले बैंक ग्यारेन्टी रकम असुल गर्ने विषयतर्फ विचार गर्दा सम्झौता रद्द गर्ने कार्य विपक्षी महानगरपालिकाले गरेको भन्ने देखिएको छ । सम्झौताअनुसारका केही कार्य भएको तथ्यमा विवाद देखिँदैन । सोको बिलसमेत पेस भएको भन्ने देखियो । यस अवस्थामा विपक्षी आफैँले सम्झौता रद्द गर्ने, भए गरेका कामको मूल्याङ्कन नगरी तथा पेस भएका बिलअनुसारको भुक्तानी गर्नुपर्ने रकम नियमसङ्गत रूपमा यकिन नगरी जमानत रकम (बैंक ग्यारेण्टी) बाट असुल गर्ने भन्नु समन्यायिक दृष्टिले उचित नदेखिने ।

अतः निवेदक कम्पनी तथा विपक्षी महानगरपालिकाको कार्यालयसमेतबिच भएको सम्झौताअनुसार सम्पन्न भए गरिएका कार्यबापत निवेदकले के कति रकम भुक्तानी पाउने हो भन्ने कुरा कानूनबमोजिम यकिन गरी भुक्तानी दिने प्रक्रिया पूरा नभएसम्म बैंक जमानत बराबरको रकम असुल गर्ने गरी गरिएको निर्णय, मिति २०७५/२/९ को पत्रसमेतका काम कारबाही उत्प्रेषणको आदेशले बदर गरिएको छ । अब निवेदकले पेस गरेका बिलबमोजिम के कति रकम भुक्तानी गर्नुपर्ने हो ? कानूनबमोजिम हरहिसाब यकिन गरी सोहीअनुसार सम्झौतामा उल्लेख भएका सर्तबमोजिम बैंक जमानतबाट असुल गर्नुपर्ने, नपर्नेसम्बन्धी

निर्णय गर्नु, गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: बिना गौतम

इति संवत् २०७६ साल पौष २४ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** *०७६-WH-०१७४, बन्दीप्रत्यक्षीकरण, किशोर श्रेष्ठ वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ बमोजिम निवेदक किशोर श्रेष्ठले पुनरावेदन गर्ने प्रयोजनका लागि भएको कैदबापत धरौट राख्ने अनुमति माग गरेको र यस अदालतबाट अनुमति प्रदान भएकोसमेत देखिन्छ। यसरी दायर हुन आएको मुद्दा किनारा नलागेको, विचाराधीन अवस्थामा रहिरहेको कुरामा समेत विवाद देखिँदैन। ०७५-RI-४४२७ को मुद्दा किनारा लागी नसकेको यस अवस्थामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ तथा निवेदक शशिकान्त तिवारी विपक्षी नेपाल सरकार भएको मुद्दामा प्रतिपादित सिद्धान्तसमेतका आधारमा निज निवेदकलाई अहिले मुद्दा कारबाहीयुक्त रहँदाको अवस्थामा थुनामा राख्न मिल्ने देखिँदैन। कानूनबमोजिम मुद्दामा पुर्पक्षका लागि यस अदालतमा तारिखमा रहेको अवस्थाका मानिसलाई सो मुद्दा फैसला नहुँदै सोही मुद्दामा सुरू तथा उच्च अदालतबाट भएको फैसलाका आधारमा थुनामा राख्नु कानून प्रतिकूल हुन्छ। अतः निवेदक किशोर श्रेष्ठलाई गैरकानूनी तवरबाट कैदमा राखेको देखिएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई निजलाई तत्काल कैदबाट मुक्त गर्ने।

इजलास अधिकृत: सृजना गौतम

कम्प्युटर: विजय खड्का

इति संवत् २०७६ साल पौष ७ गते रोज २ शुभम्।

## इजलास नं.८

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सुष्मालता माथेमा,** ०७६-CR-०३६४, लागु औषध अफिमसमेत, नेपाल सरकार वि. जिवन तामाङसमेत

आफूहरू मधेसी मूलका व्यक्तिसँग तीनजना भई यी प्रतिवादीहरूको घरमा बरामद भएका गाँजा लिन गएको भनी सहप्रतिवादी सुदिपकुमार मोक्तान तथा खड्गबहादुर मोक्तानले मौकामा बयान गरेको भए पनि सो मधेसी मूलका व्यक्तिको बारेमा कुनै तथ्य खुलेको नपाइँदा निज प्रतिवादीहरूले भनेका सो व्यक्ति नै वास्तविक नभई काल्पनिक रहेको देखिन्छ। यी प्रत्यर्थी / प्रतिवादी र आरोपित कसुरमा कसुरदार ठहर भएका सहप्रतिवादी सुदिपकुमार मोक्तान तथा खड्गबहादुर मोक्तानबिच आपसमा चिनजान रहेको तथ्यसम्ममा विवाद नभए पनि अन्य तथ्यले पुष्टि नगरेसम्म आपसी चिनजान भएको र पोल गरेको भन्ने आधारमा मात्र यी प्रतिवादीहरूको समेत आरोपित कसुरमा संलग्नता रहेको भनी अनुमान गर्नु न्यायसङ्गत नहुने।

तसर्थ, माथि उल्लिखित आधार, कारणसमेतबाट सुरू मकवानपुर जिल्ला अदालतले प्रतिवादी जीवन तामाङ र ज्ञाने तामाङको हकमा

अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसलालाई सदर हुने ठहराएको उच्च अदालत पाटन, हेटौंडा इजलासको मिति २०७६/३/३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७७ साल जेठ २० गते रोज ३ शुभम्।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री कुमार रेग्मी,** ०७७-WO-०२९९, उत्प्रेषण / परमादेश, कृष्णबहादुर कार्कीसमेत वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत

रिट निवेदनमा रा.प. प्रथम श्रेणीमा ३ पद रिक्त हुने भन्दै सो पदहरूमा पदपूर्तिको लागि पशु सेवा विभागले कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा लेखी पठाएको तर सो मन्त्रालयले सबै रिक्त पदमा पदपूर्तिको लागि लोक सेवा आयोगमा अनुरोध नगरी १ पद घटाई २ पदमा मात्र पदपूर्तिको लागि लेखी पठाएको स्पष्ट देखिएको थियो, तर प्रस्तुत रिट निवेदनमा राष्ट्रिय किताबखाना र सामान्य प्रशासन मन्त्रालयले पटकपटक रिक्त पद ६२ नै हुन् भन्ने जवाफ दिएको र त्यसरी रिक्त पद लुकाएको भन्ने कुरा कतैबाट पुष्टि हुन नसकेबाट उक्त ०७६-WO-०३५६ मा भएबमोजिमको आदेश जारी गरिरहनुपर्ने नदेखिने।

यहाँ नेपाल प्रशासन सेवा, रा.प. प्रथम श्रेणी सहसचिवको यस आ.व.मा ८६ पद रिक्त हुने भए पनि ६२ पद सङ्ख्या मात्र देखाई बाँकी २४ पद सङ्ख्या लुकाइयो भन्ने निवेदन जिकिर माथि उल्लेख भएबमोजिम कतैबाट पुष्टि भएको छैन। निजामती सेवाको स्थायी रिक्त पदमा कानूनबमोजिम खुला वा बढुवाको माध्यमबाट पदपूर्ति हुने गर्दछ। अस्थायी प्रयोजनका लागि सिर्जित वा काजमा कसैलाई कहीँ खटाइएकोबाट तत्कालको लागि खाली भएको पदमा बढुवाबाट पूर्ति गर्न मिल्ने हुँदैन। निवेदकहरू स्वयम् राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत रही सामान्य प्रशासन मन्त्रालयलगायत विभिन्न मन्त्रालयमा कार्यरत रहेको देखिन्छ। रिक्त पदलाई रिक्त छैन भनी विज्ञापन नगर्दा विपक्षी मन्त्रालयलाई के फाइदा हुने हो सो भन्न सकेको अवस्था छैन। जिम्मेवार निकाय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले PIS फारम र राष्ट्रिय किताबखानाको जवाफसमेत संलग्न गरी नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणीमा यस आ.व.मा पूर्ति गर्न सकिने पद सङ्ख्या ६२ नै हो भनी यस अदालतबाट सोध्दा जवाफसमेत दिएको अवस्थामा सो कुरालाई होइन भन्ने आधार र कारण नदेखिने।

तसर्थ, माथि उल्लिखित आधार, कारणसमेतबाट नेपाल प्रशासन सेवा, रा.प. प्रथम श्रेणी सहसचिव पदको यस आ.व.मा ६२ पद सङ्ख्या रिक्त हुने देखिएको र सोहीबमोजिमका पद सङ्ख्यामा नै पदपूर्तिका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट लोक सेवा आयोगलाई पत्राचार भई लोक सेवा आयोगबाट मिति २०७७।६।२८ मा पदपूर्तिको लागि विज्ञापनको सूचना प्रकाशन गरेकोसमेतका समस्त कार्यहरू कानूनसम्मत नै भए गरेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहन परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : विष्णुप्रसाद पौडेल

कम्प्युटर : रेखा भट्टराई

इतिसंवत् २०७७सालमङ्सिर १५गतेरोज २ शुभम्।

## इजलास नं.९

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७६-RC-०१०९, कर्तव्य ज्यान, नेपाल सरकार वि. रिसिराम चौधरी*

मिसिल संलग्न घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन, मृतकका छोरा जाहेरवाला अरबिन चौधरी तथा उक्त वारदातको चश्मदिद गवाह मृतककी छोरी सुस्मिता चौधरी र घटना विवरण कागज गर्ने सुभानी चौधरीसमेतले अदालतमा आई गरेको बकपत्रसमेतका आधार प्रमाणबाट प्रतिवादीले आफ्नी श्रीमतीलाई कर्तव्य गरी मारेको देखिँदा उच्च अदालत तुलसीपुरबाट मिति २०७६।३।३१ मा निज प्रतिवादी रिसिराम चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम जन्मकैदको सजाय हुने गरी भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः माथि विवेचित आधार र कारणबाट उच्च अदालत तुलसीपुरबाट मिति २०७६।३।३१ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: दिपेन्द्रनाथ योगी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल फागुन २९ गते रोज ५ शुभम्।

## इजलास नं.१०

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री कुमार रेग्मी,** *०७४-CR-०७९४, जबरजस्ती करणी, प्रदिप खत्री वि. नेपाल सरकार*

यहाँनिर पीडितले स्पष्ट रूपमा उक्त २०७३।१०।४ को करणीमा आफ्नो मन्जुरी नरहेको, प्रतिवादीले जबरजस्ती करणी गरेको भनी प्रहरीसमक्षको जाहेरी कागज र अदालतसमक्षको बकपत्रमा पनि स्पष्ट रूपमा उल्लेख गरिदिएको पाइन्छ। आफ्नो मन्जुरी नभएको कारण प्रतिकार गरेकोले प्रमाणस्वरूप प्रतिवादीको शरीरमा घाउ चोटका चिह्न देखिएको छ भन्ने पनि देखाएको छ। सोअनुसार प्रतिवादीको शरीरको स्वास्थ्य परीक्षण जाँचमा जिल्ला अस्पताल भोजपुरले Over Left Temporal 7cm को काटिएको घाउ रहेको प्रमाणित गरेको पाइन्छ। पीडितले आफूले नै खुर्पाले काटेको भन्नु र प्रतिवादीले यो कुरा स्वीकार गर्नुले उक्त करणीमा पीडितको मन्जुरी थियो भन्ने प्रतिवादीको जिकिर विश्वसनीय देखिन आएन। पीडितको योनिमा High Vaginal Swab भेटिई Hymen च्यातिएको पुष्टि भएको देखिन्छ। बकपत्र गर्ने वादीका साक्षीहरूले वस्तुस्थितिबारेमा र घटनाबारेका तत्कालै थाहा पाएका व्यक्तिहरू सविन श्रेष्ठ, कल्पना श्रेष्ठले पनि प्रतिवादीले जबरजस्ती करणी गरेकोमा पीडितको भनाइबाट थाहा पाएको भनी लेखाइदिएको देखियो। यी विवेचित प्रमाणहरूको मूल्याङ्कन र विश्लेषणबाट पीडितको सहमति मन्जुरीमा प्रदिप खत्रीले करणी गरेको नभई जबरजस्ती करणी गरेको नै पुष्टि हुन आएकोले सुरू अदालतको फैसला सदर हुने गरी भएको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७४।७।२८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामाकान्त यादव

कम्प्युटर: सुप्रभा अर्याल

इतिसंवत् २०७६ साल मङ्सिर २४ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** ०७१-RB-०२६२, आयकर (आ.व.०६३ / ०६४), ठुला करदाता कार्यालय, हरिहरभवन ललितपुर वि. बाबाभेजिटेबल आयल इन्डष्ट्रिज प्रा.लि, टंकिसिनवारी मोरङ

करदाता कम्पनीले उद्योग विभागको मापदण्डअनुसार वनस्पति घिउको उत्पादन गर्दा प्रति १०० के.जी.मा ९२.२ देखि ९४.२ kg घिउ, ३.५ देखि ५.५ किलो By product र २.३ के.जी. जर्ती जाने भन्ने सामान्य Norms भए पनि आ.व. २०६३/०६४ मा बढी जर्ती गएको कारण कम उत्पादन भई आम्दानी कम भएकोले आयकर कम लाग्ने हो भन्ने कम्पनीको तर्कलाई हेर्दा त्यसका लागि करदाता कम्पनीले अर्थ मन्त्रालयले मिति २०६२।६।२० को निर्णयानुसार वास्तविक जर्तीलाई मान्यता दिने निर्णय गरेको भन्ने आधार देखाइएको छ । ठुला करदाता कार्यालयले करदाता कम्पनीको के कति वास्तविक जर्ती गएको हो सोतर्फ कुनै वस्तुनिष्ठ र ठोस अनुसन्धान नै नगरी वस्तुगत कुराहरू नबुझी वा आधार कारण नहेरी वास्तविक बढ्ता गएको जर्तीलाई मान्यता नै नदिएको देखियो ।

जर्ती सामान्य Loss हो । Loss को मात्रा विभिन्न कारणले सामान्य नियमको भन्दा फरक हुन सक्छ । यो अत्यधिक वा अचाक्ली मात्रामा High / low भएको देखिएको छ, छैन ? सामान्य जर्तीको मान्यताको Level को अनुपातमा नै तोकिएको मापदण्ड स्तरमा नै सामान्य मात्रामा फरक परेकोसम्म छ, छैन ? भन्ने अवस्थालाई विचार गरी न्यायोचित निर्णय लिनुपर्नेमा ती अवस्था विचार नभएको भन्ने देखिन्छ । वास्तवमा ती कुराहरूको वस्तुनिष्ठ विश्लेषण नै नगरी वास्तविक जर्तीलाई मान्यता नै नदिने भन्न नमिल्ने ।

अतः माथि विवेचित तर्क र आधार प्रमाणहरूबाट बाबा भेजिटेबल आयल इन्डष्ट्रिज प्रा.लि.को आ.व.२०६३/०६४ को आयकर निर्धारण बदेशको सम्बन्धमा ठुला करदाता कार्यालय र आन्तरिक राजस्व विभागको निर्णय उल्टी गरी राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०६८।८।२८ मा भएको फैसला मनासिव नै रहेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामाकान्त यादव

इति संवत् २०७६ साल जेठ २० गते रोज २ शुभम् ।

यसमा यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- ०७१-RB-०२६३, मूल्य अभिवृद्धि कर, ठुला करदाता कार्यालय, हरिहरभवन ललितपुर वि. बाबा भेजिटेबल आयल इन्डस्ट्रिज प्रा.लि. टंकिसिनवारी मोरङ
- ०७१-RB-०२६४, आयकर, ठुला करदाता कार्यालय, हरिहरभवन ललितपुर वि. बाबा भेजिटेबल आयल इन्डस्ट्रिज प्रा. लि. टंकिसिनवारी मोरङ
- ०७१-RB-०२६५, मूल्य अभिवृद्धि कर, ठुला करदाता कार्यालय, हरिहरभवन ललितपुर वि. बाबा भेजिटेबल आयल इन्डस्ट्रिज प्रा.लि. टंकिसिनवारी मोरङ

## इजलास नं.११

१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७५-CR-००७३, वैदेशिक*

*रोजगार कसुर, नेपाल सरकार वि. किपा शेर्पा*

यसका अतिरिक्त प्रतिवादीले गरिदिएको भनिएको लिखतमा वैदेशिक रोजगारमा पठाउनका लागि नै रकम र पासपोर्ट लिएको भन्ने तथ्य भरपर्दो प्रमाणबाट पुष्टि हुन आएन । वैदेशिक रोजगारीमा पठाउने प्रयोजनका लागि रकम लिएको तथ्य स्थापित नभएको र जाहेरवालाले व्यवहार वैदेशिक रोजगारको होइन घरायसी लेनदेनको हो । कागज मात्र वैदेशिक रोजगारको गरिएको हो। मैले पाउनुपर्ने सम्पूर्ण रकम पाइसकेको छु भनी जाहेरवालाले अदालतसमक्ष बकपत्र गरिदिएको स्थितिमा अभियोग दाबीबमोजिम प्रतिवादीले फौजदारी दायित्व (Criminal Liability) बेहोर्नुपर्ने अवस्था नदेखिँदा वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने गरी भएको फैसला अन्यथा मान्नुपर्ने अवस्था आएन। वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला मिलेको देखिन आएकोले अभियोग माग दाबीबमोजिम नै प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, उपर्युक्त आधार, कारण र प्रमाणहरूसमेतबाट प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने र जाहेरवालालाई झुट्ठा प्रमाण खडा गरी मुद्दा चलाएबापत साबिक मुलुकी ऐन, दण्ड सजायको महलको १८ नं. ले तजविजी रू.५,०००।- (पाँच हजार रूपैयाँ) जरिवाना हुने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७४।१२।१३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७८ साल असार २५ गते रोज ६ शुभम्।

## २

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७६-CR-१९०५, कर्तव्य ज्यान, नेपाल सरकार वि. प्रेमसिंह गोले (तामाङ)*

प्रतिवादीउपरको अभियोग दाबी स्थापित हुन सक्ने अवस्था नदेखिए तापनि मिसिल संलग्न जाहेरी दरखास्तलगायतका कागजातहरूबाट वारदात हुँदाको अवस्थामा प्रतिवादी प्रेमसिंह गोले तामाङसमेत घटनास्थलमा उपस्थित रहेको देखिन्छ । मिति २०६३।०४।२८ गते साँझ हिले जात्रा हेर्ने क्रममा प्रतिवादी प्रेमसिंह गोले तामाङले दोर्जे तामाङको खुट्टा कुल्चिदिएको निहुँमा वादविवाद सुरू भएको देखिए पनि यिनै प्रतिवादीको साथमा रहेका सहअभियुक्त नरल तामाङले मृतक सूर्यबहादुरको पेटमा खुकुरी प्रहार गर्दा निजको मृत्यु भएको देखिन्छ तर सो वारदात हुँदा यी प्रतिवादी मृतक सूर्यबहादुर तामाङको ज्यान मार्ने कार्यमा प्रत्यक्षरूपमा संलग्न रहेको भन्ने देखिँदैन । निजले मृतकको ज्यान मार्नमा कुनै किसिमबाट हतियारको चोट छाडेको, पक्री समाती दिएको, अन्य कुनै तवरले सहयोग पुऱ्याएको भन्ने देखिँदैन। तथापि यी प्रतिवादी प्रेमसिंह गोले तामाङ घटनास्थलमा उपस्थित रहेको भन्ने देखिने।

तसर्थ, उपर्युक्त आधार, कारण र प्रमाणहरूसमेतबाट प्रत्यर्थी प्रतिवादी प्रेमसिंह गोलेलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम १।१।२५ (एक वर्ष

एक महिना पच्चिस दिन) कैद ठहरी सुरू दोलखा जिल्ला अदालतबाट मिति २०७३।१२।०२ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७६।०३।०२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७८ साल असार २५ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७५-CR-१५९७, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. अमरबहादुर थापा*

प्रतिवादीले गरिदिएको भनिएको लिखतमा वैदेशिक रोजगारमा पठाउनका लागि नै रकम र पासपोर्ट लिएको भन्ने तथ्य भरपर्दो प्रमाणबाट पुष्टि हुन आएन । वैदेशिक रोजगारीमा पठाउने प्रयोजनका लागि रकम लिएको तथ्य स्थापित नभएको र पाउनुपर्ने सम्पूर्ण सावाँ तथा ब्याज रकम फिर्ता पाइसकेको छ, रकम छिटो प्राप्त गर्नका लागि भिजिट भिसाका कागजातहरू पेस गरी जाहेरी दिएको हो । निजले वैदेशिक रोजगारमा पठाउन भनी रकम लिएका होइनन् भनी जाहेरवालाहरूले अदालतसमक्ष बकपत्र गरिदिएको स्थितिमा अभियोग दाबीबमोजिम प्रतिवादीले फौजदारी दायित्व (Criminal Liability) बेहोर्नुपर्ने अवस्था नदेखिँदा वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने गरी भएको फैसला अन्यथा मान्नुपर्ने अवस्था आएन। वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला मिलेको देखिन आएकोले अभियोग माग दाबीबमोजिम नै प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

लिखतमा वैदेशिक रोजगार उल्लेख हुँदैमा कसुर ठहर गर्न मिल्ने नदेखिँदा वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला मिलेको देखिन आएकोले प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, उपर्युक्त आधार, कारण र प्रमाणहरूसमेतबाट प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने र जाहेरवालाहरूलाई झुट्टा प्रमाण खडा गरी मुद्दा चलाएबापत साबिक मुलुकी ऐन, दण्ड सजायको महलको १८ नं. ले जनही तजबिजी रू.५,०००।- (पाँच हजार रूपैयाँ) जरिवाना हुने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७५।०५।१९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७८ असार २५ गते रोज ६ शुभम्।

## इजलास नं.१२

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७२-CI-१७९३, बकसपत्र लिखत बदर गरी अंश नामसारी, निर्मला श्रेष्ठ (मल्ल) वि. श्रीमती नन्दा मल्लसमेत*

कमला मल्ल प्रतिवादी भैरवबहादुर श्रेष्ठ

(मल्ल) को जेठी श्रीमती र पुनरावेदक प्रतिवादी निर्मला श्रेष्ठ (मल्ल) कान्छी श्रीमती भएको कमला मल्लको अघिल्लो श्रीमान्‌को तर्फबाट नविन र दिलिपको जन्म भएकोमा प्रतिवादी भैरवबहादुरको तर्फबाट वादी प्रभातकुमार र अरूणको जन्म भएको हो । पुनरावेदक प्रतिवादी निर्मला श्रेष्ठको तर्फबाट कुनै जायजन्म भएको छैन । प्रतिवादी निर्मला श्रेष्ठ वादी प्रभातकुमार मल्लको कान्छीआमा भएको र निज वादी प्रभातकुमारको मृत्युपश्चात् निजको पत्नी नन्दा मल्ल तथा छोरा पवन मल्लले प्रस्तुत मुद्दा सकार गरेको देखिन्छ । उपर्युक्तमध्ये स्वर्गीय भैरवबहादुर मल्ल, निजको जेठी श्रीमती स्वर्गीय कमला मल्ल, कान्छी श्रीमती निर्मला मल्ल, प्रभात मल्ल र अरूणकुमार मल्लबिच मिति २०४६।८।२३ मा र.नं.२३९९ बाट भएको बन्डापत्रमा वादी प्रभातकुमारले नगद लिई र अरू अंशियारहरू कमला, अरूण तथा प्रतिवादी भैरवबहादुरले अचल सम्पत्ति बन्डा छुट्टाएको देखिन्छ । सो बेहोरालाई थप पुष्टि हुने गरी मिति २०४८।२।३१ मा कमला मल्लले आफ्ना छोराहरू नविनकुमार, दिलिप, प्रभातकुमार र अरूणलाई शेषपछिको बकसपत्र लिखतमा **"मेरो पति, म एवं सबै छोराहरू छुट्टी भिन्न भएको"** भन्ने बेहोरा उल्लेख रहेको देखिन्छ । कमला मल्लको मृत्यु मिति २०४८।१२।६ मा भएपछि निजका छोराहरूले मिति २०४८।१२।२३ मा नामसारी गरिपाउँ भनी दिएको निवेदनको कैफियतमा **आमा कमला मल्लले मिति २०४८।२।३१ मा यसै कार्यालयको र.नं.९५४७ हामी छोराहरूलाई शेषपछिको बकसपत्र पास गरिदिएकोले पारित शेषपछिको बकसपत्रअनुरूप दाखिल खारेज नामसारी गरिपाउँ** भनी निवेदन दिएकोमा मालपोत कार्यालय, रूपन्देहीबाट मिति २०४८।१२।२३ मा नविनकुमार, दिलिपकुमार, प्रभातकुमार र अरूणकुमारका नाउँमा संयुक्त नामसारी भएको देखिन्छ । मिति २०४८।२।३१ मा यी वादीको आमा कमलाले शेषपछिको बकसपत्र गरिदिँदा आफू र छोराहरू तथा पतिबिच अंश भइसकेको बेहोरा उल्लेख गरी बकसपत्र गरिदिएको देखिन्छ । वादी प्रभातकुमारले २०४६ सालको बन्डापत्रको लिखतलाई बदरतर्फ समयमै दाबी नगरी स्वीकार गरी बसेको देखिन्छ । आमा कमलाले अंशबापत प्राप्त गरेको सम्पत्ति वादीले बकसपत्रबाट प्राप्त गरिसकेपछि पुन: बन्डा भई अलग बसेका बाबुको र सौतेनी आमाको सम्पत्ति प्राप्त गर्ने मनसायले वादीले प्रस्तुत फिराद दायर गरेको देखिन आउँछ । उक्त मिति २०४६।०८।२३ को बन्डापत्रमा यी वादीको मन्जुरी नभएको भए तत्काल बदर गर्नेतर्फ कारबाही चलाउनुपर्नेमा सो बन्डापत्रलाई स्वीकार गरी बसेको देखिन्छ । साथै वादी प्रभातकुमार मल्ल, दिलिपकुमार मल्ल, अरूणकुमार मल्ल प्रतिवादी नविनकुमार मल्लको हकमा बिमला मल्ल भएको २०५५ सालको दे.नं.१७७९ को अर्को अंश नामसारी मुद्दामा **"बाबु भैरवबहादुर मल्ल आफ्नो अंश लिई अलग भइसक्नु भएको छ बाँकी हामी चार भाइ सगोल बसी आएका छौं अंश पाउँ"** भनी दाबी गरेको मुद्दामा अंश लिने दिने गरी मिति २०५६।१।२२ मा रूपन्देही जिल्ला अदालतबाटै मिलापत्र गरी आएको देखिन्छ । उक्त अंश मुद्दामा पक्षसमेत रहेका यस मुद्दाका वादी प्रभातकुमार मल्लले भैरवबहादुर आफ्नो अंश लिई छुट्टिएको भन्ने तथ्य त्यतिबेला नै लेखी भैरवबहादुरलाई प्रतिवादी नै नबनाई मुद्दा दिएको देखिन्छ । यी वादी प्रस्तुत मुद्दामा भैरवबहादुरसँग आफू सगोलमा रहेको भनी गरेको दाबी प्रमाण ऐन, २०३१ को

दफा ३४ मा उल्लिखित विबन्धनको कानूनी व्यवस्थाविपरीत देखिन्छ । एकपटक कुनै कुरा हो भनी स्वीकार गरी पछि सोही कुरा होइन भनी भन्न नमिल्ने हुँदा यी वादी र प्रतिवादी भैरवबहादुरबिच अंशबन्डा भएको होइन भनी मान्न मिल्ने नमिल्ने ।

वादी प्रभातकुमार मल्ल, बाबु प्रतिवादी भैरवबहादुर मल्ल र आमा स्व. कमला मल्लतर्फबाट नै जन्मेका छोरा हुन् । मिति २०४६।८।२३ मा र.नं. २३९९ बाट पारित बन्डापत्र भैरवबहादुर मल्ल स्व. कमला मल्ल र छोराहरू प्रभातकुमार र अरूण मल्लबिच भएकोमा छोरा प्रभातकुमारले गाडी र नगद लिई अलग भई बस्ने र अन्य अंशियारले आ-आफ्नो अंश भाग लिई छुट्टिएको अवस्था रहेको देखिन्छ । उक्त पारित बन्डापत्रमा अंशियार हुने यी वादीले गाडी र केही नगद लिएर अलग भएको भन्ने बेहोरा उल्लेख भए पनि सो बन्डापत्रमा यी वादीको हस्ताक्षर एवं सही नभएको कारणले यी वादीको अंश भागको हक प्राप्त गरे वा गरेनन् ? भन्ने सम्बन्धमा निश्चय पनि कानूनत: प्रश्न उठाउने ठाउँ रहेको छ । तर, २०४६ सालमा नै दायर भएको यी वादी प्रभातकुमारसमेत वादी र प्रतिवादी नविनकुमार भएको दे.नं. १७७९ नं. को अंश नामसारी मुद्दाको फिरादमा बाबु भैरवबहादुर मल्ल र स्व. आमा कमला मल्ल आफ्ना अंश लिई अलग भइसक्नुभएको बेहोरा उल्लेख भएको र सोलाई नै स्वीकारी उक्त अंश नामसारी मुद्दामा अंश लिने दिने गरी मिति २०५६।१।२२ मा मिलापत्र गरेका र सो मिलापत्र अन्तिम भएर बसेको अवस्था छ । यसैगरी २०६७ सालको दे.पु.नं.१७१० को बकसपत्र बदर अंश नामसारी मुद्दामा यी वादी प्रभातकुमारकी श्रीमती नन्दा मल्लले उक्त २०४६ सालको बन्डापत्रलाई बदर गरिपाउँ भन्नेतर्फ दाबीसमेत लिन सकेको छैन। आमा स्व. कमला मल्लले मिति २०४८।२।३१ मा यी वादीसमेतका छोराहरूलाई गरिदिएको बकसपत्रको बेहोरामा पनि पति भैरवबहादुर र सबै छोराहरूलाई छुट्टी भिन्न भइसकेको भनी उल्लेख गरेका यी सबै कागज प्रमाणहरूले यी वादीका बाबु प्रतिवादी भैरवबहादुर मल्ल विधिवत् एवं कानूनी रूपमा साबिकमा नै अलग भएको भन्ने तथ्य पुष्टि हुन आउँछ । उपर्युक्त तथ्यले वादी प्रभातकुमारले बाबु भैरवबहादुर मल्ल साबिक २०४६ सालमा नै आफ्नो अंश भाग लिई अलग बसेको तथ्यलाई स्वीकारिसकेको अवस्था छ । अदालतसमक्ष आफैँले सहीछाप गरी आफ्नैतर्फबाट पेस भएको फिरादपत्र र सोमा मिलापत्रको लागि दुवै पक्षको तर्फबाट भएको संयुक्त निवेदनले अदालतबाट तयार भएको मिलापत्रमा बाबु भैरवबहादुर मल्ल साबिकमा नै आफ्नै अंश लिई अलग भइसक्नुभएको भन्ने तथ्यगत बेहोराले स्वीकारिसकेको हुँदा यसरी पक्षले आफैँले स्वीकारे र उल्लेख गरी अदालतबाट पेस गरेको कागजविपरीत जान कुनै पनि पक्षलाई प्रमाण ऐन, २०३१ को दफा ३४ ले विबन्धित बनाउँछ । मुद्दाका पक्षले कुनै लिखतबाट व्यक्त गरेको भनाइबाट प्रमाण ऐन, २०३१ को दफा ३४ बमोजिम विबन्धित हुने भनी यस अदालतबाट धेरै मुद्दाहरूमा सिद्धान्तहरू प्रतिपादन भएका छन् । दृष्टान्तको रूपमा हेर्दा, निवेदक / वादी देवेन्द्र शमशेर ज.ब.रा. विरूद्ध विपक्षी / प्रतिवादी लिला शमशेर ज.ब.रा.समेत रहेको लिखत बदर मुद्दा (ने.का.प. २०४५, अङ्क ८, नि.नं. ३५३६) मा "छुट्टिई भिन्न भइसकेको कुरा लिखित रूपले स्वीकार गरिसकेकोमा अब आएर आफू एकासगोलको भनी भन्न प्रमाण ऐन, २०३१ को दफा ३४ ले विबन्धन लाग्ने । एकपटक स्वीकार गरिसकेको तथ्यलाई

अस्वीकार गर्न नपाउने । एकासगोलमा सँग नबसी छुट्टिई भिन्न भई बसेकाको मन्जुरीको लिखत नभएमा पनि अचल सम्पत्ति बिक्री गरेको वा अरू कुनै किसिमले हक छाडिदिएको व्यवहार पक्का हुने ।" भनी यस अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भएको छ । पुनरावेदक / वादी अब्दुल हक विरूद्ध प्रत्यर्थी / प्रतिवादी अब्दुल करिम रहेको अंश चलन मुद्दा (ने.का.प.२०७६, अङ्क ४, नि.नं.१०२३६) मा अंशियारले अंश मुद्दाको रोहमा अदालतमा पेस गरेको कुनै पनि कागजलाई स्वीकार गरेको अवस्थामा आफूले सहीछाप गरी पेस गरेको त्यस्तो कागजले कानूनी रूपले मान्यता पाउने भन्ने दृष्टिकोणबाट सिद्धान्त प्रतिपादन भएको देखिन्छ । उपर्युक्त मुद्दाहरूमा प्रतिपादित सिद्धान्तहरूबाट पनि वादी प्रभातकुमार मल्लले प्रतिवादी बाबु भैरवबहादुर मल्ल आफ्नो अंश भाग लिई अलग भई बसेको भनी तथ्य उल्लेख गरी आफैँले नै २०४६ सालमा दिएको अंश मुद्दा र सोको मिति २०५६।१।२२ मा भएको मिलापत्रमा स्वीकार गरिसकेपछि यी वादीलाई अब उक्त आफ्नै भनाइ एवं स्वीकारोक्तिबाट युटर्न हुन प्रमाण ऐन, २०३१ को दफा ३४ ले अनुमति नदिने।

प्रतिवादी निर्मला मल्ललाई पति भैरवबहादुर मल्लले मिति २०५०।८।२९ मा रूपन्देही, बुटवलको कि.नं.९४७ को जग्गालाई हालैको बकसपत्र र मिति २०६७।२।२६ मा काठमाडौं, धापासीको कि.नं.४८२ को जग्गालाई शेषपछिको बकसपत्र पारित गरिदिएउपर यी वादीहरूले ती दुवै कित्ता नं.को जग्गामा मात्र सीमित रहेर प्रस्तुत बकसपत्र लिखत बदर र अंश नामसारीको मुद्दा एउटै फिरादको माध्यमबाट दायर भएको देखिन्छ । उक्त कि.नं. को जग्गा पिता भैरवबहादुर मल्लले यी वादीसहित अन्य अंशियारबाट मिति २०४६।८।२६ मा पारित बन्डापत्रबाट अलग भएपछि खरिद गरेको अवस्था देखिन्छ। पारित बन्डापत्रबाट अलग भएपछि खरिद गरेको सम्पत्ति कानूनतः छुट्टी भिन्न भएका अन्य अंशियारको विरूद्धमा उक्त सम्पत्ति कानूनतः आफूखुस गर्न पाउने हुँदा उक्त रूपन्देही, बुटवल नगरपालिका वडा नं.८(क) को कि.नं. ९४७ को बिगाहा ०-०-८ जग्गा र काठमाडौंको धापासी गाउँ विकास समिति वडा नं.७(क) कि.नं.४८२ को रोपनी ०-३-०-० जग्गा र सोमा रहेको घर प्रतिवादी भैरवबहादुर मल्लले आफूखुसी गर्न पाउने सम्पत्तिको प्रकृतिमा पर्ने देखिने।

मिति २०४८।२।३१ को शेषपछिको बकसपत्र लिखत गरिदिने आमा कमला मल्लले उक्त लिखतमा पति भैरवबहादुर र सबै छोराहरू छुट्टी भिन्न भइसकेको बेहोरा खुलाउनुको साथै यी वादीहरू नै वादी प्रतिवादी भई चलेको अघिल्लो २०५५ सालको दे.नं.१७७९ को अंश नामसारी मुद्दामा मिति २०५६।१।२२ मा रूपन्देही जिल्ला अदालतबाटै मिलापत्र गर्दा बाबु भैरवबहादुर मल्लसँग पहिले नै छुट्टी भिन्न भएको भन्ने तथ्य स्वीकार गरिसकेको अवस्था देखिएकोले अब यी वादीले प्रस्तुत मुद्दामा आफू भैरवबहादुर मल्लको सगोलको अंशियार हुँ भनी भन्न प्रमाण ऐन, २०३१ को दफा ३४ बमोजिम निज विबन्धित हुने देखियो। वादी प्रतिवादीका बिच २०४६ सालदेखि मानो चुलो अलग गरी बसेको कुरामा मिति २०४६।०८।२३ को बन्डापत्रबाट देखिएको हुँदा प्रतिवादी भैरवबहादुर र यी वादीहरू विधिवत् कानूनी रूपमा नै छुट्टी भिन्न भइसकेपछि प्रतिवादी भैरवबहादुरले कानूनबमोजिम आफूखुसी गर्न पाउने आफ्नो अंश

हक लाग्ने सम्पत्ति प्रतिवादी निर्मला श्रेष्ठलाई बकसपत्र गरिदिएको लिखतको सम्पत्तिबाट अंश भाग लगाउने गरी भएको सुरु जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत बुटवलको फैसला त्रुटिपूर्ण देखिने।

वादीले आफ्नो अंश भागको सम्पत्ति मिति २०४६।८।२३ र.नं. २३९९ को पारित बन्डापत्रबाट आफ्नी आमा स्व. कमला मल्लले कानूनी रूपमा प्राप्त गरेको अंश भागको सम्पत्तिसमेत नामसारी गराई अन्य व्यक्तिलाई बिक्री गरिसकेकोसमेतका आधारबाट यी वादी र प्रतिवादीहरू एक अर्काबिच कानूनबमोजिम र साथै व्यवहार प्रमाणबाट पनि साबिकमा नै छुट्टी भिन्न भइसकेको देखिँदा तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिबाट वादीले ४ भागको १ भाग अंश लिन पाउने ठहर गरी सुरु रूपन्देही जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।४।१९ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई बकसपत्र बदर गरी अंश पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्ने।

इजलास अधिकृत: अनु याकामी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल पौष १५ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७२-CI-१७९४, बकसपत्र लिखत बदर गरी अंश नामसारी, निर्मला श्रेष्ठ मल्ल वि. नविनकुमार मल्ल भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** *०७४-CR-०५१३, झुट्टा एवं नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको, राजेन्द्र पौडेल वि. नेपाल सरकार*

प्रतिवादीले बयानको क्रममा निवेदनसाथ पेस गरेको आई.ए.III Division मा पास गरेको प्रमाणपत्र र अनुसन्धानको क्रममा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पेस गरेको प्रमाणपत्रको फोटोकपीसमेत राखी पुनः प्रमाणीकरणको लागि अदालतमार्फत माग गरेकोमा विशेष अदालतबाट उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमीमार्फत प्रमाणीकरणको लागि पठाउने आदेश भई जाँच हुँदा राष्ट्रिय परीक्षा बोर्डको च.नं.२९ मिति २०७४।१।१५ को पत्रबाट "वर्ष १९८६ रोल कोड PA-4, enlistment V-9374184 बाट रूजु गर्दा अपुष्टित Not verified कम्प्युटर तथा नतिजा अभिलेखमा कुनै रेकर्ड नभेटिएको" भन्ने बेहोराको जवाफ प्राप्त भएको देखिन्छ । अनुसन्धानको क्रममा पनि सोही प्रमाण पत्र उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी, भक्तपुरमार्फत विहार इन्टरमिडिएट एजुकेसन काउन्सिल पटना भारतमा प्रमाणीकरणका लागि लेखी पठाउँदा उक्त शिक्षा परिषद्बाट दिनाङ्क ३०-१२-०८ पत्राङ्क BSEB (SS/DS/UER 1982/2008) साथ प्रमाणीकरण विवरणको सि.नं. ७ मा परीक्षा इन्टर वर्ष सन् १९८६ अनुक्रमाङ्क PA/04, छात्र / छात्राका नाम राजेन्द्र पौडेल, पिताको नाम लोकबहादुर पौडेल योग ३१९ श्रेणी III को सम्बन्धमा “कोड पटना कलेजका नाम सरला सत्यनारायण कलेज मधुवनी ऐसा नही हो सकता है” उल्लेख भई आउँदा शिक्षा परिषद्को मिति २०६५।१२।२ प.सं. ६५।६६ च.नं.१५६४ को पत्रसाथ आयोगबाट पुनः प्रमाणीकरणको लागि पठाइएकोमा उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी, भक्तपुरको प.सं.०७०।७१ र मिति २०७१।३।१९ च.नं.१८३ मा उल्लिखित

विवरणअनुसार परीक्षार्थीको नाम राजेन्द्र पौडैल परीक्षा IA वर्ष १९८६ PA-4 सम्बन्धमा विहार इन्टरमिडिएट एजुकेसन काउन्सिल पटनाबाट Not Verified भनी लेखी प्राप्त हुन आएको देखिने।

निजले पुनरावेदन जिकिरमा पनि उक्त प्रमाण पत्र सही सक्कली हो । एक पटक पुनः प्रमाणीकरण गरी न्याय पाउन माग गरेको देखियो तर निजले कुनै फरक बेहोराको कागजात पेस गरेको देखिएन । पटकपटक सम्बन्धित आधिकारिक निकायबाट "वर्ष १९९६ रोल कोड PA-4, enlistment V-9374184 बाट रूजु गर्दा अपुष्टित Not verified कम्प्युटर तथा नतिजा अभिलेखमा कुनै रेकर्ड नभेटिएको" भन्ने जवाफ प्राप्त भएकोले उही हुबहु प्रमाण पत्र जँचाउन माग गरेको अवस्थामा फरक बेहोराको कागजात पेस नभएसम्म सोही पटकपटक प्रमाणित भइसकेको प्रमाण पत्र पुनः प्रमाणीकरणको दाबी लिएकै भरमा प्रमाणीकरण गराउन मिल्ने नदेखिने।

यी पुनरावेदकले बिमा समितिको शाखा अधिकृत पदको सेवा प्रवेश गर्न २०५७ सालमा उक्त आई.ए. तहको शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरेको देखिँदा उक्त दिनाङ्क ३०-१२-०८ पत्राङ्क BSEB (SS/DS/UER 1982/2008) साथ प्रमाणीकरण विवरणको सि.नं. ७ मा परीक्षा इन्टर वर्ष सन् १९८६ अनुक्रमाङ्क PA/04, छात्र/छात्राका नाम राजेन्द्र पौडेल, पिताको नाम लोकबहादुर पौडेल योग ३१९ श्रेणी III को प्रमाण पत्र नक्कली नै रहेको देखिने।

पुनरावेदक प्रतिवादी राजेन्द्र पौडेलले उक्त शैक्षिक योग्यताको प्रमाण पत्र पेस गरी बिमा समिति पदमा लाभ लिएकोमा कुनै विवाद देखिँदैन। निजले समेत सो कुरा स्वीकार नै गरेको देखिन्छ। निजको उक्त कार्य साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ बमोजिमको कसुर रहेको पाइने।

तसर्थ, पुनरावेदक प्रतिवादी राजेन्द्र पौडेलले आई.ए. तहको नक्कली बेहोराको शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ बमोजिमको कसुर गरेको भनी सोही ऐनको दफा २९(२) बमोजिम रू.५००।- जरिवाना हुने ठहऱ्याएको विशेष अदालत काठमाडौंको मिति २०७४।३।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : रामाकान्त यादव

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७६ साल माघ १४ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** *०७५-WO-१२२८, उत्प्रेषण, सागर झा वि. बारा जिल्ला अदालतसमेत*

प्रतिवादी रिट निवेदक सागर झालाई बारा जिल्ला अदालतबाट मिति २०७१।२।१८ मा रहजनी चोरी मुद्दामा चोरी महलको १४(३) नं. बमोजिम कैद जरिवाना भई अन्तिम भएर बसेको छ। निज फरार रही मिति २०६५।९।१ मा पक्राउ परेकोले मिति २०७५।९।२ मा कैदी पुर्जी दिई कैदमा पठाइयो। कैदमा राख्दा चोरी महलको १४(३) नं. बमोजिम रहजनी चोरी कानूनमा रहेको तत्कालीन विशेष कानूनी व्यवस्थाबमोजिम फैसलामा नै उल्लेख भएअनुसार रू. २ लाख जरिवानाबापत समेत कैद हुने गरी कैद ठेकेको देखिन्छ। तत्कालीन चोरी १४(३) अनुसार रहजनी चोरी ठहर भएमा भएको जरिवानाबापत समेत कैदमा नै अनिवार्यतः बस्नुपर्ने तत्कालीन व्यवस्था रहेको देखिन्छ । तर रू. २ लाख जरिवानाबापत के कति दिन कैद

बस्नुपर्ने भन्ने विषय निक्र्यौल गर्नुपर्ने देखिएको छ । यी प्रतिवादीलाई रहजनी चोरीबापत सम्पूर्ण कैदको हिसाब गर्दा तत्कालीन कानूनी व्यवस्था मुलुकी ऐन, २०२० चोरी महलको १४(३) र जरिवानाबापत कैद हिसाब गर्दा द.स.को ५३ नं. ले ४ वर्ष गरी ४ वर्ष २ महिना हुने देखिन्छ । जसमा २२ दिन थुनामा बसी १ महिना ८ दिन कैद बाँकी र जरिवानाबापत कैद बाँकी रहेको देखिने ।

निजउपर २०६९ सालमा रहजनी मुद्दा चली २०७१।२।१८ मा फैसला भएको छ । त्यो समयमा मुलुकी ऐन, २०२० को चोरी महलको १४(३) र द.स.को ५३ नं. प्रचलनमा थियो । निज मिति २०७५।९।१ मा पक्राउ परी मिति २०७५।९।२ बाट कैदी पुर्जी पाएको देखिन्छ । उक्त समयावधिको बिचमा मिति २०७४।५।१ मा मुलुकी ऐन, २०२० लाई खारेज हुने गरी मुलुकी फौजदारी संहिता, २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लागु भएको छ । उक्त कानूनको साथमा केही कानूनलाई संशोधन गर्न नेपाल कानूनलाई संशोधन एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ पनि लागु हुने ।

उक्त केही नेपाल कानूनलाई संशोधन एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ ऐनको दफा ३९ ले खारेजी र बचाउनको व्यवस्था गरेको छ । दफा (२) उपदफा (१) बमोजिम खारेज भएका कानूनबमोजिम यो ऐन प्रारम्भ हुँदाका बखत प्रारम्भ भएको वा भइसकेको देहायका काम कारबाहीको सम्बन्धमा देहायबमोजिम हुने छ । (क) कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको मुद्दा जुनसुकै तहमा भए पनि सोही अदालतबाट त्यस्तो कानूनअन्तर्गतको नै कार्यविधि अवलम्बन गरी कारबाही र किनारा हुने छ । (ख) कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ । तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ । (ग) कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन नै हुने छ । तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने छ । मुलुकी द.स.को ५३ मा जरिवानाबापत कैदको हिसाब गर्दा प्रतिदिनको रू. २५।– का दरले हिसाब गरिने कानूनी व्यवस्था देखिन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६४ र १६५ मा सरकारी बिगो / जरिवाना र निजी बिगो वा क्षतिपूर्तिबापत कैद हिसाब गर्दा प्रतिदिनको रू. ३००।– का दरले हिसाब गरिने कानूनी व्यवस्था रहेको देखिने ।

मुलुकी कार्यविधि संहिता, २०७४ को दफा १५५(३) को कानूनी प्रावधानले दफा १५५(३) ले १ वर्षभन्दा कम कैद सजाय भएको व्यक्तिलाई कैदबापत रकम तिर्न सक्ने गरी अदालतले आदेश दिन सक्ने व्यवस्था रहेको देखिन्छ । सो प्रावधानसँग मेल नखाने निजका माग दाबी रहेको देखिन्छ । निजलाई भएको सजायको हिसाब हेर्दा १ वर्षभन्दा बढी कैद हुने देखिन्छ । उक्त जिकिर यसरी निवेदकले दफा १५५ (३) बमोजिम १ वर्षभन्दा कम सजाय भएको भन्ने कानूनको आधारमा कैदलाई रकममा परिणत गर्ने माग गरेकोमा हकमा मात्र कानून आकर्षित हुने देखिँदैन । निजको फैसला

पहिलेको कानूनले सजाय निर्धारण गरी अन्तिम भई कार्यान्वयन हुन मात्र बाँकी रहेकोले जरिवानाबापत कैद नै हुन्छ । कैदमा नै रही जरिवानाको भुक्तान गर्नुपर्ने हुन्छ तर जरिवाना रकमलाई कैदमा परिणत गर्दा गणना गर्ने दिनको हकमा नयाँ कानूनबमोजिम हुने ।

तसर्थ, मुलुकी कार्यविधि संहिता, २०७४ को दफा १६४ र १६५ अनुसार प्रतिदिन रू. ३००।– का दरले निजलाई भएको जरिवाना रकमको हिसाब गर्दा दफा १५५(३) अनुसार १ वर्षभन्दा बढीको कैद हुने जाने हुँदा कैदको सट्टा रकम बुझी निजको कैद मुक्त गर्न मिलेन । निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन । तर रिट निवेदकको हकमा कैदमा बस्दा प्रतिदिन रू.२५।– को सट्टा रू. ३००।– का दरले हिसाब गरी जरिवानाबापत कैदमा राख्ने गरी कैदी पुर्जी संशोधन गर्न बारा जिल्ला अदालतको नाममा परमादेश आदेश जारी हुने ठहर्छ । बारा जिल्ला अदालतको मिति २०७५।१०।११ र उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७५।१२।२८ को आदेश उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : रामाकान्त यादव

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७६ साल चैत्र ३ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७४-WO-०४७०, उत्प्रेषण, अधिवक्ता यज्ञमणी न्यौपाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

नेपाल भारत नदी सिमाना भएका क्षेत्रमा पहिलेदेखि कायम भई आएको Fluid Boundary Principle को आधारमा मानी आएको सिमानालाई व्यवस्थित गर्न कठिनाई भएको कारणले मन्त्रिपरिषद्को मिति २०४५/०८/२२ को निर्णयअनुसार नदी सिमाना क्षेत्रमा स्थिर सीमा सिद्धान्त (Fixed Boundary Principle) अर्थात् सुगौली सन्धिलगायतका विभिन्न सन्धि सम्झौतापश्चात् तयार गरिएका सीमासम्बन्धी आधार नक्साहरू (Base Map) मध्ये दुवै देशलाई मान्य हुने आधार नक्साहरूमा उल्लेख भएको नदीलाई नै दुवै देशको सिमाना कायम गर्ने र सो सिद्धान्तबमोजिम नेपाल भारत सीमासम्बन्धी संयुक्त प्राविधिक समिति (JTC) को काठमाडौंमा ६-१० सेप्टेम्बर, १९८८ मा सम्पन्न दशौं बैंठकको दफा ९ मा नेपाल भारत सीमामा पर्ने नदी सिमाना भएको क्षेत्रमा सीमा निर्धारण गर्दा लिइने आधार नक्साहरूको सम्बन्धमा गरेको निर्णयको Annexure G मा उल्लेख भएबमोजिम गर्ने गरी सहमति गरेको देखियो । सोही सहमतिअनुसार सिर्सिया नदी सिमानाको लागि सन् १८८२ मा H.C.B. Tanner द्वारा तयार गरिएको नक्सा नं. ३७ प्रयोग गर्ने भनी उल्लेख भएको र सोही आधार नक्साको आधारमा Strip Map मा सीमारेखा यकिन गर्नुका साथै सीमा स्तम्भहरूको अवस्थामा पनि यकिन गरी प्रत्येक सीमा स्तम्भहरूको दुवै पक्षले मानेको नियामक (Agreed Coordinate) समेत उल्लेख भएकोले उक्त नक्साहरूमा दुवै देशका संयुक्त प्राविधिक समितिका टोली नेता अर्थात् नेपालको तर्फबाट नापी विभागका महानिर्देशक र भारतको तर्फबाट Survey of India का Surveyor General द्वारा सन् २००७ मा संयुक्त रूपमा हस्ताक्षर भएको नापी विभागको लिखित जवाफबाट देखिन आउने ।

सन् २००७ मा JTC को कार्यावधि

समाप्त भएपश्चात् संयुक्त रूपमा नेपाल भारत सीमासम्बन्धी केही कार्य नभएको र विभिन्न समयमा भएको कुटनीतिक प्रयासपश्चात् नेपाल भारत सीमासम्बन्धी बाँकी रहेका कार्यहरू गर्न स्थायी संयन्त्रको रूपमा Boundary Working Group (BWG) गठन भएको देखिन्छ। दुई देशका परराष्ट्र मन्त्री स्तरीय तेस्रो संयुक्त आयोगको २५-२७ जुलाई, २०१४ काठमाडौंमा सम्पन्न बैठकले BWG गठनलाई स्वागत गरी उक्त BWG को पहिलो बैठकले आफ्नो कार्यक्षेत्र निर्धारण गरी छिटो कार्य गर्न निर्देशन दिएबमोजिम १७-१९ सेप्टेम्बर, २०१४ मा काठमाडौंमा सम्पन्न BWG को पहिलो बैठकले आफ्नो कार्यक्षेत्र निर्धारण गरी सो बैठकको निर्णयको बुँदा नं.२ बमोजिम हाल नेपाल भारत संयुक्त सीमा सर्भेक्षण टोली नं. २ बाट नापजाँच गरी वीरगन्जको सिर्सिया क्षेत्रमा कुनै गैरकानूनी कार्य नगरी सन् २००७ को Strip Map मा उल्लेख गरिएका नियमहरूबमोजिम नै सीमा स्तम्भहरू निर्माण गर्ने कार्य गरेको देखिने।

अब, जहाँसम्म निवेदकले सीमासम्बन्धी काम कारबाही गर्ने अधिकार नभएको लिएको निवेदन जिकिर सम्बन्धमा हेर्दा, नेपालको संविधानको धारा ८२ को उपधारा (१) बमोजिमको अधिकार प्रयोग गरी नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले समेत कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयलाई अन्तर्राष्ट्रिय सीमाको नक्साङ्कन, अभिलेख, सीमा स्तम्भहरूको निर्माण, मर्मत सम्भार तथा अभिलेख व्यवस्थापन गर्ने कार्य सुम्पेको र सोहीबमोजिम नै नापी विभागबाट कार्यसम्पादन हुँदै आएको देखिन्छ। दुई देशको बिचको सीमालाई व्यवस्थित एवं यकिन गर्नुपर्ने विषय दुई देशको आपसी सहमति तथा समझदारीबाट यकिन गर्नुपर्ने हुन आउँछ। यस्तो सीमासम्बन्धी संवेदनशील विषयलाई यकिन गर्न दुवै देशका सीमा विज्ञहरूबाट स्थलगत निरीक्षण गराई निजहरूले पेस गरेको प्रतिवेदनसमेतलाई आधार बनाई निष्कर्षमा पुग्नुपर्ने विषय भएकोले यस्तो प्राविधिक प्रतिवेदनसमेतलाई ध्यान दिई यकिन गर्नुपर्ने विषय न्यायिक पुनरावलोकनको रोहबाट निरूपण गर्नुपर्ने विषयभित्र पर्ने देखिन नआउने।

अतः निवेदकले रिट निवेदनमा उल्लेख गरेबमोजिमको वीरगन्ज महानगरपालिका वडा नं.१ सिर्सिया नदी क्षेत्रमा वि.सं. २०२२ सालमा सो समयको सिर्सिया नदीको बहावलाई अन्तर्राष्ट्रिय सिमाना मानी जग्गाधनीले भोगचलन गरेको आधारमा नदीको किनारसम्म नापजाँच गरी कित्ता नक्सा तयार गरी जग्गाधनी प्रमाणपत्र उपलब्ध गराइएको तर नेपाल सरकार तत्कालीन मन्त्रिपरिषद्को मिति २०४५/०८/२२ को निर्णयअनुसार नदी सिमाना क्षेत्रमा स्थिर सीमा सिद्धान्त (Fixed Boundary Principle) अपनाई सुगौली सन्धि तथा सम्झौताका बखतमा तयार भएको आधार नक्सामा उल्लेख भएको नदीको बहावलाई दुई देशको सिमाना कायम गर्ने निर्णय भएबमोजिम तयार गरिएको Strip Map का आधारमा सीमा स्तम्भहरू निर्माण गर्ने कार्य भइरहेको र प्राविधिक रूपमा कुनै पनि त्रुटि भएको नदेखिएकोले रिट निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : लोकबहादुर हमाल

कम्प्युटर : रवि दुवाल

इति संवत् २०७५ साल पुस ४ गते रोज ४ शुभम्।

## इजलास नं.१६

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** ०७६-WH-०२९८, बन्दीप्रत्यक्षीकरण, रामबहादुर थापासमेत वि. जिल्ला प्रहरी कार्यालय, पाल्पासमेत

उल्लिखित कसुरमा अनुसन्धानको लागि यी निवेदकहरूलाई जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट मिति २०७६/११/१५ मा सार्वजनिक नैतिकता विरूद्धको कसुरमा जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ गरेको कुरा मिसिलबाट देखिए पनि लिखित जवाफमा उल्लेख भएका क्रियाकलापहरूमा यी निवेदकहरूको प्रत्यक्ष वा परोक्ष रूपमा संलग्नता रहेको प्रमाण देखाई म्याद थप गर्दाको औचित्यता पुष्टि गर्ने कारण र आधार उल्लेख गर्न सकेको देखिएन । निवेदकहरूले फरक विचार र आस्था राखेकै आधारमा प्रवृत्त भावना लिई बिनाकारण र आधार निवेदकहरूलाई थुनामा राखेको देखियो । नेपालको संविधानको धारा १७ (१) मा "**स्वतन्त्रताको हकअन्तर्गत कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन ।**" भन्ने र सोही धाराको उपधारा (२)(क) मा विचार र अभिव्यक्तिको स्वतन्त्रता भन्नेसमेत व्यवस्थाबाट संविधानतः स्वतन्त्र विचार व्यक्त गर्ने स्वतन्त्रता प्रत्येक नागरिकलाई प्राप्त भइरहेको अवस्थामा अलग विचार र आस्था राखेकै आधारमा निवेदकहरूको थुनालाई संविधान एवम् कानूनसम्मत मान्न नमिल्ने।

यसरी माथि उल्लेख गरिएबमोजिम निवेदकहरूलाई फरक राजनीतिक आस्था र विचार राखेकै कारण बदनियतपूर्वक प्रवृत्त भावना लिई पक्राउ गर्ने कार्य नेपालको संविधान तथा प्रचलित मुलुकी फौजदारी संहिता, २०७४ ले व्यवस्थित गरेको प्रावधानको भावना र मर्मको प्रतिकूल भई यस प्रकारको प्रवृत्तिले स्वेच्छाचारितालाई बढावा दिने र संविधानद्वारा प्रत्याभूत मौलिक हकहरूको प्रचलनमा गम्भीर आघात पुर्‍याएको देखिन आएको।

अत: माथि विवेचित तथ्यगत आधार र कारणसमेतबाट यी निवेदकहरूउपर विभिन्न अदालत एवम् जिल्ला प्रशासन कार्यालयमा लगाइएका मुद्दाहरूमा पुर्पक्षका लागि माग गरिएको धरौट दाखिला गर्नासाथ निवेदकहरूलाई पक्राउ गर्ने र एकपछि अर्को जिल्लामा लगी थुनामा राख्ने गरी चौथो पटकसम्म एकै शैली र प्रकृतिबाट पक्राउ गर्नुपर्ने र थुनामा राख्नुपर्ने विश्वसनीय, उचित र पर्याप्त आधार, कारणबिना निवेदकहरूलाई जसरी पनि थुनामा राख्ने बदनियतसाथ प्रवृत्त धारणा राखी बन्दी बनाई थुनामा राख्ने गरेको विपक्षीहरूको कार्यलाई कानूनसम्मत मान्न मिल्ने नदेखिँदा बन्दी निवेदकहरू रामबहादुर थापा, यामलाल कटुवाल र इन्द्रबहादुर वलीसमेतलाई गैरकानूनी थुनाबाट थुनामुक्त गर्नु भनी नेपालको संविधानको धारा १३३(२) र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ (क) र (ख) बमोजिम विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: दिपेन्द्रनाथ योगी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल फागुन २८ गते रोज ४ शुभम्।